*पहिलो अध्याय*

# शोध परिचय

## १.१ विषय परिचय

नेपाली साहित्याकाशमा उज्ज्वल ताराको रूपमा उदाउन सफल साहित्यकार पारिजात (१९९४-२०५०) बहुआयामिक प्रतिभा सम्पन्न स्रष्टा हुन् । कविता विधाबाट साहित्य यात्रा आरम्भ गरेकी पारिजात उपन्यास, कथा, निबन्ध आत्मसंस्मरण प्रत्येक विधाहरूमा उत्तिकै बेजोड कलम चलाउन सक्ने स्रष्टा हुन् । उनको उत्कृष्ट विधामध्ये निबन्ध विधा पनि हो । उनका निबन्ध सङ्ग्रहहरूमा **आधी आकाश** निबन्ध सङ्ग्रह पनि एक हो । **आधी आकाश** पारिजातको जीवन यात्राको अन्तिम चरण (२०४८) मा प्रकाशित यस सङ्ग्रहमा नारी जातिमाथि हुने गरेको शोषण, उत्पीडन र त्यसले निम्त्याएका जटिल समस्याहरूलाई नै केन्द्रित गरेर शृङ्खलित, सुदृढ र सशक्त रूपमा प्रस्तुत भएको छ । पुरुषप्रधान समाजमा महिला भएकै कारण भोग्नु परेका समस्यालाई उजागर गर्दै हरेक महिलाले सबभन्दा पहिला आफैं भित्रबाट आन्दोलन सुरु गर्नुपर्ने कुरालाई उठाएकी छिन् ।

## १.२ समस्या कथन

पारिजातको **आधी आकाश** निबन्ध सङ्ग्रहको कृतिपरक अध्ययन गर्नु मूल समस्या रहेको प्रस्तुत शोधपत्रका समस्याका निम्नलिखित मूलभूत बुँदाहरू छन् :

(क) पारिजातको रचनाधर्मिता र उनको निबन्धयात्रा कस्तो छ ?

(ख) विधातात्त्विक आधारमा **आधी आकाश** निबन्ध सङ्ग्रहका निबन्ध कस्ता छन् ?

(ग) प्रवृत्तिगत आधारमा **आधी आकाश** निबन्ध सङ्ग्रहका निबन्ध कस्ता छन् ?

(घ) **आधी आकाश** निबन्ध सङ्ग्रहको कसरी मूल्याङ्कन गर्न सकिन्छ ?

## १.३ शोधकार्यको उद्देश्य

समस्या कथनमा केन्द्रित रही विवेच्य कृतिको अध्ययन गरिने हुनाले यस शोधकार्यका निम्न लिखित उद्देश्यहरू रहेका छन् :-

(क) नेपाली निबन्धको सिद्धान्त, परम्परा र विकासक्रम उल्लेख गर्ने,

(ख) पारिजातको साहित्यिक रचनाधर्मिता र उनको निबन्ध यात्राको निरूपण गर्ने,

(ख) विधातात्त्विक आधारमा **आधी आकाश** निबन्ध सङ्ग्रहका निबन्धहरूको अध्ययन गर्ने,

(ग) प्रवृत्तिगत आधारमा **आधी आकाश** निबन्ध सङ्ग्रहका निबन्धहरूको विश्लेषण गर्ने,

(घ) **आधी आकाश** निबन्ध सङ्ग्रहको मूल्याङ्कन गर्ने ।

## १.४ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधकार्य त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्कायअर्न्तगत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्ष नेपाली विषयको ऐच्छिक परिपूर्तिका लागि दसौँ पत्रको प्रयोजनार्थ गरिएको छ ।

## १.५ पूर्वकार्यको समीक्षा

**आधी आकाश** निबन्धको बारेमा यस शोधकार्य पूर्व नै विभिन्न विद्वान्हरूबाट समीक्षा, समालोचना, टीका-टिप्पणी गरिएको पाइन्छ तर यही कृतिमा केन्द्रित भएर समष्टिगत अध्ययन भने भएको छैन । जे-जस्तो भएको छ त्यसलाई यहाँ कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

नयना प्रधान (२०३८) ले पारिजातको कृतित्वको समीक्षाको सन्दर्भमा सङ्क्षिप्त टिप्पणी गरेकी छिन् ।

रमेशचन्द्र रोका (२०४०) ले पारिजातको अन्य विधाहरूको विश्लेषण गर्दा निबन्ध विधाको पनि लघुसमीक्षा गरेका छन् ।

रुद्र खरेल (२०५१) ले **आधी आकाश** निबन्ध सङ्ग्रहभित्रका निबन्धहरूको सामान्य चर्चा गरेका छन् ।

राजेन्द्रप्रसाद अधिकारी (२०५१) ले **आधी आकाश** निबन्ध सङ्ग्रहको सामान्य चर्चा गरेको देखिन्छ तर यस कृतिका सबै निबन्धहरूको विस्तृत र सूक्ष्म अध्ययन भएको पाइँदैन ।

मोहनविक्रम सिंह (२०५१) ले उपन्यास कथा विधाको चर्चा गर्दै जनसाहित्यकारको रूपमा मूल्याङ्कन गर्न खोजेका छन् ।

राजेन्द्र सुवेदी (२०५३) ले वस्तुतथ्यगत आधारमा पारिजातको सृजनाको वृत्तलाई उजागर गरेको पाइन्छ, तापनि उनका निबन्धहरूको सूक्ष्म र विस्तृत अध्ययन अलि कमै देखिन्छ । सुवेदीले पारिजातको सिङ्गो रचनाधर्मितालाई समेटेको हुनाले पनि उक्त कृतिमा निबन्धात्मक प्रवृत्तिको सरल विश्लेषण पाइन्छ ।

रामप्रसाद ज्ञवाली (२०५४) ले पारिजातलाई नारी स्रष्टाबीच उत्कृष्ट स्थान भएकी लेखिका मात्र मानेका छन् ।

नरेन्द्रराज प्रसाई (२०५७) ले **आधी आकाश** मूलतः महिलाका प्रसङ्गलाई समेटेर तयार पारेको कृति हो, नारीप्रतिको अन्याय, अत्याचार शोषण दमनका विषयमा 'आधी आकाश' बोलेको छ भनेका छन् ।

रामप्रसाद ज्ञवाली र कृष्णप्रसाद घिमिरे (२०५८) ले पारिजातलाई कथा र उपन्यासकार व्यक्तित्वको रूपमा चर्चा मात्र गरेको पाइन्छ ।

डी.आर पोखरेल (२०६२) ले **आधी आकाश** निबन्ध सङ्ग्रहको सामान्य चर्चा गरी नारीवादी स्रष्टाको रूपमा मूल्याङ्कन गरेका छन् ।

यसरी विभिन्न समालोचक एवं समीक्षकहरूले पारिजातको निबन्ध सङ्ग्रह 'आधी आकाश' को बारेमा टीका-टिप्पणी गरेको पाइन्छ । प्रस्तुत शोध समस्याका सन्दर्भमा टीका-टिप्पणीहरू अलि अपर्याप्त देखिन्छन् । पूर्व अध्येताहरूको उक्त धारणासँग वस्तुगत रूपमा साम्य वैषम्य राख्दै र पारिजातको निबन्धात्मक व्यक्तित्वलाई उजागर गर्दै **आधी आकाश** निबन्ध सङ्ग्रहको सूक्ष्म, गहन, व्यापक अध्ययन हुन नसकेकाले यस शोध कार्यमा त्यसको परिपूर्ति गर्ने प्रयास गरिएको छ ।

## १.६ शोधकार्यको औचित्य

पूर्वकार्यको समीक्षाबाट **आधी आकाश** निबन्ध सङग्रहको सूक्ष्म, गहन र व्यापक अध्ययन हुन सकेको देखिँदैन । प्रस्तुत शोधकार्यमा यसको परिपूर्ति गर्ने प्रयास गरिएको छ । यही नै यस शोधकार्यको औचित्य हो ।

यसबाट पारिजातको अध्ययन गर्न चाहने शोधार्थी, शिक्षक, विद्यार्थीसमेतलाई यसले सघाउ पुऱ्याउनेछ तसर्थ यो पनि यस शोध कार्यको औचित्य र महत्त्व हो ।

## १.७ शोधकार्यको सीमाङ्कन

पारिजातका विभिन्न विधाका विभिन्न कृतिहरू छन् । प्रस्तुत शोधकार्य उनको **आधी आकाश** निबन्ध सङ्ग्रहको अध्ययनमा मात्र सीमित रहेको छ ।

## १.८ शोध विधि

क. सामग्री सङ्कलन : सामग्री सङ्कलनका लागि पुस्तकालयीय पद्धतिको प्रयोग गरिएको छ ।

ख. विधि : यसमा वर्णनात्मक -विश्लेषणात्मक पद्धति अवलम्बन गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको ढाँचा निम्नानुसार रहेको छः

| | | | |
|---|---|---|---|
| क. | पहिलो अध्याय | - | शोध पत्रको परिचय |
| ख. | दोस्रो अध्याय | - | नेपाली निबन्ध : सिद्धान्त र परम्परा |
| ग. | तेस्रो अध्याय | - | पारिजातको साहित्यिक रचनाधर्मिताको परिचय र उनको निबन्ध यात्रा |
| घ. | चौथो अध्याय | - | विधातात्त्विक आधारमा **आधी आकाश** निबन्ध सङ्ग्रहको अध्ययन र विश्लेषण |
| ङ. | पाँचौं अध्याय | - | प्रवृत्तिगत आधारमा **आधी आकाश** निबन्ध सङ्ग्रहको विश्लेषण |
| च. | छैठौं अध्याय | - | उपसंहार : निष्कर्ष र मूल्याङ्कन |

## १.१० सन्दर्भ ग्रन्थ सूची

*दोस्रो – अध्याय*

# नेपाली निबन्ध : सिद्धान्त र परम्परा

## २.१ सिद्धान्त

### (क) निबन्ध शब्दको व्युत्पति र अर्थ

'बन्ध' धातुमा 'नि' उपसर्ग जोडिएपछि निबन्ध शब्दको व्युत्पादन हुन्छ । जसको अर्थ बाँध्नु, सङ्ग्रह गर्नु, जुटाउनु वा भाव वा विचारका विकीर्ण कणहरूलाई अभिव्यक्तिको आयतनमा सङ्गृहीत गर्नु र निजात्मक अभिव्यक्ति दिनु भन्ने बुझिन्छ (सुवेदी, २०५३ : ६) ।

### (ख) निबन्ध विधाको उत्पत्ति र विकास

निबन्ध (Essay) शब्दको प्रयोग सर्वप्रथम फ्रान्सका माइकेल द मोन्तेन थिए । उनलाई निवन्धका जन्मदाता पनि भनिन्छ । ई. १५८० मा उनले प्रथमपल्ट 'एसे' शब्दको प्रयोग गरेका थिए । हुन त इतिहास पैल्याउँदै जाँदा सोहौं शताब्दीभन्दा धेरै वर्षअघि नै ग्रीसका थियोफ्रेटस र प्लुटार्क, रोमका सिसेरो र सेनेकाद्वारा निबन्धहरू लेखिएको पाइन्छ । तर ती कृतिहरूमा आत्माभिव्यक्तिको प्राबल्य थियो । अङग्रेजी साहित्यमा सत्रौं र अठारौं शताब्दीमा पत्रपत्रिकाको उदयले यस विधाको विकासमा झन् तीब्रता ल्यायो । अङ्ग्रेजी साहित्यमा यस विधाले व्यापक क्षेत्र ओगट्यो । यस विधाको लोकप्रियताले सारा विश्व साहित्यलाई नै प्रभावित पार्‍यो । आधुनिक कालमा यस विधाको व्यापक सीमाभित्र समीक्षा, पुस्तक समीक्षा, जीवनी, सम्पादकीय, लेख, प्रतिवेदन, शोधपत्र आदि समेटिएको पाइन्छ ।

निबन्ध गद्य विधा हो । नेपाली गद्यको प्रमुख विधा निबन्धको आधार खोज्दै जाँदा नेपाली भाषाको इतिहास कोट्याउनुपर्ने हुन्छ प्राचीन अभिलेखहरू शिलापत्र ताम्रपत्र वा सुवर्ण पत्रहरूमा गद्यको स्वरूप देख्न सकिन्छ ।

### (ग) निबन्धको परिभाषा

अन्तरङ्ग विचार वा भावना व्यक्त भएको अथवा बहिरङ्ग वर्णन र विवरण प्रस्तुत भएको समय र स्थानगत सीमाभित्र बाँधिन बाध्य नभए पनि निश्चित प्रकारको सिलसिलामा तथा अनुक्रम युक्त विषय विशेषमा केन्द्रित कलात्मक गद्य रचनालाई निबन्ध भनिन्छ (श्रेष्ठ, शर्मा

२०४९ : ११५) । निबन्धको बारेमा विभिन्न विद्वान्ले विभिन्न परिभाषाहरू दिएको पाइन्छ । चर्चित परिभाषाहरू निम्नानुसार रहेका छन् :

१६ औं शताब्दीमा निबन्धको सुरुवात गर्ने फ्रान्सेली विद्वान् मोन्तेनका अनुसार-"निजी अनुभूतिलाई निष्कपटपूर्ण ढङ्गले पाठकसमक्ष सम्प्रेषण गरिने प्रयत्नलाई निबन्ध भनिन्छ। अर्का प्रसिद्ध चिन्तक फ्रान्सिस बेकनले "छोटो आयतन, ठोस र सुगठित विचारसँग सम्बन्धित दर्शन र ज्ञानविज्ञानका पक्षहरू प्रकट गरिएको छ र विकीर्ण चिन्तनलाई शृङ्खलीकरण गर्न प्रयत्न गर्नुलाई निबन्ध मानेका छन्। विषयवस्तुमा केन्द्रित परात्मक ठोस एवं विद्वत्तायुक्त निबन्ध सिर्जना हुनुपर्ने कुरामा प्रतिबद्ध देखिएका छन्। जोहन मरेका अनुसार-"कुनै निश्चित विषयमा सुगठित र सुव्यवस्थित दृष्टिकोण राखेर लेखेको रचना निबन्ध हो ।"

जे.बी. प्रिस्टलेका अनुसार- निबन्धकारलाई विषयवस्तुको अभाव हुँदैन। जुनसुकै विषयवस्तुलाई पनि सरक्क टिपेर निबन्धका रूपमा उतार्न सक्छ। आफ्नो वा कसैको विषयलाई केन्द्र बनाएर कुरा गर्नु निबन्ध हो ।

जे.डब्ल्यू मेरेटले- असल निबन्ध विचारपूर्ण अनुसन्धानको एक प्रकार हो भनेका छन्। निबन्धकार तथा चिन्तक ह्युबाकरले यसरी प्रस्तुत गरेका छन् "हलुका पारा तथा असल ढङ्ग र लेखक तथा पाठक माझको विश्वस्त सम्बन्ध रहेको निबन्ध आदर्श निबन्ध हो।" निबन्धको बारेमा यिनको थप भनाइ के देखिन्छ भने तारादेखि लिएर धुलोसम्म र अमिवादेखि मानवसम्म निबन्धको विषय हुन सक्छ ।"

श्रीमद्भगवत् गीताका अनुसार "दैवी सम्पद्धिमोक्षाय निबन्धयासुरीमता" अर्थात् सांसारिक मायामा बाँध्ने साधन निबन्ध हो (वेदव्यास, २००५ : ८७) ।

याज्ञवल्क्यस्मृतिका अनुसार "निबन्धोद्रव्यमेव" अर्थात् सांसारिक सम्पूर्ण पदार्थ निबन्ध हो भने हेमचन्द्र स्मृतिका अनुसार बन्धन र मूत्र निरोधक ग्रन्थहरू सङ्गृहीत ज्ञान निबन्ध हो ।

निबन्धकार बदरीनाथ भट्टराईका अनुसार - निबन्ध सत्यवस्तु देखाउने लेखकीय अन्तर्ज्योतिको शाब्दिक स्वरूप हो (शर्मा, २०४४ : १३) ।

गोपीकृष्ण शर्माका अनुसार "बन्धनहीन भने पनि कसिएको रचना निबन्ध हो र यसमा लेखकको आत्मप्रकाशन अनिवार्य तत्त्व हो ।"

निबन्धकार लक्ष्मीप्रसाद देवकोटाका अनुसार "यो रौँचिरा दर्शन होइन न हो पाण्डित्य दर्शनको ठ्यासफू । यसमा गृहीन विषयलाई सर्वदृष्टिकोण र समीक्षणको जरुरत छैन। यो

एक किसिमको धूर्त बदमास ठिटो हो, जो सडकमा हिँड्दा कहिले ढुङ्गा हान्छ, कतै कतै आनन्दले फुलेर हेर्छ तर घोरिँदैन, निबन्ध केवल टेबिल गफ मात्र हो, शास्त्र होइन ।"

द कन्साइन्स अक्सफोर्ड इङ्गलिस लिटरेचरमा उल्लेख भए अनुसार-"निबन्ध साधारणतया एउटा छोटो गद्य रचना हो जसमा लेखकको विषयको विशेष ज्ञान प्रतिबिम्बित भएको हुन्छ ।"

डा. ईश्वर बरालका अनुसार-"निबन्ध एक किसिमको कुरा गराइ हो । यो लेखकका मनका भावनाहरूलाई स्वगत कथनका रूपमा उद्‌गारित बनाउने विधा विशेष आफ्नो गुनासो अरूलाई सुनाउनु मनको बह पोख्ने काम गर्नु हृदयलाई सकेसम्म छर्लङ्गयाई दिनु, आन्तरिक सन्देश फिँजाइ दिनु मानिसका आद्य सिर्जना हुन् । त्यसो हुनाले निबन्धकार जहिले पनि पाठकसित गफ गर्न थाल्छ । साउती गरेर तिनलाई आफूप्रति सहानुभूतिशील बनाउन खोज्छ कि मेराकुरा कसैले सुनिदिऊन् ।" (सुवेदी, २०५३; ७)

यसरी छोटो आयतन भएको ठोस र सुगठित विचारसँग सम्बन्धित आफ्ना अनुभूतिलाई पाठकसमक्ष आन्तरिक सन्देश दिने गरी गद्य भाषामा पस्कनु नै निबन्ध हो ।

### (घ) निबन्धको स्वरूप

निबन्ध वस्तु तत्त्व प्रस्तुतिका दृष्टिले दुई किसिमका हुन्छन् । आत्मपरक र वस्तुपरक निबन्ध/वस्तुपरक निबन्ध विषयप्रधान हुन्छ र आत्मपरक संवेदनाप्रधान हुन्छ । वस्तुपरक निबन्ध प्रबन्धधर्मी निबन्धमा के विशेषता देखिन्छ भने वैज्ञानिक सत्य, सिद्धान्त सूत्रहरूको व्याख्या-विश्लेषण गर्न सक्ने निबन्ध वस्तुपरक निबन्ध हो । यस प्रकारको रचनालाई प्रबन्ध भन्ने गरिन्छ । निजात्मक अनुभूतिलाई अभिव्यक्ति गर्ने स्वतन्त्र रचना विशेष निबन्ध हो । पहिलो वस्तु प्रतिपादनमा जोड दिने खालको हुन्छ भने दोस्रो आत्मप्रतिपादनमा ।

### (ङ) निबन्धका तत्त्वहरू

निबन्ध विधालाई राम्ररी बाँधेर आकर्षित, सघन र पठनीय बनाउने आवश्यक तत्त्वहरू निम्न रहेका छन् :

(अ) शीर्षक

(आ) विषयवस्तु

(इ) भाव वा विचार


(ई) भाषाशैली

(उ) सन्देश

उल्लिखित तत्त्वहरूले निबन्धको संरचनालाई कसिलो र सघन बनाउने कार्य गर्दछन् ।

**(च) निबन्धको प्रकार**

निबन्धलाई वस्तु, क्षेत्र र प्रस्तुतीकरण ढाँचाका आधारमा विविध शाखा प्रशाखामा वर्गीकरण गर्न सकिन्छ :




(सुवेदी, २०५६ : १०)

## २.२ नेपाली निबन्धको विकास प्रक्रिया

नेपाली निबन्धको विकासक्रमलाई अध्ययन गर्दा के कुरा दृष्टिगत गर्नुपर्ने हुन्छ भने नेपाली भाषाले मूर्त रूप प्राप्त गरेपछि आज सम्मको अवस्थालाई कालक्रमिक रूपमा अध्ययन गर्दा आउने ठहरलाई राख्नुपर्ने हुन्छ । यसो भएकोले नेपाली साहित्यमा आत्मपरक शुभारम्भ भएपछिका समयावधिलाई मात्र यहाँ निबन्धको सन्दर्भ लिइएको छ। यसै परिप्रेक्ष्यमा भाषाको शुभारम्भ भएको अवस्थादेखि पृथ्वीनारायण शाहको दिव्योपदेश पूर्वसम्मको

समयलाई पृष्ठभूमिकाल भन्नु उपयुक्त हुन्छ । **दिव्योपदेश**देखि निबन्धको प्राथमिककाल आरम्भ हुन्छ। यो समय १९४८ साल मोतिरामको **भानुभक्तको जीवनचरित्र** प्रकाशनपूर्वको समयावधिसम्म कायम हुन्छ। १९४८ सालदेखि **चन्द्रिका** प्रकाशनपूर्वको समयावधिलाई माध्यमिक काल र १९७४ पछि हालसम्मको समयलाई आधुनिक कालको रूपमा लिने गरिन्छ ।

२.२.१ **पृष्ठभूमि काल**

अभिलेखकालदेखि नै नेपाली भाषामा चिन्तनका स्वतन्त्रअभिव्यक्तिहरू र नेपाली मानसिकता प्रद्योतहरू, सामाजिक, राजनीतिक, संरचनाका पक्षहरू प्रशासनिक र धार्मिक विकृतिहरू,सांस्कृतिक र जीवनपद्धतिका मूल्यहरूलाई नेपाली साहित्यले निबन्धन गर्न सकेको छैन । निबन्धन गर्न थालेपछि पनि अभिलेख, औषधिमूलोका पाठ्यवस्तु, यात्रा र राजकाजका प्रशासन र लेनदेन व्यवहारका सामग्रीहरू मात्र भएकोले यिनै सामग्रीहरू नै पृष्ठभूमि चरणका उपलब्धिहरू हुन् । **राजा गगनीबमको यात्रा** (१५५०), **खण्डखाद्य** (१६४८), **ज्वरोत्पत्ति चिकित्सा** (१७७५), **औषध रसायन** (१८००) लगायतका रचनालाई पृष्ठभूमिमा राख्नु उचित हुन्छ । **दिव्योपदेश** (१८३१), **लक्ष्मी धर्मसम्वाद** (१८५१), **जङ्गबहादुरको बेलायत यात्रा** (१९०९), **भानुभक्तको जीवनचरित्र** (१९४८), आदि कृतिहरू यस अवधिका नैबन्धिक सामग्रीहरू हुन्। यस अवधिलाई निबन्ध जगत्को प्रारम्भिक उपलब्धि मानिन्छ। निबन्धले यस चरणमा आत्मरागको निजात्मक स्वर चयन गर्न खोजेको छ । यस निजात्मक रागको सन्दर्भमा सजीव उदाहरण दिन सकिने निबन्ध कृतिहरू हुन्: दिव्योपदेश, जङ्गबहादुरको बेलायत यात्रा आदि । यस अवधिमा नेपाली निबन्ध आफ्नो अस्तित्व कायम गर्न प्रयत्नरत देखिन्छ ।

२.२.२ **माध्यमिक काल (१९५८–१९६४)**

**गोरखापत्र** (१९५८) को प्रकाशन पश्चात् नेपाली निबन्धको माध्यमिक काल आरम्भ भएको छ। माध्यमिक कालका निबन्धमा पाइने भाषा, संस्कृति र जातिगत आरम्भ भएको छ। माध्यमिक कालका निबन्धमा पाइने भाषा, संस्कृति र जातिगत अस्तित्वका प्रश्नहरू पाइन्छन्। यिनै विषय बनाएर लेखिएका निबन्धात्मक रचनाहरू यस अवधिका विशेष उपलब्धि हुन्। यस समयका स्रष्टाहरू हरिहर आ.दी.को **गोर्खा भाषा दुर्दशा**, वीरेन्द्रकेशरी

अर्यालको **बेसरी र विद्या** शीर्षकका वस्तुपरक निबन्धको लेखनले सामयिक समस्या, समस्याका कारण र तिनका निराकरणका उपाय समेत उद्घाटन गर्ने कुरा सङ्केत गरेको छ। राममणि आ.दी.को **कवितारीति** निबन्धले मोतीराम भट्टले आरम्भ गरेको समालोचनात्मक निबन्ध लेखनलाई निरन्तरता प्रदान गरेको छ भने **मातृभाषाको आवश्यकता** निबन्धले वस्तुपरक शिल्पमा समस्या राख्ने परम्परा आरम्भ गरेको छ। **काश्मीर यात्राको वर्णन** निवन्ध पुस्तकले चाहिँ यात्रा वृत्तको शुभारम्भ गरेर देखा परेको छ। १९७२ सालमा **गोर्खाली** पत्रिकामा पदमनाभ सापकोटा उर्फ विज्ञानविलासको *नेपालको अर्थशास्त्र, मातृभाषा व्यापरे बर्द्धतेलक्ष्मी* जस्ता रचनाहरू प्रकाशित भएका छन्। यिनले निबन्धको चिन्तनलाई व्यवस्थित र सिद्धान्तको निकटतातिर धकेल्न निकै प्रयत्न गरेको देखाएका छन्।

२.२.३ **आधुनिक काल** (**१९७४– हालसम्म**)

(**क**) **पहिलो चरण** **१९७४–२००३**)

१९७४ मा खर्साङ्गबाट प्रकाशित **चन्द्रिका** पत्रिकाले साहित्यका विविध विधाको आरम्भ गरेपछि निबन्धमा नयाँपन थपियो। १९९१ सालमा **शारदा** पत्रिकाको प्रकाशन आरम्भ भयो। यस पत्रिकामार्फत नेपाली साहित्यका अन्य विधाका साथसाथै निबन्ध विधालाई पनि आधुनिक स्वरूप निरन्तरता प्रदान गर्ने काम गऱ्यो। लक्ष्मीप्रसाद देवकोटाको *आषाढको पन्ध्र* (१९९३) पछि आधुनिक कालको सुरुवात भयो। यस पत्रिकामा बालकृष्ण सम, बदरीनाथ भट्टराई, भेषराज शर्मा तथा लक्ष्मीप्रसाद आदिका निबन्धहरू प्रकाशित भए। १९९३ मा प्रकाशित आषाढको पन्ध्र निबन्धले देवकोटामा रहेको निजात्मक सौन्दर्य चेतनालाई पहिलोपल्ट समुद्घाटन गऱ्यो। नेपाली निबन्धमा सौन्दर्यमूलक, वस्तुपरक एवं भावात्मक चेतको प्रविष्टि बालकृष्ण सम, भेषराज शर्मा जस्ता स्रष्टाबाट भयो। आधुनिक नेपाली निबन्धको पहिलो चरणको नेतृत्व देवकोटाले गरेका छन् र यस चरणमा स्वच्छन्दतावादी धाराको प्रभुत्व रहेको छ। यस अवधिलाई समयवद्ध गर्दा २००३ सालसम्म ल्याउन सकिन्छ। यसै समयमा कलम चलाउने निबन्धकारहरू, बाबुराम आचार्य, बोधविक्रम अधिकारी, सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान, रुद्रराज पाण्डे, बालकृष्ण सम, बदरीनाथ भट्टराई, भीमनिधि तिवारी, भेषराज शर्मा, यदुनाथ खनाल, खड्कमान मल्ल, हृदयचन्द्रसिंह प्रधान र बालचन्द्र शर्मा आदिलाई लिन सकिन्छ। यस समयमा दुई वटा प्रवृत्तिहरू मुखरित भएका छन्।पहिलो

प्रवृत्ति-देवकोटाबाट सुरु भएको स्वच्छन्दतावाद, यस प्रवृत्तिमा कलम चलाउनेहरूमा हृदयचन्द्रसिंह प्रधान, खड्कमान मल्ल, यदुनाथ खनाल र भेषराज शर्मा आदि । यसप्रवृत्तिमा आलोचनात्मक यथार्थवादको प्रभुत्व रहेको छ यसको नेतृत्व हृदयचन्द्रसिंह प्रधानबाट भएको छ ।

यसै समयमा पारसमणि प्रधानको *अध्यवसाय, विद्या* निबन्धहरू र बङ्कीमचन्द्रको *खद्योत मानव* शीर्षकका निबन्धलाई *जुनकिरी* शीर्षकमा अनुवाद गरेर प्रकाशित गरेका छन् । देहरादूनबाट प्रकाशित **गोर्खा संसार** पत्रिकामा वेदनिधि शर्माको *जातीय रोगको अचुक औषधी'* (१९८६) र *विद्यावतीको तरुणतरुणी कुन्न छन्न ?* (१९८४) निबन्धहरूले नेपाली जातीय निस्क्रियता अनि सामाजिक विसङ्गतिलाई व्यङ्ग्यात्मक रूपमा उद्घाटन गर्ने काम गरेका छन् ।

माध्यमिककालमा नेपाली निबन्धलाई पत्रपत्रिकाहरूले पनि योगदान गरेका छन् । 'गोर्खेखबर कागज (१९५८) दार्जिलिङ) **गोरखापत्र** (१९५८ काठमाडौं), **सुन्दरी** (१९६३ वनारस), **माधवी** (१९६५ वनारस), **चन्द्र** (१९६१ वनारस), **गोर्खा संसार** (१९८२ देहरादुन), **चन्द्रिका** (१९७४ खर्साङ्ग), **जन्मभूमि** (१९७९ वनारस) जस्ता पत्रिकाले निबन्धलाई आधुनिक रूप प्राप्त गर्न निकै सघाउ पुऱ्याएका छन् । निबन्धलाई माध्यमिकताबाट आधुनिकतामा प्रवर्तन गर्ने पत्रपत्रिकाहरूमा १९८९ सालमा दार्जिलिङ्बाट प्रकाशित हुने **साहित्य सम्मेलन** पत्रिकाले विशिष्ट योगदान गरेको छ ।

**(ख) दोस्रो चरण (२००४-२०३५ सम्म)**

यस अवधिको निजात्मक एवं बौद्धिक चिन्तन धारा एउटा प्रवृत्ति हो भने अर्को वैचारिक प्रवल-क्रान्तिधारको आलोचनात्मक यथार्थवादी धारा हो । पहिलो धारको नेतृत्व शङ्कर लामिछानेबाट भएको छ भने दोस्रो धारको नेतृत्व श्यामप्रसाद शर्मा र भैरव अर्यालबाट भएको छ । पहिलो फाँटमा पर्ने निबन्धकारहरूमा रामकृष्ण शर्मा, म.वी.वी.शाह, भाइचन्द्र प्रधान, कमल दीक्षित, इन्द्रबहादुर राई, गोविन्द्रप्रसाद लोहनी, लोकराज बराल, नगेन्द्र शर्मा, बालकृष्ण पोखरेल, गणेश बहादुर प्रसाईं, श्रीधर खनाल, रामकुमार पाँडे, कृष्णप्रसाद पराजुली, कृष्णप्रसाद ज्ञवाली, बासुदेव त्रिपाठी आदि छन् भने दोस्रो फाँटमा पर्नेहरू हुन्- रमेश विकल, पारिजात, आनन्ददेव भट्ट, लीलाध्वज थापा, गोविन्द भट्ट, चूडामणि दाहाल, विष्णु

नवीन,धनुश्चन्द्र गौतम, बालमुकुन्ददेव पाण्डे, दाताराम शर्मा, बासुदेव लुइँटेल, तारानाथ शर्मा, श्याम गोतामे, मोदनाथ प्रश्रित, रामलाल अधिकारी, कृष्णचन्द्रसिंह प्रधान आदि हुन् । यस पछिल्लो धारामा केही प्रतिभा क्रान्तिकारी स्वच्छन्दतावादी देखिन्छन् भने केही प्रतिभाहरू प्रगतिमूलक यथार्थवादी देखिन्छन् । शिल्पका दृष्टिले यस चरणलाई नेतृत्व गर्नेहरूमा चेतना प्रवाह पद्धतिका फाँटमा शङ्कर लामिछाने, यात्राका फाँटमा तारानाथ शर्मा र हाँस्यव्यङ्ग्यका फाँटमा भैरव अर्यालको प्रभुत्व रहेको छ त्यस्तै वैचारिक फाँटमा स्वच्छन्दतामूलक अराजक विचार शङ्कर लामिछानेबाट नेतृत्व भएको छ भने यथार्थमूलक प्रगतिवादी विचार श्यामप्रसाद शर्माबाट । समाजका धार्मिक, प्रशासनिक एवं सांस्कृतिक विसङ्गतिका पक्षहरूलाई राजनीतिक एवं आर्थिक विसङ्गतिहरूलाई प्रहार गर्दै व्यङ्ग्य गर्ने निबन्धहरू यस युगका उपलब्धिपूर्ण सामग्री हुन् ।

यसै चरणमा देखापर्ने एक सशक्त प्रतिभा पारिजात हुन् उनको निबन्ध सङ्ग्रह **आधी आकाश** (२०४८) प्रकाशित छ भने अन्य निबन्धहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित देखिन्छन् ।

**(ग) तेस्रो चरण** (**२०३६ देखि हालसम्म**)

यसलाई समसामयिक चरण पनि भनिन्छ । सामयिकता एउटा तत्क्षणको मात्र महत्त्व राख्ने आवधिक मूल्य भएकाले त्यस्ता तात्क्षणिक मूल्यहरू बिस्तारै बिलाउँदै जाने हुन्छन् तर यस चरणका निबन्धगत मूल्यहरू तात्क्षणिक मात्र नभएर शास्वत कालसम्म प्रभाव राख्ने खालका छन् । बरु यस चरणका मुलभूत प्रश्नलाई निरूपण गर्दा यो समयमा पनि निबन्ध विधामा विसङ्गतिका दृष्टिले निकै तीव्र रहेको पाइन्छ । यस अवधिमा स्वच्छन्दतामूलक र अन्तर्मुखी चेतको स्थान नगण्य हुँदै गएको छ, बरु ०४६ पछिका वर्षहरूमा अराजकतामूलक स्वच्छन्दतावादको विकास हुँदै गएको छ । समाजमा आएका विकृतिहरू, प्राकृतिक संसाधनमा आएका विकृतिहरू, भौतिक स्रोत र साधनमा विनाशहरू देशका युवा पुस्तामा बढ्दै गएका अनुशासनहीनता र अकर्मण्यताहरू, मादक द्रव्यसेवन र त्यसका विनिमयहरू राष्ट्रिय स्वार्थ र अस्तित्वमा आएका कम्पनहरू, अन्तर्राष्ट्रिय क्षेत्रबाट पर्न आएका राजनीतिक र आर्थिक शीतयुद्धका सङ्घातहरू, नारी अस्मितामाथि क्रय विक्रय र बलात्कारहरू, सत्तालिप्सा र विभाजनबाट भएका हत्या, आतङ्क, बलात्कार, गुण्डागर्दी आदि आजका विद्यमान विसङ्गतिहरूले जन्माएका विकृतिमाथि तीव्र प्रहार गर्ने निबन्धकारहरू हुन्- गङ्गा उप्रेती,

माधवप्रसाद पोखरेल, निर्मोही व्यास, यादव खरेल, हरि बन्दी, नरेन्द्रराज पौडेल, मुकुन्द्र आचार्य, गोपीकृष्ण शर्मा, चोलेश्वर शर्मा, मोहनराज शर्मा, मनुजबाबु मित्र, पद्मरत्न तुलाधर, सूर्य बहादुर पिवा, मोहन सिटौला, मेघराज मञ्जुल, विमल निभा, विपिनदेव ढुङ्गेल, राममणि रिसाल, रुद्र खरेल, राजेन्द्र सुवेदी, घनश्याम कँडेल, नृपेन्द्र पुरुष यादि, ज्ञानमणि नेपाल, कृष्ण धरावासी, जगदीशचन्द्र भण्डारी, रविकिरण निर्जीव, सुनिल पौडेल, भीष्म उप्रेती, राजव सुधा त्रिपाठी, नरेन्द्रराज प्रसाइँ, मुन पौडेल, युवराज नयाँघरे यस अवधिका निबन्धकार हुन् ।

यस स्थितिलाई निरूपण गर्दा के कुरा स्पष्ट हुन्छ भने मानव मात्रको सार्वभौमिक अस्मितामाथि नै भइरहेको बलात्कारलाई आजका स्रष्टाले उखेलेर फ्याँक्नका लागि गरेका प्रयासहरू यसअवधिका निबन्धका उपलब्धि हुन् । देशका मुटुमा भएका वैदेशिक अतिक्रमण सम्वेदनशील क्षेत्रमाथिका आक्रमण, प्राकृतिक संसाधनमाथिको गिद्धे दृष्टि, सञ्चार,परिधान, कला र वैज्ञानिक चेतका नाममा आएका अनेकतम झंझावात्हरूका बीचमा च्यापिएर आफ्नो पहिचानको रक्षार्थ जुटेका निबन्धकारहरूमा आज तीन वटा प्रवृत्तिगत सीमा देखिएका छन् । पहिलो सीमा हो- आफूले अपेक्षा गरेका सत्ताको संस्तुतिमा जुट्ने, दोस्रो सीमा हो-आफूले अपेक्षा नगरेका सत्तासँग विमति राख्दा-राख्दै पनि विरोध प्रकट गर्न नसक्ने रूपवादी ढर्रामा आफूलाई प्रस्तुत गर्ने र तेस्रो सीमा हो विशुद्ध यथार्थवादी मूल्यको पहिचानमा निबन्ध सृजना गर्ने । पहिलो खाले लेखक जुनसुकै समाज व्यवस्थामा पनि नहुने होइनन् परन्तु तिनको जमात भने सानो हुने गर्दछ । त्यस्ता लेखकहरू २०३३-२०४६ मा सत्ता सुमेरुको प्रदच्छिणामा जुटेका थिए । सत्ता स्तुतिलाई शब्दमै प्रकट गर्न पाएपछि मात्र आफू सन्तुष्टिको सास फेर्दथे । अनि ०४६ पछि पनि त्यस्ता खाले लेखक सत्ता स्तुतिमा जुटेका छन् तर अर्को खाले छन् : सत्ता संस्तुतिबाट सन्तुष्टि पाएर डकार्न चाहन्छन् ।

नेपाली मानसिकताको द्योतन गर्दै २०४६ पूर्व आलोचनात्मक यथार्थवादी धाराबाट निबन्ध सृजना गर्ने साहित्यकारहरूमा सत्ताको सापेक्षिक कमजोरीलाई आलोचना गर्ने आँट नआएपछि अन्तर्मनको रूपवादी आत्मसंलापतिर अभिवृत्त भएका छन् । २०४६ को जनआन्दोलनका सहिदका रगतले भिजेका पाइतालाका छाप छोड्दै रूपवादी ढर्रामा परपीडा फूङ्कार फ्याँक्ने लेखकहरू पनि देखा परेका छन् । त्यस्ता खाले लेखक सत्ताकै आडमा भोजन गर्नेहरू पनि छन् र सत्तासँग विमति राख्ने र आफूलाई गतिशील भनाउने तर हाल पलायित मानसिकताबाट पीडित पंक्तिमा उभिएका पनि देखिएका छन् । आज त्यस्ता

लेखकहरू नरेन्द्रराज पौडेल, कृष्णचन्द्रसिंह प्रधान, कञ्चन पुडासैनी, तारानाथ शर्मा, नरेन्द्र प्रसाई, कृष्ण धरावासी, चोलेश्वर शर्माहरूको नाम लिन सकिन्छ। पछिल्लो खाले स्रष्टाहरूमा सामाजिक एवं राजनैतिक विसङ्गतिले जन्माएका विकृतिहरूको निराकरणका निमित्त आरम्भ गरिने अभियानको तयारीमा जुट्ने र आफूबाट समर्थित वैचारिक पक्ष सत्तारोहण भएपनि सापेक्षित रूपमा त्यसका प्राप्ति र अप्राप्तिको समीक्षा गर्ने, स्वीकार वा बहिष्कारका औचित्य कायम रहने दृष्टिकोण भएका लेखकहरूमा माधव पोखरेल, खगेन्द्र सङ्ग्रौला, गङ्गा उप्रेती, रविकिरण निर्जीव, चूडामणि रेग्मी, रुद्र खरेल, मुन पौडेल, विमल निभा, राजव पद्मरत्न तुलाधर, राजेन्द्र सुवेदी प्रभृत्ति निबन्धकारहरू पर्दछन्।

यस पछिल्लो चरणका प्रवृत्तिको उपलब्धि निरूपण गर्दा के देखिन्छ भने समाजमा देखिन आएका नयाँ प्रयोग र मूल्यहरूको प्रभावलाई नयाँ शिल्प र नयाँ विम्बमा एउटा यात्रा र निजात्मकताभित्र व्यङ्ग्योचित बिम्बको समायोजन गर्ने आदर्श र अनाकर्षक विषयलाई निबन्धको प्रतिष्ठा प्रदान गर्ने, वर्तमानका विकृत पक्षहरूलाई समेत निबन्धात्मक परिधिको मर्यादा प्रदान गर्ने यस समयको वैशिष्ट्य निकै गरिमायुक्त छ। यसलाई निबन्धको वर्तमानकालीन उपलब्धि मान्नु वाञ्छनीय ठहर्छ (सुवेदी, २०५६:१४-१८)।

**निष्कर्ष**

गद्य भाषामा लेखिने जीवन-जगत्का निजी अनुभव र अनुभूतिहरूलाई मुख्य विषयवस्तु बनाइने सामाजिक सन्देश र मनोरञ्जन नै मुख्य प्रयोजन भएका सङ्क्षिप्त गद्य विधालाई निबन्ध भनिन्छ। निबन्धमा मूलतः भाव वा विचारलाई आकर्षक गद्य भाषामा बाँधिएको हुन्छ। यो अत्यन्त सघन र पठनीय हुन्छ। निबन्धका स्वरूपहरू आत्मपरक र वस्तुपरक विशेष रूपमा देखिन्छन्। यसका आवश्यक तत्वहरूले सुगठित र कसिलो बनाएको निबन्ध विधा अभिलेखकालदेखि नै यसको पृष्ठभूमि तयार भई हालसम्म अन्य विधाका तुलनामा कान्छो गद्यविधाको रूपमा विकास भएको छ।

*तेस्रो – अध्याय*

# पारिजातको साहित्यिक रचनाधर्मिता र उनको निबन्धयात्रा

## ३.१ परिचय

भारतको पश्चिम बङ्गाल राज्यमा पर्ने दार्जिलिङ्गको लिंगिया चिया कमानमा वि.सं.१९९४ सालको वैशाखमा पिता डा. के.एस. वाइबा र माता अमृत मोक्तानकी सन्तति पारिजातको न्वारानको नाउँ विष्णुकुमारी वाइबा भए पनि लामाले उनको नाम छेकुडोल्मा राखिदिएका थिए (चापागाईं र सङ्ग्रौला, २०५१ : ङ) । आफूभित्रका सुषुप्त चेतनाहरूले सबल रूप लिन थालेपछि पारिजात स्वयंले आफ्नो उपनाम पारिजात रोजेकी थिइन् । 'पारिजात' नाउँ राम्रो लागेर र पारिजात बोटबाट होइन, झरेपछि भुइँबाट टिपिन्छ भन्ने थाहा पाएर यिनले विष्णुकुमारी वाइबालाई पारिजातसँग साटेको उल्लेख पाइन्छ (प्रसाईं : २०५७ : ५१)

पारिजातका पुर्खाहरू नेपालको सङ्खुवासभा जिल्लाको चैनपुरअन्तर्गत उखुँवा गा.वि.स.बाट रोजगारीको क्रममा भौंतारिदै दार्जिलिङको चिया कमानमा कुल्लीको काम गर्दै त्यहीँ घरजम गरी बस्न थालेको देखिन्छ (घिमिरे, २०५७ : ५१) । परिश्रमी परिवारमा जन्मेकी पारिजातको प्रारम्भमा कक्षा एकदेखि आठसम्मको पढाइ-लेखाइ दार्जिलिङको नेपाली गर्ल्स हाईस्कुल र सेन्ट टेरेजा शारदेश्वरी विद्यालयमा भएको थियो । उनले एस.एल.सी परीक्षा प्राइभेट परीक्षार्थीका रूपमा वि.सं. २०११ सालमा काठमाडौंको पद्मकन्या विद्यालयबाट उत्तीर्ण गरेको देखिन्छ भने आई.ए.(२०१३), बी.ए. (२०१५) पद्म कन्या कलेजबाट गरेकी र अङ्ग्रेजीमा एम.ए. गर्न भर्ना भएकी पारिजातको स्नातकोत्तर तहको अध्ययन भने अपूर्ण नै रहेको देखिन्छ (बराल र घिमिरे, २०५५:१२१)।

अध्ययनको क्रममा जीविकोपार्जनका लागि मदन मेमोरियल स्कुल पाटनमा शिक्षिकाको रूपमा संलग्न पारिजातको हाडजोर्नी सम्बन्धी (Rheumatiod Artgusitis) रोगका कारणले त्यहाँबाट अवकाश लिई पारिवारिक विचलन र रोगसँग संघर्षरत रहँदै साहित्यिक यात्राको क्रममा २०५० साल वैशाख ५ गते काठमाडौंमा निधन भएको देखिन्छ ।

### ३.१.१ प्रेरणा, पृष्ठभूमि र परिवेश

पारिजातको साहित्यिक यात्रामा कुनै व्यक्ति विशेषको छुट्टै प्रेरणा परेको देखिँदैन विद्यालयमा लेखनाथ पौड्याल र धरणीधर कोइरालाका कविताहरू पढ्दा उनमा विशेष प्रभाव परेको थियो। फलस्वरूप उनी कविता लेखनमा लागेकी थिइन्। २००३ सालतिर उनले छन्दहीन एक टुक्रा कविता रचेको तर त्यहाँको हस्तलिखित पत्रिकामा स्वीकृत हुन नसकेको उल्लेख पाइन्छ (त्रिपाठी, २०५१ : १९५)। सानैदेखि लेखनतर्फ रुचि देखेर पारिजातका काकाका छोरा प्रियकुमार वाइबाको आग्रहले कथा-कविता लेख्ने गरेको सूचना पनि पाइएको छ (घिमिरे र ज्ञवाली, २०५८ : ३)।

यसका साथै दार्जिलिङको पहाडी सौन्दर्य, सहरिया वातावरण एवम् संस्कार तथा पारिवारिक स्थितिले पारिजातको मानसिक धरातल प्रभावित हुँदै आएको थियो। उता शिक्षित बाबुका धर्म, दर्शन, राजनीति, विज्ञान तथा विश्वका चर्चित साहित्यकार (चार्ल्स डिकेन्स, सेक्सपियर, रवीन्द्रनाथ, शरदचन्द्र आदि) का कथा विशेषले उनी प्रभावित हुन्थिन् (पारिजात, २०४३ : १३)। यस्तो वातावरणमा हुर्कंदै अघि बढिरहेकी पारिजातलाई बाबुको प्रेरणा, पत्र-पत्रिकाको तिरस्कार, साथीहरूको जिस्काई तथा प्रेमप्रसङ्गले साहित्यमा लाग्न प्रेरित गरेको पाइन्छ। यसै क्रममा आफ्ना सृजनालाई पारिजातले बहिनी सुकन्याका सामु व्यक्त गरेको र बहिनी सुकन्याले पनि दिदीलाई प्रोत्साहित गर्दै लेखनमा अग्रसर हुन सल्लाह दिने गरेकाले सुकन्याभन्दा यस माटोमा पारिजातलाई प्रेरणा दिने स्रोत अरू नभएको सूचना पाइन्छ।

बाल्यकालदेखि नै साहित्यमा रुचि देखाउने पारिजातको प्रथम प्रकाशित रचना भने २०१३ सालको 'धरती' पत्रिकामा प्रकाशित देखिन्छ। उनका रचना प्रकाशनमा चित्तरञ्जन नेपालीको महत्त्वपूर्ण भूमिका देखिन्छ। तत्कालीन राजनैतिक अवस्था, प्राकृतिक सौन्दर्य एवं आर्थिक पारिवारिक वातावरणमा रङ्मङ्गिदै पारिजातको औपचारिक साहित्ययात्रा २०१३ सालदेखि प्रारम्भ भएर २०५० सालसम्म अनवरत रूपमा क्रियाशील रहेको देखिन्छ। साहित्य साधनाको क्षेत्रबाहेक राजनैतिक परिवृत्तमा पनि पारिजातको भूमिका उल्लेखनीय देखिन्छ। वि.सं. २०११ सालमा दार्जिलिङबाट नेपाल भित्रिएपछि उनको वैचारिक वृत्त पनि फराकिलो बन्दै आयो। विभिन्न व्यक्तिहरूको सम्पर्क र सान्निध्यले उनी विभिन्न आन्दोलन एवं कार्यक्रमहरूमा औपचारिक तथा अनौपचारिक गरी दुवै ढङ्गले सामेल हुन थालिन्। साहित्यिक यात्राको क्रममा 'राल्फा आन्दोलन' (२०३३) पछि वामपन्थी राजनीतिबाट प्रभावित भएर पारिजातले वक्तव्य र अन्तर्वार्ता दिनुका साथै विचारोत्तेजक टीका-टिप्पणी गरेको पाइन्छ।

वि.सं. २०३१ सालमा नेपाल कम्युनिस्ट पार्टी (चौंथो महाधिवेशन) को सदस्यता ग्रहण गरेपछि केही समय उनी भूमिगत रहेको समेत देखिन्छ। उनले पञ्चायती व्यवस्थाको विरुद्धमा उम्लिएको २०३५।०३६ को विद्यार्थी आन्दोलन र प्रजातान्त्रिक आन्दोलनको खुलेर समर्थन गरेको पाइन्छ। यस्तै उनी भूमिगत प्रशिक्षणमा सक्रिय रहँदै अखिल नेपाल महिला संघको अध्यक्ष तथा अखिल नेपाल महिला मञ्चको (०४६)को संस्थापक अध्यक्ष भई राजनैतिक क्रियाकलापमा संलग्न भई जनआन्दोलन (२०४६) लाई सहयोग पुऱ्याउनुका साथै तत्कालीन सरकारको विरोधमा साहित्यकार तथा कलाकारद्वारा आयोजित विभिन्न विरोध कार्यक्रममा पनि उनी सक्रिय रहेको देखिन्छ।

शारीरिक हिसाबले कमजोर भएर पनि मन, वचन र कर्मले उच्च देखिने पारिजातको सामाजिक कार्यशैली निकै उच्च देखिन्छ। उनी वि.सं. २०३६ सालदेखि वेदना साँस्कृतिक परिवारसँग आवद्ध भई समाजसेवामा जुट्नुका साथै जागरणका कार्यमा पनि तल्लीन देखिन्छिन्। उनले महिला लेखनलाई उच्च पार्न पहिलो पटक नेपाली महिला लेखकहरूको पुस्तक प्रदर्शनी समेत गरेकी थिइन्। वैज्ञानिक र प्रगतिशील संस्कृति निर्माणका लागि इन्द्रेणी सांस्कृतिक समाज (२०४४)को मानार्थ अध्यक्ष भएर समेत कार्यरत रहिन्। यी कार्य बाहेक 'नेपाल मानव अधिकार सङ्गठन (२०४५), बन्दी सहायता नियोग (२०४८)' जस्ता मानव अधिकारवादी संस्थाहरूमा समेत उनको प्रत्यक्ष संलग्नता देखिन्छ।

यसरी पारिजातको साहित्यिक यात्राका क्रममा राजनैतिक एवं सामाजिक कार्यहरू पनि प्रेरणाका स्रोत ठहर्दछन्। यी कार्य अनुभूति एवं भोगाइहरू विभिन्न कृतिहरूमा व्यक्त हुनुले पनि पारिजातको साहित्य यात्रामा यस्ता पृष्ठभूमिहरू प्रेरक र सहयोगी देखिन्छन्।

## ३.२ पारिजातको साहित्यिक व्यक्तित्व

पारिजातले कविता, कथा, उपन्यास, आत्मसंस्मरण र निबन्ध जस्ता साहित्यिक विधा उपविधाहरूमा कलम चलाएको पाइन्छ। कविता लेखनबाट साहित्यमा प्रवेश गरेकी पारिजातको औपन्यासिक कला गुणात्मक एवं परिमाणात्मक दुवै दृष्टिले उर्वर देखिन्छ। उपन्यासपश्चात दोस्रो प्रमुख विधाका रूपमा कथा लेखन पर्दछ। क्रमिक रूपमा कविता, आत्मसंस्मरण र निबन्ध जस्ता विधाहरू देखा पर्दछन्। उनका सृजनाका विविध आयामको संक्षिप्त चिनारी निम्नानुसार गराउन सकिन्छ।

### ३.२.१ उपन्यासकार पारिजात

गुणात्मक र परिमाणात्मक दुवै दृष्टिले पारिजातको औपन्यासिक कला अत्यन्तै उर्वर देखिन्छ । उनका औपन्यासिक कृतिहरू निम्न रहेका छन् :

क) **शिरीषको फूल** (२०२२)

ख) **महत्ताहीन** (२०२५)

ग) **बैंसको मान्छे** (२०२९)

घ) **तोरीबारी बाटा र सपनाहरू** (२०३३)

ङ) **अन्तर्मुखी** (२०३५)

च) **उसले रोजेको बाटो** (२०३५)

छ) **पर्खालभित्र र बाहिर** (२०३५)

ज) **अनिंदो पहाडसँगै** (२०३९)

झ) **परिभाषित आँखाहरू** (२०४६)

ञ) **बोनी (लघु उपन्यास)** (२०४८)

गुण र परिमाण दुवै दृष्टिले उपन्यास पारिजातको सफल विधा हो भने उनको प्रखर स्रष्टा व्यक्तित्व पनि उपन्यासकार व्यक्तित्व नै हो । पारिजातका उपन्यासहरूमा शिरीषको फूल,सबैभन्दा चर्चित विसङ्गतिमूलक एवं अस्तित्वगत चेतनामा केन्द्रित यस उपन्यासले नेपाली उपन्यासको विकास परम्परामा महत्त्वपूर्ण आयाम थप्नुका साथै उनको भने पारिजातको व्यक्तित्वलाई उच्च पनि बनाएको देखिन्छ । सामाजिकभन्दा वैयक्तिक, आशाको विपरीत निराशा, सार्थकताको सट्टा निरर्थकता, सङ्गतिका विरुद्ध असङ्गति जस्ता निस्सारताबोध नै यस उपन्यासको केन्द्रीय कथ्य हो । **महत्ताहीन** (२०२५) पनि यिनै प्रवृत्तिमा केन्द्रित देखिन्छ । **बैंसको मान्छे** (२०२९) उपन्यासमा अस्तित्ववाद र प्रगतिशील चिन्तनको दोसाँध भेटिन्छ । निम्न वर्गप्रति सहानुभूति र सामाजिक राजनैतिक व्यवस्थाप्रति विद्रोहको चेतना रहेको छ । **तोरीबारी र बाटा र सपनाहरू** (२०३३), **अन्तर्मुखी** (२०३५), **उसले रोजेको बाटो** (२०३५), **पर्खालभित्र र बाहिर** (२०३५), **अनिँदो पहाडसँगै** (२०२९) जस्ता उपन्यासहरूमा कलात्मक प्रतिबिम्बनको क्षेत्रमा पारिजातले नेपाली समाजको वर्ग सङ्घर्षको यथार्थलाई राम्ररी अभिव्यक्त गर्ने, समाजबाट घटना लिएर जनतालाई शिक्षा, चेतना र सूचना दिने वस्तुबाट चेतना तथा चेतनाबाट वस्तुमा जाने द्वन्द्वात्मक भौतिकवादी मान्यतालाई राम्रोसँग पक्रने प्रयास गरेकी छिन् (चैतन्य,२०५१ : १३) । **परिभाषित आँखाहरू** (२०४६), **बोनी**

(२०४८) उपन्यासहरू लेख्दा पारिजातले यथार्थको अङ्कन कलात्मक ढङ्गले गरेको पाइन्छ। परिभाषित आँखाहरू, उपन्यासले गरिबी र उत्पीडनको अभिशापलाई देखाएको छ भने 'बोनी' मा सङ्घर्षरत विपन्न नारी विलासी जीवनको लोभमा फसेको चित्रण पाइन्छ।

समग्रमा उनका उपन्यासहरूले व्यक्तिगत जीवनका कुण्ठा, भोगाइ राजनैतिक द्वन्द्व,, सामाजिक यथार्थ र शोषण जस्ता पक्षलाई चित्रण गरेका छन्। (घिमिरे र ज्ञवाली, २०५८ : ६)।

### ३.२.२ कथाकार पारिजात

पारिजातको अर्को चर्चित र सफल सृजना क्षेत्र कथा हो। उनको कथा लेखन २०२५ देखि २०४९ सम्म रहेको छ। त्यस अवधिमा लिखित कथाहरूलाई सङ्गृहीत गरी पुस्तकाकार कृतिका रूपमा प्रकाशित गरिएका छन् जुन निम्न रहेका छन् :

(क) **आदिम देश** (२०२५)-१२ वटा कथाहरू सङ्कलित।

(ख) **सडक र प्रतिभा** (२०३२)-१७ वटा कथाहरू सङ्कलित।

(ग) **साल्गीको बलात्कृत आँशु** (२०४३)- १५ वटा कथाहरू सङ्कलित।

(घ) **वधशाला जाँदा-आँउदा** (२०४९)-७ वटा कथाहरू सङ्कलित।

पारिजातको सृजना क्षेत्रमध्ये कथा पनि उर्वर क्षेत्र हो। उनका कथाहरूमा आफू बाँचेको युग, र सामाजिक मूल्यप्रति आक्रोश र विद्रोह गर्दै असन्तुलित आर्थिक प्रणालीलाई चिरफार गर्नमा सक्रिय देखिन्छन्। उनका कथा सङ्ग्रहहरू मध्ये **आदिम देश** (२०२५) र **सडक र प्रतिभा** (२०३२) सङ्ग्रहहरूका कथामा विशेषतः प्रवृत्तिगत दृष्टिले हेर्दा जीवनलाई महाविसङ्गत देख्ने मान्छेलाई अस्तित्वको कोणबाट व्याख्या गर्ने र यी दुवैसँग जोडिएको मान्छेलाई फगत् यौनजीवी देख्ने विषाक्त यौनकेन्द्री चेतना बोकेका कथाहरू सङ्गृहीत छन् भने **साल्गीको बलात्कृत आँशु** (२०४३) र **बधशाला जाँदा-आउँदा** (२०४९) कथा सङ्ग्रहका कथाहरू वर्गीय द्वन्द्व, असमानता, उत्पीडन, अन्याय अत्याचारका कित्ता नाघेर वर्ग सङ्घर्ष एवं द्वन्द्वको धरातलमा पुगेका छन्। पारिजातको प्रगतिवादी चेतना साल्गीको बलात्कृत आँशुमा प्रबल छ तर बधशाला जाँदा-आउँदामा खस्केर आलोचनात्मक यथार्थसम्म ओर्लेको छ भन्ने धारणाहरू पनि व्यक्त भएका पाइन्छन् (भट्ट, २०५९ : ८५)।

### ३.२.३ कवि पारिजात

वि.सं. २०१३सालको **धरती** पत्रिका -अङ्क १, पूर्णाङ्क-२ मा उनका तीन फुटकर कविताहरू 'व्यर्थ प्रयास' आज बिदाको दिन हो 'र' 'को हो यो' शीर्षकमा कविता प्रकाशित गरेर यात्रा अगाडि बढाएकी पारिजातका कविता सङ्ग्रहहरू निम्न छन् :

(क) **आकांक्षा** (२०१४)-१५ वटा कविताहरू सङ्कलित ।

(ख) **पारिजातका कविताहरू** (२०४४)-३७ वटा कविताहरू सङ्कलित ।

(ग) **बैँसालु वर्तमान** (२०५०)-२६ वटा कविताहरू सङ्कलित ।

पारिजातका कविता सङ्ग्रहहरूमध्ये **आकाङ्क्षा** (२०१४) मा रोमान्सेली छायावादी प्रवृत्तिद्वारा प्रभावित निराश र विमुक्त प्रेमका विषयबाट अगाडि बढ्दै जीवनलाई विसङ्गत र निस्सार देख्ने चरम व्यक्तिवादी चिन्तनका कविताहरू रहेका छन् भने **पारिजातका कविताहरू** (२०४४) मा पनि अस्तित्ववादी विसङ्गतिवादी प्रवृत्तिकै कविताहरू रहेका छन् । **बैँसालु वर्तमान** (२०५०) पारिजातको सम्पूर्ण कविता साधनाको एक मात्र उच्चतम प्राप्ति हो भने नेपाली कविता साहित्यको आजसम्मको परम्परामा पनि अत्यन्त सफल उपलब्धि र प्रगतिवादी नेपाली कविता कित्तामा चाहिँ अद्वितीय नमुनाको रूपमा देखा परेको छ ।

बाल्यकालदेखि नै कविता लेखनमा विशेष रुचि राखेकी र छन्दहीन भएको आरोपमा तिरस्कृत बनेकी पारिजातको कवि प्रतिभा पनि सबल देखिन्छ । जीवनका आशा, निराशा, पीडा, द्वन्द्व, यथार्थ र वेदना जस्ता पक्षहरूलाई उनले कविता विधाबाट अभिव्यक्त गरेको पाइन्छ ।

### ३.२.४ आत्मसंस्मरणकार पारिजात

वि.सं. २०२९ देखि सुरु भएको पारिजातको आत्मसंस्मरण लेखन पनि निकै चर्चित बनेको छ । उनका प्रकाशित आत्मसंस्मरणात्मक कृतिहरू निम्न रहेका छन्:

(क) **धूपी, सल्ला र लालीगुराँसको फेदमा** (२०३४)

(ख) **एउटा चित्रमय सुरुवात** (२०४५)

(ग) **अध्ययन र संघर्ष** (२०५०)

**धूपी, सल्ला र लालीगुराँसको फेदमा** २०२९ सालतिर लेखिएको र २०३१ तिर **रूपरेखामा** धारावाहिक रूपमा प्रकाशित आत्मसंस्मरणहरूको सङ्कलित कृति हो । **अध्ययन र सङ्घर्ष** पनि यसैको निरन्तरता हो । दार्जिलिङ फर्कंदा सम्मका घटनावली यसभित्र समेटिएका छन् । **एउटा चित्रमय सुरुवात** कृतिमा १९ वटा फुटकर संस्मरणहरू छापिएका छन् । यसमा पारिजातका जीवन यात्राको छ्यासमिसे भोगाइहरूको विवरण छ ।

### ३.२.५ प्रबन्ध–निबन्धकार पारिजात

पारिजात साहित्यका अन्य विधामा जस्तै प्रबन्ध, निबन्धमा पनि त्यत्तिकै अगाडि रहेकी छिन् । उनका फुटकर प्रबन्धहरू निम्न रहेका छन् :

*मुजुवा बगर, मेरो अस्मिता, धर्म सारसंक्षेप: जनजाति र महिलाहरू, पहिलो साहित्यिक अभिव्यक्ति, तरल आँखाहरूमा सहिद सागर सिंह, १९८६, विश्वका महिलाहरू (पाकिस्तान), अन्तर्राष्ट्रिय महिला दिवस, केही झलक, यी विवश द्रौपदी र सीताहरू, "संशोधनवादी साहित्य कस्तो हुन्छ ?", थाक्नु हुँदैन हतियार समाउने हातहरू, चालीस साल चैत्र मसान्तको अभिनन्दन, "भ्रम हटोस्", 'महिला पुस्तक प्रदर्शनी', बौद्ध दर्शनको एउटा पद्धति, आज आफ्नै कुरा, ६ गते काठमाडौं, तपाईं लोकगीत गाउनुहुन्न ?, गैंडा वाइल्ड लाइफको नपाइने प्रथम पुरस्कार, प्रेमचन्द जयन्ती मेरा अनुभवहरू, मसीसँग पसिना पनि चुहुन्छ, बाल विकास हुँदैछ, माल कि चार नम्बर, तपाईं जहाँ हुनुहुन्छ हामीसमक्ष आउनुहोस्, सचेतनता, १९८६ विश्वका महिलाहरू, प्रतिगामी विचार, विकास र प्रशासन, माधवीको आडमा ...... हेपाहा दृष्टि राख्नेहरू, विमोचन कति सार्थक, कति उपलब्धि ?, कथा लेख्न गाह्रो छ , आदर्श होइन कृत्रिम, इसास सांस्कृतिक कार्यक्रम हेरेपछि , पत्र बान्तवा डिकलाई , 'नो' भन्न सक्नुपर्छ, आजका चर्चित राज्य र मागहरू, पंकज के.सी.को पीडाबोध, ऐंजेरु धर्मको रोपाईं, यिनीहरू किन सुतेका ? सुन चाँदीका पुल बनाऊ, पतनको बाटो खन्नेहरू, चार लेखकलाई केही खस्रो मसिनो, बेलाबखतका उद्गारहरू, खल्तीमा केही राख्नुस्, मेरो सुषुप्ति र सखुवाका फूलहरू, एउटा पत्र लोचन भट्टराईको नाममा, रजनीशको आलोचना र रजनीशकै प्रचार, अजेय र अमर जीवन बाँच्ने कार्ल मार्क्स ।*

पारिजातले आफ्ना बौद्धिक, तार्किक एवं कलात्मक प्रतिभाको प्रस्तुति गर्ने काम उनका प्रबन्धहरूमा भएको छ भने २९ वटा निबन्धहरूको सङ्गृहीत पुस्तकाकार कृतिको रूपमा **आधी आकाश** निबन्ध सङ्ग्रह (२०४८) प्रकाशित भएको छ। प्रस्तुत शोधपत्रको विषय नै

पारिजातको **आधी आकाश** निबन्ध सङ्ग्रहको कृतिपरक अध्ययन भएकाले यसको विस्तृत अध्ययन चौंथो अध्यायमा गरिएको छ ।

### ३.२.६. नाटककार पारिजात

पारिजातको अन्य विधामा जस्तै साहित्यको दृश्य काव्य कोटिमा पर्ने, सरल र सहज रूपमा मानव मनका भाव अभिव्यक्त गर्न सक्ने, वस्तुनिर्देश र सन्देश सम्प्रेषणमा समेत प्रभावकारी भूमिका खेल्ने नाटकमा उनको बेग्लै स्थान रहेको छ । पारिजातद्वारा प्रकाशित नाट्य रचनाहरू निम्न रहेका छन् :

**(क) एकाङ्कीहरूः**

(अ) **एक कठिन निष्कर्ष**

(आ) **अँध्यारोको नदी**

(इ) **आफ्नो रात**

**(ख) पूर्णाङ्की नाटक**

(अ) **एकजोडी अन्तराल**

आजसम्म चर्चामा नआए पनि यहाँ प्रस्तुत तीनओटा एकाङ्की र एउटा पूर्णाङ्की नाटकले उनी सशक्त नाटककार हुन् भन्ने प्रमाण प्रस्तुत गरेको छ। पारिजातको नाटक लेखन मुख्यतः दुई चरणमा विभक्त देखिन्छ। पूवार्द्ध चरणको प्रतिनिधित्व एकाङ्कीहरूले गरेका छन् भने उत्तरार्द्धको ओजस्वी रचना बनेर **एकजोडी अन्तराल** पूर्णाङ्की नाटक देखिएको छ ।

उल्लिखित नाटकहरूमा उनले नारी अस्मिता र जीवनको अस्तित्व, आत्मविश्वासले बाँचेको स्वाभिमान, शोषण र उत्पीडन विरुद्ध तीव्र आक्रोश, वैयक्तिक स्वतन्त्रता जस्ता सामाजिक परिवर्तनका सन्देश सम्प्रेषण गर्ने प्रयास गरेको पाइन्छ (घिमिरे : २०६५) ।

## ३.३ निबन्धकार पारिजातको निबन्ध यात्रा

वि.सं. २०१३ सालदेखि साहित्यको औपचारिक यात्रा आरम्भ गरेकी पारिजातको झण्डै चार दशकसम्म कायम रहेको छ। यस बीचमा उनले साहित्यका विभिन्न धारणा, चिन्तन

एवं आदर्शलाई अपनाउँदै विविध प्रवृत्तिगत स्वरूप देखाएकी छन् । यी प्रवृत्तिहरूलाई आधार मानी यहाँ उनको केवल निबन्धको क्षेत्रमा गरिएको योगदानलाई अध्ययनको सरलताको लागि चरण विभाजन गरी देखाइएको छ ।

### ३.३.१ **पहिलो चरण वि.सं. २०१३ देखि–२०२९ सम्म**

यस चरणमा विसङ्गतिवादी - अस्तित्ववादी प्रवृत्ति प्रबल रूपमा आएको छ । यस चरणको प्रारम्भमा पनि केही विसङ्गतिवादी - अस्तित्वादी चिन्तन भएका उत्कृष्ट निबन्धहरू पारिजातले लेखेकी छन् तर ती निबन्धहरू **रूपरेखा** पत्रिकाको प्रकाशनपछि मात्र प्रकाशित भएका छन् । यस चरणका निबन्धहरूमा **विश्वासले आँखामा पट्टी बाँधेको रात** (**रूपरेखा**, १२०), **बौलाहा मनस्थिति** (रूपरेखा १३७), **धूपीसल्ला र लालीगुराँसको फेदमा** (**रूपरेखा** १४१ र **रूपरेखा** १४६) आदि रचनामा पर्याप्त रूपमा उच्चता प्राप्त गरेकी छिन् । निबन्धमा उनको चिन्तन प्रबल छ । चेगुबारा र राल्फालीको आँखामा अर्को राल्फा' निकै उत्कृष्ट र सफल चिन्तन भएको निबन्ध हो । **व्यक्तिगत फायलबाट** (**रूपरेखा** ७५) र **धूपी, सल्ला र लालीगुराँसको फेदमा** चाहिँ आत्मसंस्मरण तत्त्वप्रधान भएका निबन्ध हो । संस्मरण साहित्यका क्षेत्रमा निबन्धात्मक लेखन भनेको अत्यन्त रोचक र लेखकको इमान्दारी युक्त प्रस्तुति रहने क्षेत्र हो । आत्मसंस्मरण तत्त्व प्रधानभएको निबन्ध **धूपी, सल्ला र लालीगुराँसको फेदमा** निबन्धमा पारिजातको दार्जिलिङ बसाईं अवधि वा बाल्यकालको स्मृति बिम्बमा कोरिएका परिस्थिति, घटना र स्मृति चिह्नहरूको वर्णन अत्यन्त रोचक ढङ्गले प्रस्तुत गरिएको छ । लेखन पहिलो चरणमा भएपनि पुस्तकाकार कृतिका रूपमा प्रकाशन चाहिँ दोस्रो चरणमा भएको छ । पारिजातको निबन्ध लेखनमा यो चरण उत्कृष्ट चरणको रूपमा देखा परेको छ ।

### ३.३.२ **दोस्रो चरण** (२०३० – २०४३)

आत्मपरकता यस चरणको मुख्य प्रवृत्ति हो । यस चरणमा पनि आत्मपरक प्रवृत्ति प्रधान भएको निबन्ध **अध्ययन र संघर्ष** देखा परेको छ । यो निबन्धको लेखन यस चरणमा भएपनि प्रकाशन चाहिँ अन्तिम चरणमा भएको पाइन्छ । प्रकाशनका दृष्टिले तेस्रो चरणमा पर्ने तर प्रवृत्तिका दृष्टिले दोस्रो चरणमा पर्ने यस निबन्ध पारिजातको सात वर्षको जीवनावधिमा आधारित रहेको छ । यस निबन्धमा पारिजातको विशेष गरी काठमाडौं आइसकेपछि दाजुको

आश्रयमा बस्नु, बिहे नगर्ने अठोट लिएका ठूलो दाजुको विवाह पछि आर्थिक रूपमा ज्यादै नै पराश्रित हुनु, भाउजूको निगाहमा बाँच्ने हुनु, चुलोको काम धन्दामा फुर्सद नभए पनि जसरी तसरी कलेज जानु, खल्तीमा एक पैसा नहुनु धन्दा गर्ने केटीसँग मतो मिलाई तरकारीको पैसाबाट नाफा निकालेर चुरोट खर्च धान्नु, भोक लागेपनि चूपचाप बस्न बाध्य हुनु, आवश्यक सामान लत्ता, कपडा आदिका अभावहरूले मुख बाएर चारैतिरबाट अस्तित्वलाई गिज्याउनु, अध्ययन र लेख्ने धुनले व्यक्तित्वलाई अलग्याउनु र आफ्नो ढाँचा दिँदै जानु जस्ता कुराहरूले गर्दा पारिजात जीवन प्रति चिन्तन गर्नतर्फ अग्रसर भएको पाइन्छ । यसरी सर्सर्ती हेर्दा उनको निबन्ध लेखनको द्वितीय चरण पनि सबल नै देखिन्छ ।

### ३.३.३ **तेस्रो चरण वि.सं.** (२०४४–२०५० **सम्म**)

यस अवधिमा प्रगतिवादी चिन्तनधारा मुख्य प्रवृत्तिको रूपमा देखापरेको छ । यतिबेला पारिजात मार्क्सवादी सिद्धान्तबाट प्रभावित भएर लेखेका प्रबन्ध, रचना र निबन्धहरू प्रकाशित भएको पाइन्छ । यस चरणमा आत्मसंस्मरण तत्त्वप्रधान रहेको **एउटा चित्रमय सुरुवात** (२०४५), फुटकर निबन्धहरूको सँगालो 'आँधी आकाश (२०४८) अध्ययन र सङ्घर्ष निबन्ध (२०५०), प्रकाशित भएका छन् **आधी आकाश** निबन्ध सङ्ग्रहमा नारीजातिको शोषण, उत्पीडन र त्यसले निम्त्याएका जटिल समस्यालाई केन्द्रित गरेर जति शृङ्खलित, सुदृढ र सशक्त रूपमा प्रस्तुत भएको छ, यस बाहेक नेपाली वाङ्मयमा अर्को कुनै कृति छैन (रुद्र खरेल, २०५१:१९०)। **एउटा चित्रमय सुरुवात** आत्मसंस्मरणात्मक शैलीमा पारिजातको जीवनको सर्सर्ती रूपरेखा कोरिएको छ भने अन्य लेखहरूमा साहित्य जनताको पक्षमा हुनुपर्छ र त्यसले परिवर्तन ल्याउन सक्नुपर्छ भन्ने कुरा उठाइएको छ ।

### निष्कर्ष

साहित्यकार पारिजात (१९९४ - २०५०) नेपाली साहित्यमा बहुआयामिक प्रतिभाको रूपमा परिचित छिन् । उनले आफ्ना जीवनका शारीरिक र मानसिक जटिलताका बाबजूद पनि साहित्यका विविध विधामा कलम चलाई नेपाली साहित्यको विकास र प्रबर्द्धनमा महत्त्वपूर्ण भूमिका निभाएकी छिन् । उनको रचनाधर्मितालाई हेर्दा एक सशक्त नारी प्रतिभा हुन् जसको अभावमा शून्यता छाएको महसुस भएको छ ।

*चौथो – अध्याय*

# विधातात्त्विक आधारमा 'आधी आकाश' निबन्ध सङ्ग्रहको विश्लेषण र अध्ययन

निबन्धकार पारिजातको एक चर्चित निबन्ध सङ्ग्रह **आधी आकाश** (२०४८) हो यस भित्र २९ वटा निबन्धहरू रहेका छन् । जसलाई विधातात्विक आधारमा विवेचना विवेचना गरिएको छ ।

## ४.१ 'स–साना कुरा' निबन्धको विवेचना

### ४.१.१ शीर्षक

निबन्धकार पारिजातद्वारा लिखित **आधी आकाश** (२०४८) निबन्ध सङ्ग्रहमा सङ्गृहीत निबन्ध मध्येको पहिलो निबन्ध *स-साना कुरा* हो । स-साना कुरा जसलाई हामी नगन्य ठानेर बेवास्ता गरिरहेका हुन्छौं त्यसले हाम्रो जीवनमा गम्भीर असर पनि पुऱ्याउँछ। खास गरी समाजमा बौद्धिक वर्गमा पर्ने व्यक्तित्वहरूलाई स-साना कुरा भनेर अनुत्तरदायी बन्ने प्रवृत्तिले गाँजेको कुरा प्रस्तुत निबन्धमा उल्लेख गरिएको छ। 'स-सानाकुरा' भनी उपेक्षा गरिँदा महान् उपलब्धि पनि गुम्न सक्छ भन्ने भाव व्यक्त गरिएको यस निबन्धमा विषयवस्तु र शीर्षकबीच सोझो सम्बन्ध रहेको छ ।

### ४.१.२ विषयवस्तु

हाम्रो समाजका बौद्धिक वर्गमा देखिएको अनुत्तरदायी प्रवृत्तिलाई विषयवस्तुका रूपमा उठान गरिएको छ । महान् उपलब्धि हात पार्ने कुरा गर्ने तर स-साना कुरालाई उपेक्षा गर्ने र उत्तरदायित्वबाट पन्छिन खोज्ने प्रवृत्तिलाई विषयवस्तु बनाइएको छ ।

### ४.२.३ **भाव विचार**

प्रस्तुत निबन्धमा भाव पक्षभन्दा विचार पक्ष सशक्त देखिन्छ । यहाँ हामीले स-साना कुरा भनेर वास्ता नगर्दा-नगर्दा स-साना प्रासङ्गिक गल्तीहरूको उपेक्षा गर्ने परम्परा बसालिसकेको कुरालाई उठाइएको छ । अनुत्तरदायी प्रवृत्तिरूपी सडक निर्माणको निम्ति कमभन्दा कम एउटा गोरेटो तयार भइसकेको कुरा गर्दै अझ यसलाई विकास हुन दिएमा गम्भीर समस्या बन्न सक्ने तर्फ सङ्केत गरिएको छ । अझ आफूलाई प्रगतिशील भन्न रुचाउने तर प्रगतिशील सामान्य अनुशासनको अक्षरशः नभएपनि केही अंश समेत पालना गर्न नसक्ने, गम्भीर समस्यालाई पनि स-साना कुरा भनेर पन्छाइदिने प्रवृत्तिको विरुद्ध जुध्न जरुरी भएको कुरा व्यक्त भएको छ । आजको हाम्रो उत्तरदायित्वको सबै भन्दा ठूलो रूप हो नयाँ समाजको निर्माण र त्यो उत्तरदायित्व दुई चार जना महाबलिहरूको काँधमा मात्र निर्भर छैन । "त्यो उत्तरदायित्व यति विघ्न भाग लागेर छिटिएर सूक्ष्म भएर हामीसँग आएको छ कि कति काम त हामीलाई आँखा नै लाग्दैन तर यस्तो सम्झनु गलत भएको धारणा व्यक्तिएको छ" (पृ.- ५) । हामीमा विकास भएको यस्ता खाले अनुत्तरदायी प्रवृत्तिको अन्त्य हुनुपर्ने विचार यस निबन्धमा आएको छ ।

### ४.१.४ **भाषा शैली**

यस निबन्धको शैली सहज हुनुका साथै तार्किक पनि रहेको छ । परात्मक निबन्धमा अपेक्षाकृत बौद्धिक भाषाको प्रयोग हुनु स्वभाविक हो । लेखकले आफ्ना अनुभूतिहरूलाई सरल र कलात्मक रूपमा प्रस्तुत गरेकी छिन् । यहाँ अनौपचारिक शैली अर्थात् मित्रसँगको कुराकानी गराइको शैली अभिव्यक्त भएको छ ।

### ४.१.५ **सन्देश**

प्रस्तुत निबन्धमा हाम्रो समाजमा जान्ने बुझ्ने र समाजलाई विभिन्न कोणबाट विश्लेषण गर्न सक्ने बौद्धिक जमातमा व्याप्त अनुत्तरदायी प्रवृत्तिको निराकरण हुनुपर्ने कुरा मूल रूपमा आएको छ । हामीलाई विकसित हुँदै गएको अनुत्तरदायी प्रवृत्तिले गर्दा कतै त्यो महान् र ऐतिहासिक उपलब्धिको निम्ति बोकिएको यो ठूलो उत्तरदायित्वको सम्बन्धित तन्तुहरू हाम्रो हातबाट छिनेर जान सक्छ र हाम्रो नयाँ समाज निर्माणको कुरा सपना साबित हुन सक्छ । त्यसैले प्रत्येक व्यक्तिले आपनो उत्तरदायित्व पूरा गर्नु पर्छ । अनुत्तरदायी प्रवृत्ति

बुद्धिजीवीहरूलाई लाग्ने रोग हो । त्यसैले स-साना कुरा भनेर बेवास्ता गर्ने, टालटुले प्रवृत्तिबाट मुक्त भएमा मात्र नयाँ र समुन्नत समाजको निर्माण हुने कुरा मूल सन्देशको रूपमा आएको छ ।

## ४.२ 'पर्वतकी छोरी' निबन्धको विवेचना

### ४.२.१ **शीर्षक**

**आधी आकाश** (२०४८) निबन्ध सङ्ग्रहभित्र सङ्गृहित *पर्वतकी छोरी* निबन्ध हिमाली, पहाडी भेकमा जन्मेकी जसले दुःख कष्टहरूको सामना गर्छे, तिनै छोरीहरूको कथा र व्यथालाई अत्यन्त कलात्मक ढङ्गले व्यक्त गरिएको छ । यहाँ रेडियो नेपालबाट बज्ने 'पर्वतकी छोरी हुँ म पार्वती हो नाउँ भन्ने गीत प्रति व्यङ्ग्य गर्दै पर्वतकी छोरीहरूको व्यथा अलग भएको कुरालाई प्रस्ट पारिएको छ। यस निबन्धमा विषयवस्तु र शीर्षकबीच घुमाउरो सम्बन्ध रहेको कारण सार्थकता पाइन्छ ।

### ४.२.२ **विषयवस्तु**

प्रस्तुत निबन्धमा 'पर्वतकी छोरी हुँ म पार्वती हो नाउँ' भनेर रेडियो नेपालबाट बजिरहने गीतको प्रसङ्गलाई लिएर नेपाली गाउँका पहाड र हिमालका पार्वतीहरूको व्यथालाई मूल विषय बनाइएको छ । गीत सुन्दा लाग्छ-पार्वतीकालीन वेशभूषा पहिरेर गौरीशङ्कर आमद बलम हिमालका कन्दराहरूभित्र जङ्गली फूलको माला भिरी आफ्ना गुलाफी पैतालाहरूले ओसिलो धरतीमाथि छपछप छाप बसाल्दै हिँडिरहेकी एउटी नेपाली बाला वा पर्वतकी छोरी पार्वती' अति सुन्दर र भावुक कल्पना ! तर वास्तविकता फरक छ फूल होइन पैतालाभरि तीर वा काँडा बिझेका, वन लहराको अँगालो होइन झरीभरी एक चौंथाइ रगत पिउने लेकाली जुकाको टोकाइ सहेका यी पार्वतीहरूको जीवनगाथा आँशु र पसिनामा उनिएका छन् । त्यसैले यस निबन्धमा पर्वतकी छोरीको वास्तविकता र रेडियो नेपालबाट बज्ने गीतलाई विषयवस्तुको रूपमा उठान गरिएको छ ।

### ४.२.३ **भाव /विचार**

प्रस्तुत निबन्ध *पर्वतकी छोरी*मा रेडियोबाट बजिरहने गीत 'पर्वतकी छोरी हुँ म पार्वती' हो नाउँ...... को सन्दर्भलाई लिएर नेपालका पार्वतीहरूको वास्तविकता के यही गीत जस्तै छ त ? झन्डै एकतिहाइ भू-भाग खाएको गर्मीमा बलौटे हुरी र आगोको भुङ्रो जस्तो हावासँग साक्षात्कार गर्दै बाह्रैमास पसिना बगाउने छोरीहरूको गीत होइन यो त्यहाँ पनि होलान् गुलाफी पैतालाहरू तातो भुइँमा पटपटी फुटिरहेका तर उक्त गीत उनीहरूको होइन त्यसैले उनीहरू पार्वतीहरू होइनन् । आफ्नै पाखुरीको भरमा बासी ढिँडो र मामरी भातले एकपेट धान्न विवश छन् वास्तविक पार्वतीहरू । "भनिन्छ ! उखान पहाडमा छोरीको जन्म नलिनू, मधेसमा गोरुको जन्म नलिनू त्यस्तै छ पार्वतीहरूको व्यथा । न त उसको प्रीत गुराँससँग फुल्छ न चाँपसँग नौमतीको बिहेको धुन र सँगै कहिल्यै नदेखेको अपरिचित अनुहारसँग बिदा हुन्छन् माइतीघरबाट " (पृ. - २५) । बिहान झिसमिसेमा नै पसिनाको थोपा निधारमा टल्काउँदै अनवरत खटिरहने पर्वतकी छोरी पार्वतीको वास्तविक व्यथा मूल भावको रूपमा आएको छ ।

### ४.२.४ **भाषाशैली**

प्रस्तुत *पर्वतकी छोरी* निबन्धमा सरल, सहज र सम्प्रेष्य भाषाको प्रयोग गरी अत्यन्त रोचक ढङ्गले प्रस्तुत गरिएको छ । विभिन्न उदाहरणका माध्यमबाट सहरमा कल्पना गरेर गाइने गीत र पर्वतका छोरीहरूको वास्तविकता बीचमा कति तादात्म्य रहेको छ भन्ने कुरालाई व्यक्त गरिएको छ ।

### ४.२.५ **सन्देश**

प्रस्तुत निबन्ध *पर्वतकी छोरी*मा दलीनभरि सक्कली मनी प्लान्टको झलर झुन्डिएको सुसज्जित खोपीमा राखिएको नरम विछ्याउनामाथि दिउँसोको आलस्य पचाउन पल्टेकी एउटी नगरबासी सुविधा भोगी महिला छेवैको रेडियोबाट बजिरहेको सुरिलो गीत सुनेर एउटा सुन्दर कल्पनामा डुब्दी हुन् तर यो गीत कल्पनाका आधारमा रचिएको छ न कि वास्तविक पार्वतीको व्यथा होइन । विहान कुखुरा बासेदेखि मशीन जस्तो चल्ने पार्वतीहरू जो काम मात्र गरेर जीवन बिताउँछन् जसको न घर आफ्नो न माइती आफ्नो जहाँ जाऊँ बस काम गरेर रुखा सुखाले पेट भर्नुसँग मतलब छ । कहाँ परिचित छन् र

यिनीहरू जीवनका गतिशीलताहरूसँग ? यस निबन्धले विशेषतः सहरमा गुन्जिने गीतले केवल सुविधा भोगी घरानियाँ परिवारका नगरवासी महिलालाई मनोरञ्जन दिने बाहेक केही गरेको छैन। वास्तविकतासँग परिचित भएर साँच्चिकै पर्वतका छोरीहरूसँग हातेमालो नगरेसम्म मुक्ति सम्भव छैन भन्ने सन्देश दिएको छ।

## ४.३ 'बोलाऊँ भने तिमीलाई बात लाग्ने डर' निबन्धको विवेचना

### ४.३.१ शीर्षक

निबन्धकार पारिजातद्वारा लिखित **आधी आकाश** (२०४६) मा सङ्गृहीत *बोलाऊँ भने तिमीलाई बात लाग्ने डर* निबन्धमा रेडियो नेपालबाट सहरका अल्लारेहरूले गाउँकी केटी सबैलाई पातलीले दुई चुल्ठो बाटिछ, हामीलाई ढाँटिछ.... जस्ता गीत गाएर साँच्चिकै सम्पूर्ण महिलाहरूलाई बात लगाइसकेका छन् अब त बोलाउँदा पनि बात लाग्ने डर भइसक्यो भन्ने कुरातर्फ सङ्केत गरिएको छ। यस निबन्धको विषयवस्तु र शीर्षकबीच घुमाउरो सम्बन्ध रहेको पाइन्छ।

### ४.३.२ विषयवस्तु

प्रस्तुत निबन्धमा राष्ट्रको मर्यादा रेडियो नेपालबाट प्रसारित हुने गीतहरू गाउँकी केटी सबैलाई वा गाउँका सिधा-साधा परिश्रम गरेर खाने गरिब केटी सबैको साझा हो। "साइँली-माइली पोइल गएछन्- गाउँघर नै सुन्ने पारेर 'जस्ता गीत गाएर हिँड्ने सहरका अल्लारेहरूले र महिलाको मर्यादाको बलात्कार गरेका छन्। गाउँघरमा बसेर परिश्रम गरी खाने महिलाहरूको यति अपमान किन ? "मुखमा नौनीको चिप्लो पोतेर र पेटमा षड्यन्त्रको त्यत्तिकै ठूलो गुफा बोकेका मान्छेहरूले महिलाको अस्मितामाथि कैयौं पटक बलात्कार गरिसकेका छन्" (पृ. - १६)। हाम्रो समाजमा हुर्किएको संस्कार, प्रवृत्ति र बेला-बेलामा रचिएका यस्ता खालका भावुक गीतहरूले कसरी महिलाको मर्यादामाथि बात लगाएका छन् ! भन्ने सवाललाई मूल विषय बनाइएको छ।

### ४.३.३ भाव/ विचार

यस निबन्धमा गाउँ केटीहरूलाई साझा ठान्दै दुईजना साइँली र माइली बिहे गरेर जाँदा गाउँका तन्नेरीहरूलाई गाउँघर नै सुन्ने लाग्छ। रेडियोबाट प्रसारित हुने यस्ता गीतहरू

गाएर हिँड्ने अल्लारेहरूले नेपाली नारीको अस्मितामाथि धेरै पटक बलात्कार गरिसकेका छन्। उल्लिखित गीतहरूले स्वास्नीमान्छेहरूलाई बात लगाइसकेका छन्। घर भनेको घर मात्र रहेछ, सुरक्षित बस्न बनाइएको एउटा चार दिवारी। हामी जहाँ पनिअसुरक्षित तर अट्टालिका र भवनमा बस्नेहरूसमेत सबै बलात्कृत भइसके। अब ती सेलो गायकहरूलाई भनिदिनू ; भूइँमा राख्दा दाग लाग्ला, काखमा राख्दा बात लाग्ला यस्ता भ्रूट र नकच्चरो गीत गाएर नेपाली स्वास्नीमान्छेहरूको मुक्ति गाथालाई चेपारो नपारुन, 'माटो बोकेर खाने जङ्गल जङ्गलमा सुत्केरी हुने जननी आफ्नो वनमाराको सीटाले बनाएको त्यो कथित छाप्रोलाई एक लात हानेर भत्काइदेऊ' हामीलाई एउटा ठूलो घर नबनाइकन धेरै छैन, हामी आफै त्यसको पर्खाल हुनेछौं। देशभित्र देशबाहिर जहाँसुकै महिलाहरूको स्थिति उत्तिकै दयनीय छ भने खालको भाव व्यक्त गरिएको छ।

### ४.३.४ भाषाशैली

निबन्धकारले प्रस्तुत निबन्धमा सहज र सरल भाषाको प्रयोग गरेको पाइन्छ। सम्बोधनात्मक शैलीमा अत्यन्त कलात्मक ढङ्गले आफ्ना विचारहरू पाठकसामु सम्प्रेषण गरिएको छ।

### ४.३.५ सन्देश

यस निबन्धमा नेपाल देश भन्ने नेपाली स्वास्नीमान्छेहरूको घर हो माइती मात्र होइन, देशबेचुवा, आइमाईबेचुवा भनेको कति घिन लाग्दा विशेषण छन्, यो कुरा अलि सामान्य बुद्धि हुनेहरूले पनि बुझ्छन् तर अफसोसको कुरो तिक्ष्ण बुद्धिहरू नै ब्यापार गर्न सिपालु हुन्छन्। नेपाली महिलाहरू बम्बई, लखनउ र कानपुर जस्ता महानगरीहरूमा 'नेपाली माल चाहिए' को माग पूरा गर्दा गर्दै भुसिया कुकुरको मृत्यु मरिरहेका छन्। सीमा पार गर्न हुँदैन भारतीय ब्वाँसाहरू हेप्न थाल्छन्। अब त यहाँका युवकहरूलाई, प्रशासकहरूलाई र नेताहरूलाई लाज लाग्नुपर्ने हो। ती लोकगीत, सेलोगीत लेख्ने गीतकारहरूलाई सोध्नुपर्छ- "बोलाऊँ भने तिमीलाई बात लाग्ने डर, नबोलाऊँ भने त तिम्रो प्रीतको पाप लाग्ने डर, ।" अब त आफ्नो मर्यादाको खातिर आवाज नउठाए बात लाग्छ, अब त यो साङ्लो नचुँडाए बात लाग्छ, अब त युद्ध नगरे बात लाग्छ भन्ने सन्देश पाइन्छ।

## ४.४ 'संघर्षको क्यानभासमा' निबन्धको विवेचना

### ४.४.१ शीर्षक

प्रस्तुत निबन्धमा पर्वतकी छोरी पार्वती हुन्छन् भने तराईकी छोरी सीता किन नहुनु ? भन्ने प्रश्न उठाउँदै नेपालको दक्षिणतिर फैलिएको तराईमा असंख्य सीताहरू छन्, नेपाली मूलका र भारतीय मूलका यिनीहरूमा पनि भावुकता छ, संवेदनशीलता छ। बलौटे हुरी शीतलहर र लूसँग सामना गर्दै दिनको बीसपल्ट पसिनामा नुहाएर पेट पाल्नुपर्ने समस्या झेलिरहेका महिलाहरूलाई सुन्दरता र यौन प्रतीकबाट झिकेर संघर्षको क्यानभासमा टाँगिन दिनुपर्छ भनिएको छ त्यसैले पनि शीर्षक र विषयवस्तु बीचमा सोझो सम्बन्ध रहेको छ भन्न सकिन्छ।

### ४.४.२ विषयवस्तु

निबन्धकार पारिजातद्वारा लिखित *संघर्षको क्यानभासमा* निबन्धले नेपालको तराई भेकमा बसोबास गर्ने महिलाहरूको वास्तविक चित्र उतार्न खोजेको छ। पर्वतमा जस्तै यहाँ पनि कठिन छ जीवन। सीताहरूको प्राकृतिक सौन्दर्य पहाडमा मात्र हुँदैन तराईमा पनि हुन्छ। भावुकता पहाडलाई लिएर मात्र तरङ्गित हुँदैन, तराईलाई लिएर पनि हुन्छ तथापि सौन्दर्यका गीतकारहरू पार्वतीको नाउँ मात्र लिन्छन्, लालीगुराँस र चाँपमात्र देख्छन्, लेकाली कुलकुले खोलामात्र देख्छन्। धूपी सल्लाका सुसेली मात्र सुन्छन्, त्यसैले सीताहरू देख्दैनन्, आँप र बयरका मञ्जरीहरू देख्दैनन्, कोशी र बागमतीको फैलावटहरू देख्दैनन् र रहरको खेतहुँदो पसिना पुछ्दै हिँडिरहेका सीताहरू देख्दैनन्। यहाँ तराईमा बसोबास गर्ने महिलाहरूको यथार्थलाई विषयवस्तु बनाइएको छ।

### ४.४.३ भाव/विचार

प्रस्तुत निबन्धमा पहाडका अथाह र विपूल प्राकृतिक सौन्दर्यमा गरीब, झुत्रे र असुरक्षित पार्वतीहरू विचरण गर्छन्। "तराईको अर्को कुनै तस्वीर छैन। यहाँ पनि गरीब, झुत्रे र असुरक्षित सीताहरू त्यसरी नै विचरण गर्छन् गोमन, करेत र विच्छीको सन्त्रासलाई सधैंभरि छालासँगै टाँसेर सधैं पाखुरी बजारिरहन्छन् , यिनीहरू तिरस्कृत सीताहरू हुन् सधैंभरि बात लगाइएका धोवीहरूबाट यिनीहरूसँग मर्यादा पुरुषोत्तम राम हुँदैन" (पृ.- २६)। भारतीय मूलका नेपाली सीताहरूको निम्ति अब कुनै राजकुमार र सामन्त गाण्डिव धनु भाँच्न

आउँदैनन् त्यस समाजद्वारा लुप्चा तुल्याइएका पुरुषहरू विवश सीताहरूको स्त्रीत्वसँग अपमानजनक खेल खेलिरहन्छन् उनीहरूको मूल्यलाई रेडियो, क्यासेट, घडी र नगद राशिसँग जोख्दै । तिलक र दाइजो प्रथाले काँचै खाएका, प्राकृतिक सुन्दरतासँगै प्रकृतिको प्रकोपसँग जुध्न बानी परेका तराईका सीताहरूको वास्तविकता छर्लङ्ग पार्न खोज्नु यस निबन्धको मूल भाव हो ।

### ४.४.४ भाषाशैली

प्रस्तुत *संघर्षको क्यानभासमा* निबन्धको भाषा अत्यन्त सरल र सहज रहेको छ । सामान्य पाठकले पनि सजिलै बुझ्ने गरी व्यक्त गरिएको यस निबन्धमा वर्णनात्मक शैलीको प्रयोग गरी अत्यन्त रोचक ढङ्गले पाठक सामु सम्प्रेषण गर्न सक्नु निबन्धकारको कलात्मक विशेषता हो ।

### ४.४.५ सन्देश

पहाडमा पार्वतीहरू जति दुःख, सास्ती खेपिरहेका हुन्छन् त्यत्तिकै तराईमा सीताहरू पनि कम दुःख खेपेका छैनन् । पसिना र कामबाट मूल्याङ्कन गरिनुपर्ने यी पार्वती र सीताहरूको मध्यस्थमा यदि कोही फाल्तु महिलाहरू छन् र यदि उनीहरूमध्ये कसैलाई मुक्तिको भावनाले पिरोलेको छ भने मौनता अब सामाजिक अपराध हुन जानेछ । सुन्दरताको विज्ञापन होइनन् महिलाहरू जसरी पूँजीवादी र सामन्तवादी समाजले बनाइरहेको छ । "मुक्तिको भावना फैलाउन चाहनेहरूले पहिरो र बाढीका विभीषिकाहरूलाई जुधाइदिनुपर्छ, लेकाली कुहिरो र तातो हावालाई समागम गराइदिनुपर्छ" (पृ. २७) । आँशु र पसिनाले भिजेका सखुवाका फूलहरूलाई साटासाट गराई दिनुपर्छ भन्दै दाइजो र तिलक प्रथाको विरोध यसको मूल सन्देश हो ।

## ४.५ 'आँशुभन्दा महँगो पानी' निबन्धको विवेचना

### ४.५.१ शीर्षक

आँशुभन्दा महँगो पानी निबन्धमा पानी साँच्चिकै आँशुभन्दा महँगो साबित भएको छ । तेस्रो विश्वका महिलाहरू पानी समस्यासँग जुधिरहेको प्रसङ्ग उठाउँदै नेपाल जलस्रोतको धनी देश १४ अञ्चलमध्ये १० अञ्चलको नाम नदीबाट राखिएको छ तथापि यहाँ पनि पानी

आँशुभन्दा महँगो छ। विकासे फाइलमा अथवा देशको मानचित्रमा छाती फुकाएर बग्ने कोशी-कर्णालीको सार्थकतामाथि प्रश्न चिह्न खडा भएको कुरा उल्लेख गरिएको यस निबन्धमा शीर्षक र विषयवस्तुबीच निकट सम्बन्ध रहेको पाइन्छ।

### ४.५.२ विषयवस्तु

प्रस्तुत निबन्धमा पानी बिना प्राणीको कल्पना गर्न नसकिने, पानी प्राणीको श्वास र जीवन भएको कुरा उल्लेख गरिएको छ। विश्वको तीन खण्ड ओगटेर बसेको पानी, जमिन खन्दा निस्कने पानी, आकाशबाट बर्सने पानी यो सहज उपलब्ध पानी तर बिडम्बना के छ भने आजपर्यन्त विश्वका कैयौं मुलुकहरूमा यो पानी एउटा जल्दोबल्दो समस्याको रूपमा रहेको छ। र यो समस्यालाई विश्वको आधा धरती ओगटेर बसेका महिला जातिले नै भोग्दै आएका छन्। तेस्रो विश्वका कतिपय मुलुकहरूमा महिलाहरूले भोग्नु परेका पानीको समस्या १९८५ को जुलाई महिनामा केन्याको राजधानी नैरोबीमा भएको अन्तर्राष्ट्रिय महिला सम्मेलनबाट पारित प्रतिवेदनको प्रसङ्ग उठाउँदै मुख्यतः महिलाको सामाजिक र पारिवारिक समस्या दाउरा, घाँस, पानी र नानीमा सीमित रहनु परेको कुरालाई विषयवस्तु बनाइएको छ।

### ४.५.३ भाव/ विचार

कतिपय अन्तर्राष्ट्रिय सम्मेलनहरू पानीकै विषयमा छलफल गर्न र समाधानका उपाय निकाल्न आयोजना गरिन्छन्। मानव सभ्यताको पहिलो बिहानी छर्ने नारी जातिले पानी समस्यासँग जुधेको इतिहास पनि महत्त्वपूर्ण छ। विशेषतः तेस्रो विश्वका कतिपय मुलुकहरूमा पानी समस्या भीषण यातनाको रूपमा भोग्दै आएका छन्। छालासँगै ती पानी यातनाका गाथाहरू वर्णनातीत छन्। त्यो दुःख उनीहरूको जीवनको अनिवार्य अङ्ग हो जसरी पानी अनिवार्य। शयनकक्षमा धारा राख्नेहरूले यस्तो कुरा विश्वास गर्दैनन्। तर विश्वसभ्यताको टेलिस्कोपबाट आज पनि यी समस्याहरू छर्लङ्ग देखिँदैछन् विश्वका भारत, अफ्रिका लगायतका देशहरूमा पानी साँच्चिकै आँशुभन्दा महँगो छ। "हाम्रो देशको सन्दर्भमा हेर्दा पनि पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म असंख्य खोला-नालाहरू छन् तर पनि यहाँ पानी समस्या त्यत्तिकै जर्जर छ" (पृ. - ३४)। नैरोबीको सम्मेलनले पानीलाई मुख्य विषय बनाएर प्रतिवेदन पारित गऱ्यो तर हाम्रा कोशी कर्णालीका छोरीहरू एक घल्चा पानीको

निम्ति बाह्रौ घण्टा पसिना बगाउँदैछन् बरु आँशु सजिलै महिलाहरूको आँखामा छचल्किरहेको हुन्छ तर पानीको लागि भोक थकान केही नभनी सास्ती खेप्नुपर्छ भन्ने भाव व्यक्त भएको छ ।

### ४.५.४ भाषाशैली

प्रस्तुत निबन्धमा सरल भाषाको प्रयोग गरिएको छ । सामान्य पाठकले पनि सजिलै बुझ्न सक्छ भने वर्णनात्मक शैलीमा तेस्रो विश्वका मुलुकहरूमा महिलाहरूले खेप्नु परेका समस्यालाई मर्मस्पर्शी ढङ्गले व्यक्त गरिएको छ ।

### ४.५.५ सन्देश

पानी नभईकन कुनै पनि प्राणी जीवन्त रहन नसक्ने कुरा यथार्थ हो । आदिकालदेखि नै पानी समस्यासँग महिलाहरूले जुध्ने गरेका छन् । "भारतको कुनै मरुस्थलमा महिलाहरू वृद्धदेखि लिएर स-साना बालिकासम्म झिसमिसेको शीतमा पाइताला रोप्दै पानी लिन जान्छन् र मध्यान्हको भूङ्रोजस्तो रापिएको बालुवामा टेक्दै पानी लिएर फर्कन्छन त्यो पानी संसारको सबैभन्दा महँगो वस्तु हो" (पृ. ३३) । अफ्रिकामा पनि यस्ता यातना कथाहरू उत्तिकै छन् । हाम्रो देशमा पनि पानीको हाहाकार छ । महिलालाई पानी बोकाउनको लागि एउटा उखान प्रयोग गरिन्छ : 'पानी फारो गर्ने आइमाई लच्छिनकी' भनेर । अन्तर्राष्ट्रिय स्तरमा पानी समस्या र नारीहरूको योगदान जस्ता विषयमा छलफल गरेर प्रतिवेदन पारित गर्दैमा केही अर्थ रहँदैन, जतिबेलासम्म कोशी र कर्णालीका छोरीहरू एक गाग्री पानीको लागि घण्टौं पसिना बगाउनुपर्छ, भन्ने सन्देश यहाँ व्यक्त भएको छ ।

## ४.६ 'राष्ट्रिय ट्रफी' निबन्धको विवेचना

### ४.६.१ शीर्षक

प्रस्तुत निबन्धमा पुँजीवादी सभ्यतामा हुने विभिन्न किसिमका प्रतियोगिताहरू जस्तै : सौन्दर्य प्रतियोगिता, बागवानी प्रतियोगिता र पाक विज्ञान प्रतियोगिता जस्ता प्रतियोगितामा सीमित वर्गका महिलाहरू सहभागी हुन्छन् र उनीहरूले ट्रफी जित्छन् तर फाइदा भने पुरुषहरूलाई पुगेको हुन्छ 'तेस्रो विश्वका गरिब मुलुकहरूका स्वास्नीमान्छेहरूको तीतो यथार्थ

बुझेर तिनीहरूबीच प्रतियोगिता गराउनुपर्छ र राष्ट्रिय ट्रफी तिनीहरूले जित्नुपर्छ भन्ने कुरा व्यक्त भएको छ । यहाँ शीर्षक र विषयवस्तुबीचमा निकै तादात्म्य देखिन्छ ।

### ४.६.२ **विषयवस्तु**

यस निबन्धमा भारतीय महिला पत्रिका **मनोरमा**को कुनै एउटा अङ्कमा हजार रूपैयाँबाट सुरु गरेर ६ वटा ठूला-ठूला कारखानाको मालिक भइसकेकी उद्यमी, उद्योगपति महिलालाई भारतीय राष्ट्रपति ज्ञानी जैल सिंहले विशिष्ट राष्ट्रिय ट्रफी प्रदान गरेको प्रसङ्गलाई जोड्दै महिलाहरूलाई विभिन्न प्रतियोगितामा सहभागी गराइन्छ तर फलको भागी पुरुषहरू बन्छन् भन्ने कुरालाई मूल विषय बनाइएको छ ।

### ४.६.३ **भाव/विचार**

भारतीय उद्यमी महिलाले विशिष्ट ट्रफी पाएको प्रसङ्गलाई कोट्याउँदै महिलाहरूबीच हुने विभिन्न प्रतियोगिता र त्यसबाट महिला नै कसरी शोषित भएका छन् भन्ने कुराको विश्लेषण गरिएको छ । सौन्दर्यको कसी रूप अर्थात् छाला र शरीरका विभिन्न अङ्गहरूको नापजोख होइन र हुन पनि सक्दैन । विश्व सुन्दरी घोषित भएर एउटा देशको भाडाको टट्टू भएर युद्धरत सिपाहीलाई मनोरञ्जन दिन जानु वास्तवमा त्यो देशको विजय होइन । पाक प्रतियोगिताको फेशन पनि तेस्रो विश्वका गरीब मुलुकहरूमा प्रशस्त चलेको छ । “बागवानी, फूल सजावट, गृह सज्जा आदि जस्ता प्रतियोगितामा हुनेखाने महिलाहरूको सोख र होड मात्रै हो तर यहाँ फाइदा पुरुषले नै लिएका छन्” (पृ. - ३८) । यस्ता प्रतियोगिताहरू महिलाहरूलाई प्रयोग गरेर पुरुषहरूले फाइदा उठाउने तरिका मात्र हुन् त्यसैले तेस्रो विश्वका महिलाहरूको वास्तविक पहिचान र उनीहरूमा व्याप्त पीडाको बारेमा सुनुवाई हुने प्रतियोगिता हुनुपर्छ भन्ने विचार व्यक्त भएको छ ।

### ४.६.४ **भाषाशैली**

प्रस्तुत निबन्धमा सहज, सरल र बोधगम्य भाषाको प्रयोग गरिएको छ । सामान्य पाठकले पनि सजिलै बुझ्ने गरी निबन्धकारले आफ्ना विचारहरू वर्णनात्मक शैलीमा अत्यन्त रोचक ढङ्गले व्यक्त गरेकी छन् ।

#### ४.६.५ सन्देश

राष्ट्रिय ट्रफी निबन्धमा महिलाहरूलाई शोषण गर्नको लागि अनेक खालका प्रतियोगिताहरू हुन्छन् तर यसले फाइदा पुरुषहरूलाई भएको हुन्छ भने त्यसमा निम्न वर्गको पहुँच पनि पुगेको हुँदैन । "तेस्रो विश्वका गरिब मुलुकहरूका स्वास्नीमान्छेहरूमा कुन-कुन स्वास्नीमान्छे आधा पेट खाँदै, आधा दर्जन लालाबालालाई आफ्नै छातीको दूध चुसाउँदै, अर्काको बनीबुत्तो गर्दै, जीउमा भिजेको लुगा जीउमा नै सुकाउँदै, मक्काउँदै दिनभरि मालिकको हप्कीदप्की सहँदै, राति गरिब र कुण्ठित लोग्नेको लात खाँदै, उनीहरूको इच्छा अनुसार शारीरिक तृप्ति दिँदै, असीम शारीरिक तथा मानसिक यातना खप्दै पनि मर्न नसकेका अझ दीर्घजीवी भएर बाँचिरहेका छन्" (पृ. - ३८) । प्रतियोगिता यसमा हुनुपर्‍यो, यस्ताहरूले राष्ट्रिय ट्रफी जित्ने समाज र परिवेशको निर्माण हुनुपर्छ भन्ने सन्देश दिइएको छ ।

### ४.७ 'अपील कुम्भकर्णहरूलाई' निबन्धको विवेचना

#### ४.७.१ शीर्षक

यस अपील कुम्भकर्णलाई निबन्धमा महँगीले आकाश छुँदै जाँदा 'टाइट बजेट' र गरिब परिवारका महिलाहरूले फारोतिरोका तनाउमा पिल्सिएर स्वाभाविक जीवन बाँच्न नसकेको यथार्थ प्रस्तुत गरिएको छ । पैसा र बुद्धि भएका तर पीडितहरूको आवाज नसुनी दिमागी निन्द्रा सुत्ने कुम्भकर्ण महिलाहरूलाई पीडित महिलाहरूको घाउमा मलमपट्टी गर्नको लागि मैदानमा आउन अपील गरिएको छ त्यसकारण पनि यस निबन्धको शीर्षक र विषयवस्तुको बीचमा सम्बन्ध गाढा देखिन्छ ।

#### ४.७.२ विषयवस्तु

मान्छेको मनस्थितिमा तुरुन्त परिवर्तन ल्याउने शरीरको अङ्ग हो पेट र स्थिति हो भोक/भात अथवा भातको विकल्पमा अरू जतिसुकै गरिब आहार पनि खानभन्दा अघि र खाइसकेपछि मान्छेको मनस्थितिमा निश्चित रूपले परिवर्तन आउँछ । तत्कालीन समयमा देशमा बढिरहेको महँगीको समस्याले गर्दा डेरावाल विद्यार्थी र गरिब परिवारका महिलाहरूले भोग्नु परेको जर्जर अवस्थालाई विषयवस्तुको रूपमा उठान गरिएको छ ।

### ४.७.३ भाव/विचार

भोको पेटले मानिस केही गर्न सक्दैन । देशमा उठिरहेको विकराल महँगीको मारले गरी खाने वर्गको ढाड नराम्ररी सेकिदिएको छ। गरिब परिवारका महिलाहरूलाई बाह्रै महिना फारोतिरोको तनाउ, दुई दिन पाहुना आउन हुँदैन बजेट लङ्गडो हुन्छ, परिवारको एकजना सदस्य साधारण बिरामी पर्नु हुँदैन बजेट लङ्गडो भइहाल्छ । यी दुःखी महिलाहरू शब्दहरूको जञ्जाल बुझ्दैनन् उनीहरू बुझ्छन् केवल महँगी । एक वर्गका महिलाहरू यस्ता पनि छन् जसलाई शब्दहरूले छुँदैनन् शब्दहरूसँग खेल्ने प्रशस्त पैसा छ उनीहरूसँग । "जनताले रोटी पनि खान पाएनन् भन्ने सुन्दा किन रोटीको बदला केक खाए हुँदैन ? भन्ने प्रश्न गर्ने जमात जसलाई पैसाले बुद्धिमा विर्को लगाइदिएको छ" (पृ. - ४०) । अर्का थरी महिलाहरू छन् । शब्दहरूको अक्षरशः अर्थ बुझ्छन् र यो पनि बुझ्छन् कि पैसा विना बुद्धिले मात्र यी शब्दहरूसँग जुध्न नसकिने कुरा तर तिनीहरू दिमागी निन्द्रा सुतेर बस्छन्। त्यस्ता कुम्भकर्णहरूलाई अपील गर्नु यस निबन्धको मूल भाव हो ।

### ४.७.४ भाषाशैली

प्रस्तुत निबन्ध सहज र सरल भाषामा सामान्य पाठकले पनि बुझ्ने गरी विवरणात्मक शैलीमा लेखिएको छ । विषयवस्तु सामान्य भएपनि प्रस्तुतीगत कलाका कारण निबन्ध रोचक बनेको छ। गद्यात्मक भाषामा समाजको यथार्थ चित्र उतारेर पाठकसामु छताछुल्ल पारिएको छ ।

### ४.७.५ सन्देश

"भोक, नै मान्छेको प्रमुख समस्या हो, आहारा विना कुनै पनि मानिस बाँच्न सक्दैन" (पृ. ३९)। देशमा बढेको महँगीको कारण निम्न वर्गमा हाहाकार मच्चिएको छ । जम्माखोरहरू छन्, दुई नम्बरी त चल्ने नै भयो तर विपन्न वर्गका महिलाहरूको सुस्केरा आँशुले केवल मनको घाउ पाकिरहेको छ । खुसी भनेको प्रकृतिको कुन कुनामा हुन्छ थाहा छैन र पीडाले छटपटिएर ज्युँदै जलिरहेका छन् । कुम्भकर्णको निन्द्रामा सुत्ने आफ्नो मात्र स्वार्थमा निर्लिप्त हुने मानवीय संवेदना हराइसकेकाहरूलाई एकपटक अपील गरेर ब्युँझाउनुपर्छ । यदि यस्ता महिलाहरूले आफ्नो बौद्धिक अस्मिताको जगेर्ना चाहन्छन् र आधी आकाश हाम्रो हो भन्ने ठान्छन् भने यी शब्दहरूसँग विना पैसा जुध्न सक्छौं । ती शब्द नबुझ्ने मात्र महँगी झेल्ने

आधा मासु भएका विवश महिलाहरूलाई साथ दिएर, त्यस्ता जम्माखोरहरू र दुई नम्बरी धन्दा गर्नेहरूका विरुद्ध संघर्षको मैदानमा उत्रनुपर्छ। जीवन एक्लै र सुटुक्कै बाँच्नु र सुटुक्कै मर्नुभन्दा समूहमा मर्दा जीवनको अर्थ हुन्छ भन्ने सन्देश व्यक्त भएको छ।

## ४.८ 'आत्मबोध' निबन्धको विवेचना

### ४.८.१ शीर्षक

प्रस्तुत निबन्धमा जर्मन बुद्धिजीवी महिला मारियाना नेपालको तीन महिने भ्रमणमा आउँदा भारतको बाटो हुँदै रेल यात्रामा आएको र उक्त रेलको लेडिज कम्पार्टमेन्टमा स-साना दुई केटाकेटीको जननीले तेस्रो शिशुको जन्म त्यहीँ सहज ढङ्गले दिएको र सालनाल आफ्नै दाँतले काटेको दृश्य देखेर मारियानालाई अचम्म मात्र लागेको छैन आफू लगायत पशिचमी मुलुकका महिलाहरू साँच्चिकै कमजोर भएछौं भनी आत्मबोध पनि भएको छ। महिलाहरू वास्तवमै शक्तिशाली रहेछन् भन्ने तथ्यलाई स्वीकार गरिएको हुँदा यो शीर्षक सार्थक ठहर्दछ।

### ४.८.२ विषयवस्तु

जर्मनी बुद्धिजीवी महिला नेपालको भ्रमणमा आउँदा बाटोमा देखेको घटना जसले गर्दा उनलाई आत्मबोध भएको छ। यात्रा गर्दागर्दै सजिलै निश्चिन्त बनेर बच्चा जन्माउने भारतीय जननीको त्यो क्रियाकलाप उनलाई साँच्चिकै अनौठो लागेको छ। महिलाहरू कति सशक्त हुँदारहेछन् भन्ने कुरा मारियानाले राम्रोसँग देखिसकेपछि आफूलाई आत्मबोधको साथै पश्चमी मुलुकका महिलाहरू कति हदसम्म दुर्बल रहेछन् भन्ने कुराको महसुस गरेकी छन्। प्राकृतिक रूपमै महिलाहरू सवल छन् भन्ने कुरालाई विषयवस्तुको रूपमा उठान गरिएको छ।

### ४.८.३ भाव/विचार

मारियाना नेपाल आउने बेलामा उनी एक किसिमले अचम्मित भएकी थिइन् र उनमा पनि आत्मबोध भएको थियो। उनले यात्रामा देखेको दृश्य पश्चिमी महिलाका लागि जीवनको अविस्मरणीय घटना भएको थियो। जर्मनमा भएको भए पत्रिकाको पहिलो पाता यसै घटनाले

ओगटेको हुन्थ्यो, उनलाई हेर्ने दर्शकको भीड लाग्थ्यो र उनी रातारात धनी र प्रसिद्ध भइसक्थिन् तर भारतमा यस्तो घटना सामान्य रहेछ भनेकी छिन् । मारियानाको मानसिकतालाई गहिरो धक्का दिएको छ र उनलाई स्त्रीत्वबोध भएको छ । “पश्चिमका महिलाहरूलाई पैसाले, वैज्ञानिक, प्राविधिक सुविधाहरूले पुरुषको विलासको साधन हुनाले शक्तिह्रास भइसकेको छ” (पृ. ४५) । गरिब, अन्याय र अत्याचारले गर्दा मारियानाले देखेजस्तो घटना हाम्रो देशमा प्रत्येक दिन घटिरहेका हुन्छन् । निःसन्देह यो स्त्रीहरूको शक्ति सापेक्ष कुरा हो । हुनसक्छ, मारियानाको आत्मबोध एउटा क्षणिक झस्के को रूपमा मात्र उनलाई अनुभूत भएको होस् हामीले चाहिँ के स्वीकार गर्नुपर्छ भने हामी नारी जाति प्राकृतिक रूपमा नै त्यत्तिकै शक्तिशाली र आत्मनिर्भर थियौं भन्ने भाव व्यक्त भएको छ ।

### ४.८.४ **भाषाशैली**

प्रस्तुत निबन्धको भाषा सरल र सुबोध्य छ । गद्यात्मक शैलीमा सीमित विषयवस्तुलाई सरक्क टिपेर पाठकलाई रोचक ढङ्गले आफ्ना विचार सम्प्रेषण गर्नु यस निबन्धको कलागत विशेषता हो । पाठकसँग गफ गराईको शैलीमा गहन विचार व्यक्त भएको छ ।

### ४.८.५ **सन्देश**

आदिम अवस्थामा यसो भनौं पशुवत् स्थिति रहँदासम्म लोग्ने मान्छेको काम स्वास्नीमान्छेलाई गर्भाधान गर्ने हुन्थ्यो । मातृसत्तात्मक समाजको अन्त्यपछि नारी जाति पुरुष समाजको बन्धनमा परेर क्रमशः कमजोर र परजीवी बन्दै आएको हो । हामी हजारौं वर्षको शोषणको संस्कारले ग्रसित छौं, “हामीलाई आफ्नो प्राकृतिक शक्तिमाथि विश्वास नै हुँदैन तर मानव इतिहास बताउँछ जसरी पशु समाजको पोथी जाति आजसम्म पनि आत्मनिर्भर र स्वयं सुरक्षित छन्, हामीलाई प्रकृतिले छुट्याएको थिएन, हामी पनि त्यस्तै थियौं उक्त सुत्केरी काण्डलाई लिएर मारियानालाई जसरी हीनताबोध साथै आत्मबोध भएको थियो, हामीलाई पनि हुन आवश्यक छ” (पृ. - ४६) । स्वास्नीमान्छे कमजोर लिङ्ग होइन भन्ने सत्यमा विश्वस्त हुनुपर्छ । हामीमा रहेको प्राकृतिक तथा मौलिक शक्तिप्रति शारीरिक , मानसिक कुनै पनि क्षेत्रमा हामी पुरुषभन्दा एक प्रतिशत पनि कम छैनौं । चाहिएको यत्ति छ कि हामी आफूलाई पुरुषरूपी हाँगामा फूलेको सुनगाभा नसम्झौं । बढी पुरुष मुखापेक्षी नभई आफ्नै मानसिकताको विकास गर्नुपर्ने सन्देश यस निबन्धको रहेको छ ।

## ४.९ 'मानुषी' निबन्धको विवेचना

### ४.९.१ शीर्षक

यस निबन्धमा हाम्रो समाजमा नारीहरूलाई भगवती, काली, शक्तिरूपा भनिन्छ तर नारी केवल नारी हो । वैज्ञानिक रूपमा नै सृष्टिको आदिकालदेखि अजस्र शक्तिको स्रोत नारी नै हो, जसरी बघिनी र पोथी चितुवा चतुर शक्तिशाली र आत्मनिर्भर छन् त्यस्तै नारी थियौ । नारी मानुषी हौ, तिमी कुनै देवी देवताको रूप होइनौ भन्ने उक्तिसँगै निबन्ध टुङ्गिएको छ त्यसैले यहाँ शीर्षक र विषयवस्तुबीच सोझो सम्बन्ध रहेको पाइन्छ ।

### ४.९.२ विषयवस्तु

स्त्री तिमी असीम शक्तिकी स्रोत हौं भनी शक्तिबोध गराइदिने एकथरी नारी शक्ति हिमायती पुरुषहरूले नारीहरूलाई विभिन्न रूपमा सजायँ दिने गर्छन् । विभिन्न धार्मिक ग्रन्थका उदाहरण दिएर 'स्त्री तिमी' सृष्टिको आदिकालमा हाम्री भगवती, महाकाली, दुर्गा, चण्डी थियौं, तिमीले कस्ता-कस्ता बलिष्ठ कालजयी राक्षसहरूलाई हत्या गरेकी छौं, शक्तिको पूजा गर्नु भनेको तिम्रो पूजा गर्नु हो, यसरी शक्तिबोध गराउनेहरू विशेष गरेर हिन्दू धर्मका प्रवर्तकहरू हुन्छन् । विश्वभरिकै स्त्रीहरूलाई यो आत्मबोध लागू हुँदैन । धार्मिक अन्धविश्वास र कल्पनाशीलताको आड लिएर शक्तिको अजस्र स्रोत भन्दै शोषणको कोलमुनि कसरी पेलिएका छन् भन्ने कुरालाई विषयवस्तु बनाइएको छ ।

### ४.९.३ भाव/ विचार

नारीहरू सृष्टिको सुरुमा बलशालिनी, सर्वेसर्वा थिए । आज जीवन र जगत्लाई हेर्ने विश्व दृष्टिकोण मानव सभ्यताको परिवर्तनकारी इतिहाससँगै विकसित भएको छ । हामी सप्रमाण जान्दैछौं कि नारीहरूको आदिकाल कस्तो थियो । त्यसैले नेपाली महिलाहरूलाई शक्तिबोध गराउनको निम्ति धार्मिक अन्धता र कल्पनाको आड नलिईकन वैज्ञानिक धरातलको आधारमा सत्य र तथ्यलाई अघि सार्दै लानु विचारशील महिलाहरूको कर्तव्य हुन आउँछ । "जैविकी तथा आनुवंशिक संरचना र यस प्रक्रियाले नारीहरू कमजोर र नियतिबद्ध भएका होइनन् , तेस्रो विश्वका हाम्रा जस्ता मुलुकहरूमा भने नारीहरू जतिसुकै शक्तिशाली मनिए पनि पुरुषहरूको पैतालामुनि नै छन्" (पृ. - ६२) । अब त हामीले भनिदिनुपर्छ, नारी

तिमी भगवती, काली, केही पनि थिइनौ, तिमी नारी थियौ केवल नारी । गुफा कन्दरामा एक्लै बस्ने जसरी बघिनी, सिंहिनी र पोथी चितुवा बस्ने गर्छन् । त्यस्तै शक्तिशाली मानुषी थियौं भन्ने भाव व्यक्त गरिएको छ ।

### ४.९.४ भाषाशैली

प्रस्तुत निबन्धमा निबन्धकारले सरल भाषाको माध्यमबाट पाठकले सहजै बुझ्ने गरी सम्बोधनात्मक शैलीमा विभिन्न धार्मिक ग्रन्थका उदाहरणहरू प्रस्तुत गरेर निबन्धलाई अत्यन्त रोचक ढङ्गले प्रस्तुत गर्नुलाई उनको कलागत विशेषता मान्न सकिन्छ ।

### ४.९.५ सन्देश

यस निबन्धमा नारीहरूलाई कुनै धर्मका प्रवर्तकहरूले दुर्गा, कालीको रूपमा शक्तिबोध गराउनु पर्दैन, उनीहरू वैज्ञानिक रूपमा मानव सभ्यताको आदिकालदेखि नै शक्तिका स्रोत हुन भन्ने कुरा इतिहासले पुष्टि गर्दछ । "विश्वको जुनसुकै पर्यावरणमा बाँच्न सक्ने प्रकृतिको भीषण खतरासँग सामना गरेर जङ्गली जनावरदेखि बचेर हिँडेका कुरा आज कल्पनातीत भइसकेका छन् तर सत्य यही हो, इतिहास साक्षी छ" (पृ. - ६२) । असीम प्राकृतिक शक्ति, साहस र आत्मनिर्भरताको अवशेष अझै तिमीसँग छ केवल आत्मबोध भइदिन पर्‍यो । नारी महिषासुर जस्ता शक्तिशाली बन्य जनावरसँग कुनै समय जुधेकी थियौ, आफ्ना लालाबालालाई बचाएकी थियौं त्यसैले पनि नारी साँच्चिकै मानुषी नै हुन भन्ने सन्देश यसले दिएको छ ।

## ४.१० 'आधी आकाश चाहनेहरूले' निबन्धको विवेचना

### ४.१०.१ शीर्षक

प्रस्तुत *आधी आकाश चाहनेहरूले* निबन्धमा महिलाहरूलाई पुरुष हैकमवाला समाजले बोलीचाली भाषा र साहित्यमा समेत कसरी अपहेलित गर्ने काम गरेको छ भन्ने प्रसङ्ग उठाउँदै महिला मुक्तिका हिमायतीहरू जसले आधी आकाश चाहन्छन् तिनीहरूले यसतर्फ ध्यान दिनुपर्ने कुरा व्यक्त भएको हुनाले अर्थात् निबन्ध सङ्ग्रहकै नाम यसै शीर्षकबाट रहेकोले पनि अत्यन्त सार्थक ठहर्दछ ।

### ४.१०.२ **विषयवस्तु**

जनसङ्ख्याको आधा हिस्सा ओगट्ने महिलाहरूलाई पितृसत्तात्मक समाजमा कसरी हेरिन्छ भन्ने कुरा उठाइएको छ । हाम्रो समाजमा महिलालाई गरिने सम्बोधन सुन्दा कति मायालु लाग्छ तर यसलाई गहिरिएर सोच्दा कति दमनकारी, कति अपहेलना, कति अपमान र शोषण लुकेको छ । बोलचालको भाषा प्रयोग गर्दा पनि रमाइलोका लागि पुरुषहरूले विभिन्न उखान टुक्का प्रयोग गरी महिलालाई होच्याउने गर्छन्, वास्तवमा नेपाली समाजमा महिलाहरू कतिसम्म शोषणको जाँतोमुनि पिल्सिएका छन् भन्ने प्रसङ्गलाई विषयवस्तु बनाइएको छ ।

### ४.१०.३ **भाव/ विचार**

आधी आकाश चाहनेहरूले निबन्धमा विशेषतः नेपाली समाजमा यहाँका पुरुषहरूको सोंच महिलाहरूको दयनीय स्थितिलाई उजागर गर्न खोजिएको छ । पितृसत्तात्मक समाजमा महिलालाई हेप्ने तरिकालाई विभिन्न उदाहरणहरूद्वारा प्रस्तुत गरिएको छ । “जस्तैः आइमाई केटाकेटी, कति मायालु, कति न्यानो सम्बोधन यसै हलुका किसिमले सोच्दा आइमाई केटाकेटी भएर एक्लै दुक्लै हिँड्न हुन्न...” (पृ.- १०) । यस्ता खालका सुन्दर मायालु लाग्ने यस सम्बोधनमा कति हीनता, कति अपहेलना, कति शोषण, कति अपमान लुकेको छ । यिनै नारी जातिको गुण र क्षमताले आदिम मानव समाजको ढाँचाकाँचा तयार भएको तथ्य इतिहासले बताउँछ तर महिलालाई विभिन्न उखान टुक्काको प्रयोग गरेर पनि हेप्ने होच्याउने गरिन्छ । “बाखा सम्ममा चर्दैन, आइमाई सुखमा बस्दैन, बाघको हजार गुँड, खुट्टा भए जुत्ता जति पनि आउँछ, गरिबलाई दिन्छु नभन्नू, राँडीलाई लान्छु नभन्नू आदि जस्ता वीभत्स र असभ्य उखान टुक्काको प्रयोग गरेर निराश्रित र एकलास भइसकेका एक्ली विधवाहरूको समेत यस्तो अपमान किन ?” (पृ.- ११) आधी आकाश चाहनेहरूले यस्तो खालको शोषण विरुद्ध जुट्नुपर्छ भन्ने विचार व्यक्त भएको छ ।

### ४.१०.४ **भाषाशैली**

यस आधी आकाश चाहनेहरूले निबन्धमा सरल र सम्वेद्य भाषाको प्रयोग गर्दै वर्णनात्मक र तार्किक शैलीमा तर सामान्य पाठकलाई पनि प्रभावित तुल्याउन सक्ने गरी गहन विचारहरू सम्प्रेषण गरिएको छ भने निबन्ध सङ्ग्रहकै नाम पनि यसै शीर्षकबाट राखिएको छ ।

### ४.१०.५ **सन्देश**

सृष्टिको आदिकालदेखि नै वात्सल्य र ममताको गुणले सुसज्जित नारी जातिमा शारीरिक र मानसिक अजस्र शक्तिको स्रोत लुकेको छ। "पितृसत्तात्मकता उन्मुख हुनथालेपछि पुरुषहरूले नारी जातिलाई घरभित्र बज्यादै ल्याएर शक्तिहीन र क्षमताहीन छस् भनी हेप्दै र शोषण गर्दै ल्याएको देखिन्छ " (पृ. १०) । नारी जाति क्रमशः परास्त हुँदै आए । अन्धविश्वास रुढि र संस्कारहरूमा साँघुरो भएर अस्तित्व धान्दै आए, आत्मविश्वासहरू चिहान पार्दै आए । आज विश्वभरि नै नारी जाति कतै पूँजीवादको हत्केलामा छन् भने कतै सामन्तवादको पैतालामुनि । त्यसैले आधी आकाश चाहनेहरूले भाषामा, साहित्यमा तथा बोलचालमा पनि यस्ता उखान र भनाइहरूलाई बहिष्कार गर्नुपर्छ। महिला मुक्तिका हिमायतीहरूले यस्ता प्रवृत्तिको निराकरण गर्नुपर्ने सन्देश यस निबन्धको रहेको छ ।

## ४.११ **'आँशुमाने स्वास्नीमान्छे' निबन्धको विवेचना**

### ४.११.१ **शीर्षक**

यस निबन्धमा हाम्रो समाजमा पढेलेखेका महिलाहरू पनि एक हातमा गाँस र अर्को हातमा आँशु लिएर बाँचिरहेको यथार्थलाई उदाङ्गो पार्ने प्रयास गरिएको छ। आँशु र स्वास्नीमान्छे एक-अर्काका पर्यायवाची भएको कुरा सटिक ढङ्गले उल्लेख गरिएको हुँदा शीर्षक र विषयवस्तुबीच सोझो सम्बन्ध रहेको पाइन्छ ।

### ४.११.२ **विषयवस्तु**

प्रस्तुत निबन्धमा एउटा शिक्षित, विवाहिता र राजपत्र अङ्कित पहिलो दर्जामा कार्यरत महिलाको समस्यालाई उठाइएको छ। निबन्धकारसँग समस्याको पोको फुकाएर समाधानको

आशासहित आएकी ती महिलाको समस्या व्यक्तिगत नभई सामूहिक थियो। आफ्नो र श्रीमतीको तलव कुम्ल्याएर हरेक साँझ अन्तर्राष्ट्रिय प्रसिद्ध पेय रक्सी पिएर सिध्याउने र घरमा परिवारलाई आतङ्कित बनाउने जस्ता काममा तल्लीन पुरुषबाट पीडित महिलाको व्यथालाई विषयवस्तुको रूपमा प्रस्तुत गरिएको छ।

### ४.११.३ **भाव/विचार**

यस निबन्धमा स्वास्नीमान्छेको समस्यालाई स्वास्नीमान्छेले नै बुझ्न सक्छ भन्ने सोचेर एकजना शिक्षित, विवाहित र जागिरे महिला वेदनाको पोको बोकेर समाधानको आशासहित लेखकसमक्ष उपस्थित भएकी उनी आँशुको भाषामा बोल्छिन् र निबन्धकारको मनमा के आँशुमाने स्वास्नीमान्छे हो। स्वास्नीमान्छे र आँशु एक अर्काका पुरक हुन् भन्ने प्रश्न उठिरहन्छ। यो कुनै असाधारण समस्या होइन। “यस वर्गका आम महिलाहरूले भोग्ने समस्या हो, जान्ने बुझ्ने भइसकेका छोराछोरीका अघि देखाउने यस्तो व्यवहारले बाल मनस्थितिमा नै नकारात्मक असर पर्छ” (पृ. ४७)। यस्तो पीडाले गर्दा महिलाहरूमा फेरि कहिल्यै महिला भएर जन्मन नपरोस् र जन्माउन पनि नपरोस् भन्ने मानसिकता विकास भएको कुरा व्यक्त गरिएको छ।

### ४.११.४ **भाषाशैली**

प्रस्तुत निबन्धको भाषा सरल र सहज छ। वस्तुपरक ढङ्गले कुनै एउटा घटनालाई टिपेर वर्णन गरिएको यस निवन्धमा पाठकसँग कुरा गराईको शैलीमा अत्यन्त रोचक ढङ्गले प्रस्तुत गरिएको छ।

### ४.११.५ **सन्देश**

विशेष गरी नेपाली मध्यम वर्गका महिलाहरूले भोग्नुपरेका समस्यालाई उजागर गरिएको छ। “एउटा शिक्षित महिलाको अवस्था त यति नाटकीय छ भने अरू सामान्य महिलाको त कल्पना गर्न पनि सकिँदैन” (पृ. ४८)। दिनभरिको थकानलाई ओछ्यान लगाएर पल्टिने ठाउँ घर महिला भएकै कारण हीनताबोध गर्नुपर्ने अवस्थालाई मार्मिक ढङ्गले प्रस्तुत गरिएको यस निवन्धमा यस्ता समस्याहरूको निम्ति सचेत महिलाहरू कागजी कानुनको भर नपरी एक-अर्कामा सहयोग गरी अगाडि बढनुपर्ने सन्देश दिइएको छ।

## ४.१२ 'दासत्वको स्वीकारोक्ति' निबन्धको विवेचना

### ४.१२.१ **शीर्षक**

यस *दासत्वको स्वीकारोक्ति* निबन्धमा नेपाली समाजमा महिलाहरूले कसरी जानी नजानीकन दासत्वको स्वीकारोक्ति गरिरहेका छन् जसले पुरुषलाई प्रशस्त फाइदा र महिलालाई सधैं पछाडि धकेलिरहेको छ ? भन्ने तथ्यलाई बुँदागत ढङ्गले प्रस्ट पार्ने प्रयास गरिएको छ त्यसकारण यहाँ शीर्षक र विषयवस्तुबीच निकट सम्बन्ध देखिन्छ ।

### ४.१२.२ **विषयवस्तु**

मानिसहरू किन आफूलाई अभिजात भनाउन रुचाउँछन् ? भन्ने प्रश्नको सेरोफेरोमा रहेर विभिन्न उदाहरणहरू प्रस्तुत गर्दै अभिजात वर्ग र नवअभिजात वर्गले जानी नजानीकन आफूले दासत्वको स्वीकार गरिरहेका छन् र महिलाहरूले वृद्धावस्थामा पनि आफूलाई अभिजात वर्गको देखाउन गरेको अस्वाभाविक सौन्दर्य प्रसाधन र त्यसले पुरुषहरूको दाँजोमा कति पछाडि धकेलेको छ भन्ने कुरालाई विषयवस्तुको रूपमा प्रस्तुत गरिएको छ ।

### ४.१२.३ **भाव/ विचार**

प्रस्तुत निबन्धमा महिलाहरू कतिसम्म सौन्दर्य प्रेमी हुन्छन् भन्ने कुरालाई जोड्दै वृद्ध महिलाले आफूलाई अभिजात हुनुको परिचय दिन असुहाउँदो सौन्दर्य प्रसाधन गर्नु दासत्वको स्वीकार गर्नु मात्र हो । "त्यस्ता अबोध बृद्धाहरूले यो दासत्वलाई बुझ्दैनन् तर जो आज जागरुक छन् बुझ्ने क्षमता राख्छन् उनीहरूले पनि अबोध भइरहने अभिनय गरिरहे निसन्देह मुक्तिको इतिहासलाई विश्वासघात हुनेछ " (पृ. - ४९) । आफूलाई अभिजात अर्थात् नवअभिजात वर्गको देखाउन श्रृङ्गार र सौन्दर्य प्रसाधनमा अल्झेर मानसिक विकासमा पुरुषभन्दा पछाडि पर्नु भनेको आफूलाई सधैं निरीह र अबोध बनाउनु हो भन्ने भाव व्यक्त भएको छ ।

### ४.१२.४ **भाषाशैली**

यस निबन्धमा भाषा समान्य बोलचालको प्रयोग गरिएको छ। सामान्य पाठकले पनि सहजै बुझ्न सक्ने गरी वस्तुपरक ढङ्गले वर्णनात्मक शैलीमा प्रस्तुत गरिएको छ। निबन्ध पढ्दा गफ गरे जस्तो अनुभूति हुन्छ तर यसले गहन विचार सम्प्रेषण गरेको छ ।

### ४.१२.५ सन्देश

पुरुषहरू उमेर ढल्कदै जाँदा बौद्धिक विकासको माथिल्लो तहमा पुग्छन् तर महिलाहरू यसरी नै आफूलाई अभिजात अर्थात् नवअभिजात देखिन श्रृङ्गार र प्रसाधनमा अल्झिएर मानसिक विकासको क्षेत्रमा धेरै पछाडि पर्छन्। महिलाहरूलाई आफ्नो अस्तित्वबोध नै हुँदैन। सधै पराजित हुन्छन् र सधैँ दासत्वको स्वीकारोक्ति गरिरहन्छन्। "साँच्चै शृङ्गार र प्रसाधन स्वास्नीमान्छेको निम्ति हथकडी र नेल हो" (पृ. ५०)। त्यसैले यस्ता खालका सामाजिक रूपमा जकडिएका जन्जीरहरूलाई हटाएर अगाडि बढ्नुपर्ने सन्देश दिएको छ।

## ४.१३ 'घरेलु महिला एक प्रसङ्ग' निबन्धको विवेचना

### ४.१३.१ शीर्षक

यस निबन्धमा घरमा बसेर काम गर्ने महिलाहरूको वेदना पोखिएको छ। दिनभरि घर धन्दा बालबच्चाको हेरचाह, लोग्नेको सेवामा तल्लीन महिलाहरूको भोक, तिर्खा र थकान जति भएपनि सहेर लोग्नेको अगाडि हँसिलो मुद्रामा प्रस्तुत हुनुपर्ने बाध्यता छ तर उनीहरूको श्रम मूल्यहीन भएको कुरालाई छर्लङ्ग पार्ने कोसिस गरिएको छ। यसैले यहाँ शीर्षक र विषयवस्तुबीच तादात्म्यता पाउन सकिन्छ।

### ४.१३.२ विषयवस्तु

स्त्री-पुरुष एक अर्काका पूरक हुन्। यस किसिमको साहचर्य र सह-अस्तित्वमा समाज अडेको हुन्छ। पितृसत्तात्मक समाजमा महिलाले दुई खाले शोषण त झेल्नैपर्छ घरेलु र सामाजिक शोषण। समाजमा नियमहरू बन्छन् केवल महिलाका लागि महिलाले के गर्न हुने के गर्न नहुने भनेर तर पुरुषद्वारा महिला कठपुतली बनाइएका हुन्छन्। घरमा बसेर बिहानदेखि बेलुकासम्म आराम नलिई काम गरिरहेका महिलाहरूलाई यी आइमाईहरू के गरेर बस्छन् ? भनी उपेक्षित, अन्यायपूर्ण प्रतिक्रिया दिइएको पाइन्छ। महिलाहरूलाई घरमा कतिसम्म शोषण गरिन्छ ? भन्ने कुरालाई विषयवस्तु बनाइएको छ।

### ४.१३.३ भाव/विचार

विश्वका कतिपय देशहरूमा जस्तै हाम्रो देशमा पनि पुरुष प्रधान समाज कायम रहेको छ। समाजका कारण महिलाले घरेलु र सामाजिक दुई खाले शोषण झेल्नुपर्छ। "परिवारमा

लोग्नेमान्छेको स्थान माथिल्लो मर्यादित, परिवारको पालनकर्ता, हर्ताकर्ता अर्थात् मालिकको जस्तो हुन्छ जसको आदेश अनुसार स्वास्नीमान्छे चल्नुपर्छ" (पृ. ५४)। घरमा बसेर सबै काम मशीनले झैं गर्नुपर्ने, लोग्नेलाई सधैं खुशी पार्नुपर्ने बाध्यता छ। पितृसत्तात्मक समाजमा नीति र आचरणहरू महिलाका लागि मात्र तय गरिन्छन् जबकि यही समाजमा पुरुषहरू खुट्टा भए जुत्ता जति पनि आउँछन् अर्थात् बाघको हजार गुँड जस्ता प्रचारले आचरण पालना गर्नबाट मुक्त पारिएका हुन्छन्। नारी र पुरुष एक रथका दुई पाङ्ग्रा भएकाले यस साहचर्य र सहअस्तित्वमा निराशा, विसङ्गति, कुण्ठा, शोषण, दमन र असम्झौता रहुन्जेलसम्म महिला मुक्तिको सम्भावना हुँदैन भन्ने विचार व्यक्त भएको छ।

### ४.१३.४ **भाषाशैली**

प्रस्तुत निबन्धमा अत्यन्तै सरल र सरस भाषाको प्रयोग गरेर गद्यात्मक शैलीमा प्रशस्त उखान टुक्काहरूको प्रयोगद्वारा निबन्धलाई रोचक र सजिलै सामान्य पाठकले पनि ग्रहण गर्न सक्ने बनाइएको छ।

### ४.१३.५ **सन्देश**

"महिला र पुरुषको साहचर्यमा समाज चलेको हुन्छ, समाजमा नीति आचरण पुरुषका लागि पनि बन्नुपर्छ पुरुषको चाहना मात्र होइन, महिलाको चाहनाको पनि मूल्य र अर्थ हुनुपर्छ" (पृ. - ५५)। घरभित्र र बाहिर समान रूपले काम गर्नेहरू समान रूपमा थाकेका हुन्छन् वस्तुतः समान रूपले थाकेकाहरूबीच समान रूपमा हाँसो, माया र हार्दिकता आदान-प्रदान हुनुपर्छ नत्र महिला मुक्तिको संभावना हुँदैन। महिला मुक्तिको सम्भावना नहुनु भनेको शोषित पीडित वर्गको मुक्तिको सम्भावना नहुनु हो भन्ने सन्देश दिएको छ।

## ४.१४ **'यो हीन भावना किन ?' निबन्धको विवेचना**

### ४.१४.१ **शीर्षक**

पितृसत्तात्मक समाजमा संस्कारगत रूपमा हीन भावनाले महिलाहरूको मन मस्तिष्कमा कतिसम्म जरा गाडेर बसेको छ ? भन्ने प्रश्नको उत्तर खोज्ने प्रयास सबै तहका महिलाहरूलाई उपस्थित गराएर बुझ्ने कोसिस गरिएको छ, त्यसैले यहाँ शीर्षक र विषयवस्तुबीच तादात्म्य देखिन्छ।

### ४.१४.२ **विषयवस्तु**

यस निबन्धमा महिलाहरू आफ्नो अस्तित्वबोधप्रति, स्वबोधप्रति कति सचेत छन् ? "नेपाली महिलाहरू रुढि, अन्धविश्वास, धर्मभीरूपन, संस्कार हीनताबोध आदिबाट आधा इन्च पनि खुस्कन सकेका छैनन्" (पृ. - २१) । उनीहरूमा हीनताबोधले कतिसम्म जकडेको छ ? महिलाहरूलाई हीन ताभासको धापबाट निकाल्न के गर्नुपर्छ ? भन्ने प्रश्नको उत्तर खोज्ने सन्दर्भमा उनीहरूमा रहेको हीनताबोध र आत्मस्वीकारोक्तिलाई विषयवस्तुको रूपमा चयन गरिएको छ ।

### ४.१४.३ **भाव/ विचार**

महिलाहरूमा रहेको संस्कारगत हीन भावनाको बारेमा आत्मस्वीकारोक्ति बटुल्न आयोजित परिचर्चा कार्यक्रममा केही शिक्षित, केही अल्पशिक्षित र केही परिश्रमी किसान महिलाहरूको उपस्थिति रहेको छ । हीनताबोध महिलाहरूको प्राकृतिक प्रवृत्ति होइन, समाज व्यवस्थाको देन हो । "महिलाहरू सबै वर्गका भएपनि अविवाहित नै थिए, अधिकारहरू सबै समान चाहने तर ओहोदा र शिक्षाको हकमा आफूभन्दा उच्च हुनुपर्छ, कम त त हुनुहुँदैन भन्ने कुरामा एकमत देखिए तर कसैले पनि समान ओहोदा र शिक्षाको पनि होओस् भनेनन्" (पृ. २२) । यही हो हामीमा शताब्दीऔं देखि जरा गाडेर बसेको हीनताबोध महिलाहरूको यही कमजोरपनलाई घच्घच्याउन सकिएन भने महिला मुक्तिको राजनीति नारा र राजनीतिमै सीमित रहन्छ र हाम्रो स्वरको बोध हामीलाई हुनुपर्छ भन्ने भाव व्यक्त भएको छ ।

### ४.१४.४ **भाषाशैली**

यस निबन्धको भाषा सहज र सम्वेद्य रहेको छ । वर्णानात्मक शैलीमा अभिव्यक्त निबन्ध वस्तुपरक भएकोले केही बौद्धिक जस्तो लाग्दछ । भावभन्दा पनि विचारका हिसाबले बढी ओजपूर्ण देखिन्छ ।

### ४.१४.५ **सन्देश**

महिलाहरू जतिसुकै शिक्षित र उच्चवर्गका भएपनि शिक्षा र ओहोदामा आफूभन्दा कमजोर वा आफू सरहका पुरुषलाई स्वीकार गर्न नसक्नु सबैभन्दा ठूलो हीनताबोध हो ।

समाजमा हामीले जुन कार्यभार सम्हालेका छौँ, त्यसैलाई लिएर हामी आफ्नो शारीरिक र मानसिक संरचनाको मूल्याङ्कन गर्छौं तर त्यो गलत हो । "पुरुष गतिविधि जतातततै छरिएको ठोस र एउटा पूर्ण उत्पादन तर्फ प्रवृत्त रहेको हुन्छ । स्त्री गतिविधि घरीघरी दोहोरिने त्यति नदेखिने आखिरमा कुनै परिपूर्ण र खपाउ उत्पादन तर्फ नगएको देखिन्छ" (पृ. - २३) । यहाँ फेरि हाम्रै हीनताको भावनाले काम गर्छ, हामीले सोच्न थालेका छौं, हाम्रो काम जीवन धान्नलाई अनिवार्य छ र पुरुष गतिविधि जस्तै उच्च हामीले हाम्रो कामलाई नयाँ तरिकाले मूल्याङ्कन गर्न थालेका छौं । हामी र हाम्रा काम त्यत्तिकै मूल्यवान् छन् जति पुरुषको हुन्छ त्यसैले हामीमा भएको हीन भावनाको जरैदेखि उखेल्नुपर्छ र हाम्रो स्वरको बोध हुनुपर्छ अनि मात्र मुक्ति मार्गमा अघि बढ्न सकिन्छ भन्ने सन्देश दिएको छ ।

## ४.१५ 'केही उपन्यास र यथार्थहरूबाट' निबन्धको विवेचना

### ४.१५.१ **शीर्षक**

प्रस्तुत निबन्धमा विश्वप्रसिद्ध केही उपन्यासकारका उपन्यासहरू अल्बर्टो मोराभियाको 'टु वूमन' र दोस्तोएस्कीको 'क्राइम एण्ड पनिशमेन्ट' जस्ता उपन्यासबाट र शारीरिक तथा मानसिक रूपले दोस्रो दर्जा मानिएका महिलाहरूको वास्तविक कोलाज कोरिएको हुनाले यहाँ शीर्षक र विषयवस्तुबीच घुमाउरो सम्बन्ध रहेको देखिन्छ ।

### ४.१५.२ **विषयवस्तु**

दोस्रो विश्वयुद्धको बेला महिलाहरू कसरी यौन शोषणमा परे ? भन्ने वास्तविक घटनालाई आधार बनाएर लेखिएको उपन्यास 'टु वूमन' र क्राइम एण्ड पनिशमेन्ट उपन्यासकी नायिकाको जीवनप्रतिको स्वीकारोक्ति र हाम्रो समाजमा शोषणको कोलमुनि पेलिएका महिलाहरूको यथार्थलाई विषयवस्तु बनाइएको छ ।

### ४.१५.३ **भाव/विचार**

यस निबन्धमा "दोस्रो विश्वयुद्धको बेला भगवान्को मन्दिरभित्र त कसैले अपराध गर्न सक्दैन भनी विश्वस्त भएर लुक्न पसेकी एउटी किशोरी जसलाई अल्जेरियन बटालियनका सिपाहीहरूले ममतामयी माता मारियमको प्रतिमाको ठीक अघि पवित्र वेदीनेरै निर्मम र

असभ्य बलात्कार गरेको घटना 'टु वूमनकी नायिका र सौतेली छोरी एउटा लोग्ने मान्छेसँग आत्मीय प्रेम गर्छे तर शरीर बेचेर कान्छी आमाका छोराछोरीलाई पाल्छे" (पृ. - १८)। टी.बी.ले सुकिसकेकी सौतेली आमा भोक र गरिबीले दिएको पारिवारिक दुर्दशा देख्न नसकी बौलाही जस्ती भएर पारिवारिक मर्यादालाई तोडेर सडकमा भीख माग्न हिँडेको स्वीकारोक्ति क्राइम एण्ड पनिशमेन्ट' उपन्यासकी नायिका र हाम्रो नेपाली समाजमा कुपोषणको सिकार एउटा चाउरी परेको शिशु आङमा टँसाएर अर्को वर्ष दिनेलाई हिलोमा एकातिर थुपारेर असारमा साहुको मेलामा हिँडिरहेको महिला र एक महिनाको दूधे बालकलाई माइतकी बूढी बज्यै वा आमाको काखमा फाल्दै टाइप ठोक्न दौडिरहेकी सहरका महिलाहरूको वास्तविक व्यथालाई मूल भावको रूपमा प्रस्तुत गरिएको छ।

#### ४.१५.४ **भाषाशैली**

विविध शैलीकी धनी पारिजातद्वारा लिखित यस निबन्धमा सरल र सहज भाषाका माध्यमबाट पाठकलाई आकर्षित गर्दै वर्णनात्मक शैलीमा विभिन्न विश्वप्रसिद्ध उपन्यास र हाम्रो समाजका महिलाको वास्तविक कोलाज अत्यन्त रोचक र सटिक ढङ्गले कोरिएको छ।

#### ४.१५.५ **सन्देश**

प्रस्तुत निबन्धमा स्वास्नीमान्छेहरू 'टु वूमनकी नायिका होस् अर्थात् क्राइम एण्ड पनि शमेन्टकी नायिकाको जीवन प्रतिको स्वीकारोक्ति होस् अर्थात् हाम्रो समाजमा दाइजो र तिलक प्रथाका कारण जिउँदै जलाइएकाहरू, बेचिएकाहरू, गल्ली मोड, उज्यालो, अँध्यारो जतासुकै वीभत्स बलात्कृत भएकाहरू' सबै यसै कोलाजभित्र अटाएका छन्। "हामीले आफ्नो सही परिचय खोज्नुपर्छ, हामी हाम्रो हुनुको हाम्रो बाँच्नुको हामी यी सम्पूर्ण थकित, पीडित र पराजित तस्वीरहरूलाई एकै ठाउँमा घोलेर एउटा सिङ्गो तस्वीर बनाउन सक्नुपर्छ, विशाल आँखाहरूले एक-अर्कालाई हेर्न सिक्नुपर्छ" (पृ.- १९) भन्ने सन्देश दिएको छ।

### ४.१६ **'इज्जत सबैको एउटै हो' निबन्धको विवेचना**

#### ४.१६.१ **शीर्षक**

यस निबन्धमा भारतबाट नेपालमा सर्कस  देखाउन आएको सर्कस टोली जसमा गरिब सर्कस बालिका र किशोरीहरू संलग्न थिए। उनीहरूलाई सर्कस देखाउने क्रममा नेपालीद्वारा

दुर्व्यवहार गरिएको कुरालाई छर्लङ्ग देखाइएको छ। "नेपालका गरिब महिला र ती भारतीय महिला सबैलाई एउटै नजरले हेरिनुपर्छ, इज्जत सबैको एउटै हो" (पृ. - ५३) भन्ने उक्तिको साथ निबन्ध टुङ्गिएको हुनाले पनि शीर्षक उपयुक्त देखिन्छ।

४.१६.२ **विषयवस्तु**

प्रस्तुत निबन्धमा देशको आम निर्वाचन र केही जनपक्षीय उम्मेदवारले भाग लिएको प्रसङ्गलाई जोड्दै भारतीय सर्कस टोली नेपाल आई सर्कस देखाउन खोज्दा गरिब भारतीय सर्कस बालिका र किशोरीमाथि नेपाली युवकहरूले गर्न खोजेको दुर्व्यवहारलाई विषयवस्तु बनाएर प्रस्तुत गरिएको छ।

४.१६.३ **भाव/विचार**

देशमा निर्वाचन सम्पन्न भइसकेको र त्यसमा केही जनपक्षीय उम्मेदवारहरूले उपलब्धिको रूपमा लिएको कुरा उल्लेख गर्दै भारतबाट आएको सर्कस टोली जसमा सर्कस देखाएर जीवन गुजार्ने निम्न वर्गका बालिका किशोरीले सर्कस देखाउन खोज्दा केही नेपाली युवकहरूले दर्शकको रूपमा युवतीहरूलाई देख्दा विना टिकट भित्र पस्न माग राखेका थिए तर सर्कस मालिकले दुई तीनजना बाहेक अरूलाई फ्री शो दिन नचाहेपछि बबाल मच्चिएको र एउटी किशोरी नेपाली युवकहरूको घेरमा परी आफ्नो इज्जत जोगाउन रुँदै कुदिरहेको घटनाले निबन्धकारको मन बेस्कन चिमोटिएको छ। नेपाली विदेशी जो भए पनि महिलाहरूको इज्जत एउटै हो भन्ने विचार व्यक्त भएको छ।

४.१६.४ **भाषाशैली**

सरल र सहज भाषाका माध्यमबाट निबन्धकारले यस निबन्धलाई विभिन्न उदाहरणहरू प्रस्तुत गरी विवेचनात्मक शैलीमा विषयवस्तुलाई रोचक र मर्मस्पर्शी ढङ्गले प्रस्तुत गरेकी छन्।

४.१६.५ **सन्देश**

यस निबन्धमा देशको आम निर्वाचनको सन्दर्भ जोड्दै त्यसै बेला भारतबाट नेपालमा 'नेपाल टाइगर्स' नामक सर्कस देखाउन भारतीय टोली आएको थियो। त्यही टोलीमा संलग्न

भारतीय किशोरी नेपाली युवकहरूको घेरामा परेपछि आफ्नो इज्जत जोगाउन कुदिरहेको मार्मिक प्रसङ्ग ल्याइएको छ । "राष्ट्र-राष्ट्रको सम्बन्ध जस्तोसुकै होस् अथवा युद्ध नै चलिरहेको होस् सधैं गरिब महिलाहरू नै पुरुषहरूको सिकार हुने किन" (पृ. - ५३) ? भन्ने प्रश्न उठाउँदै निबन्धकारले स्वदेशी-विदेशी जोसुकै हुन् सबैको इज्जत एउटै हो भन्ने कुरालाई नेपाली युवकहरूले पनि बुझिदिनुपर्छ भन्ने सन्देश पाइन्छ ।

## ४.१७ **'जटिल विभीषिका बलात्कार' निबन्धको विवेचना**

### ४.१७.१ **शीर्षक**

प्रस्तुत निबन्धमा विश्वका जुनसुकै ठाउँमा पनि युद्धको बेला होस् अर्थात् कुनै पनि बेला महिलाहरू कति वीभत्स ढङ्गले बलात्कृत हुनु परेको छ भन्ने कुरालाई छर्लङ्ग पारेको छ । निबन्धको अन्त्यमा यस्तो समाज कहिले आउँछ जहाँ बलात्कार नै नहोस् भन्ने कामनाका साथ निबन्ध टुङ्गिएको छ, त्यसैले पनि निबन्धको विषयवस्तु शीर्षकबीच सोझो सम्बन्ध रहेको पाइन्छ ।

### ४.१७.२ **विषयवस्तु**

इङ्गल्याण्डबाट निस्कने महिला पत्रिका 'आउटराइट'को समाचार, निबन्धकारलाई स्वीडिश उपन्यासकार ब्रिटा स्टोबलिगले पठाएको पत्र र तत्कालीन समयमा दोलखा चरीकोटमा पच्पन्न वर्षको बूढाले नौ महिनाकी शिशु छोरीलाई बलात्कार गरेको जस्ता जघन्य घटनालाई आधार बनाएर विश्वभरि नै महिलाहरू कति वीभत्स ढङ्गले बलात्कृत भएका छन् भन्ने कुरालाई विषयवस्तु बनाइएको छ ।

### ४.१७.३ **भाव/विचार**

**आउटराइट**मा प्रकाशित समाचार जसमा आबुधाबीको सरकारले मुस्लिम महिलालाई सुत्केरी अवस्थापछि ढुङ्गाले हानेर मार्ने जस्तो भीषण मृत्युदण्डको सजायँ परपुरुषको गर्भधारण गरेको आरोपमा दिने गरेको निर्णय, भारतका विभिन्न ठाउँहरूमा हुने गरेको आमरण बलात्कार, स्वीडिशका उपन्यासकारले लेखकलाई त्यहाँ भएको वीभत्स बलात्कारको घटनाको बारेमा लेखिएको पत्र र नेपालको चरिकोटको घटना जस्ता वीभत्स र अन्यायपूर्ण घटनाको

विवरण दिँदै साँच्चिकै पितृसत्तात्मक समाजका पुरुषहरू यस मामिलामा कतिसम्म गिर्न सक्दारहेछन् भन्ने खालको भाव व्यक्त भएको छ ।

### ४.१७.४ **भाषाशैली**

अत्यन्त सरल भाषामा सामान्य पाठकहरूले पनि सजिलै बुझ्न सक्ने गरी विवरणात्मक शैलीमा विश्वका विभिन्न ठाउँमा घटेका घटनाहरूलाई आधार बनाएर मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ ।

### ४.१७.५ **सन्देश**

यस निबन्धमा विश्वभरि नै महिलाहरू पितृसत्तात्मक समाज भएको कारण कतिहदसम्म यौनशोषणमा परेकाछन् त ? भन्ने प्रश्नको उत्तर खोज्ने सन्दर्भमा "आमरण बलात्कारका घटनाहरू, हतियारवद्ध समूहले गर्ने सामूहिक बलात्कार जस्ता घटनाका अपराधीलाई किन उचित सजायँ हुँदैन ? भन्दै निबन्धकारले कहिले आउँछ उन्नत समाज जहाँ बलात्कार नै हुँदैन" (पृ. ३६) । त्यस्तो समाजको विकास गर्नु र हुनु जरुरी छ भन्ने सन्देश पाइन्छ ।

## ४.१८ 'आधीआकाश' (२०४८) निबन्ध सङ्ग्रहमा सङ्गृहीत विधातात्त्विक दृष्टिले शिथिल निबन्धहरूको सङ्क्षिप्त विवेचना

*साहित्य; देश, काल, परिस्थिति र वर्गसापेक्ष हुन्छ* भन्ने निबन्धमा साहित्य नितान्त व्यक्तिगत चेतनाबाट कुनै शास्वत नियमबाट अथवा पदार्थ, प्रकृतिभन्दा बाहिरको परिभाषाहीन शक्तिबाट साहित्य उब्जन्छ भन्ने सोचाइ साहित्यको परिभाषा होइन । "प्रकृतिमा रहेको अन्तर्विरोधको सार्वभौमिकता र अरू विशिष्ट अन्तर्विरोधहरूको नियम नै साहित्यमा पनि लागू हुन्छ" (पृ. - ७) । मार्क्सवाद अनुरूप मानव सभ्यताको सम्पूर्ण इतिहास नै वर्ग संघर्षको इतिहास हो भने साहित्यले पनि यसभन्दा बेग्लै परिभाषा बोक्दैन, त्यसैले साहित्य, देश, काल, परिस्थिति र वर्ग सापेक्ष पनि हुन्छ भन्ने कुरा उल्लेख गरिएको छ ।

*सङ्गठित आवाज नै प्रभावशाली हुन्छ* भन्ने निबन्धमा नेपाली महिलाहरू आर्थिक, राजनैतिक, सामाजिक तथा घरेलु सबै पक्षमा शोषित पीडित छन् । यो सर्वविदित कुरा हो र यस शोषणको विरुद्ध महिलाहरूले केही कदम उठाइरहेका भएता पनि यो नगन्य जस्तै

भइरहेको छ। आज नेपाली महिलाहरूले सामन्तवादी तथा पूँजीवादी दुवैथरी शोषणको सिकार भइरहनुपरेको बेला सबै जाति र वर्गका महिलाहरूलाई समेट्न संगठनको आवश्यकता पर्दछ। "महिलाहरूले आफ्नो मुक्ति युद्ध आफैले लड्नुपर्छ तथापि महिलाहरूको युद्ध पुरुष वर्गको विरुद्ध होइन तर पुरुष वर्गलाई छूट दिने एउटा क्रूर सामाजिक व्यवस्थाको विरुद्ध हो यसले गर्दा महिलाहरू एक्लै लड्न सक्दैनन् त्यसैले देशको अरू समस्त शोषित, पीडित पुरुष वर्गको साथ लागेर वर्ग संघर्षमा आधारित परिवर्तनकारी, राजनैतिक समूहसँग आफ्नो पनि कार्यक्रम गाभेर लडेमा मात्र सफलताको नजिक पुग्न सकिन्छ" (पृ. ८)। त्यसकारण संगठित आवाज नै प्रभावशाली हुन्छ भन्ने कुरालाई स्पष्ट पारिएको छ।

*वैचारिक र मानसिक शोषणको विरुद्ध* निबन्धमा आर्थिक, सामाजिक र राजनैतिक शोषण बाहेक महिलाहरू परिवार-परिवारमा शारीरिक र मानसिक रूपले पनि पुरुषहरूबाट शोषित नै हुन्छन्। 'आइमाई केटाकेटी' भन्ने शब्द महिलाहरूको निम्ति प्रयोग गरिने हीन विशेषण हो नेपाली समाजमा पनि स्वास्नीमान्छेहरूलाई कुखुरा, खसी, बोका, फर्सीसम्म काट्न, सर्प मार्न दिइँदैन। हलो, जुवा, दाँदे, दाम्लो तथा कुकुर नाघ्न, धूरी चढ्न, घर छाउन दिइँदैन। यस्ता खालका संस्कारगत प्रचलनले शोषण गरिरहेको र शक्तिहीन तुल्याइरहेको हुन्छ। आफ्ना विचार राख्ने र निर्णय दिने ठाउँमा पनि स्वास्नीमान्छेहरूमा निर्णयकारी क्षमता हुँदैन भनी वैचारिक रूपमा उनीहरूको स्वतन्त्रता हनन भइरहेको हुन्छ। "उत्तरदायी सचेत महिलाहरूले आवश्यक परेको ठाउँमा बोल्नु, तर्कसङ्गत र न्यायपूर्ण बुँदाहरूको निम्ति वैचारिक अडान लिन सक्नुपर्छ, वैचारिक स्वतन्त्रताको निम्ति परिवारका सदस्यहरूसँग तर्कयुद्ध चलाउन सक्नुपर्छ" (पृ. - १३)। हामी मानसिक र शारीरिक, रूपमा सक्षम र सशक्त छौं भने संस्कारसँग जुध्ने प्रयत्न किन नगर्ने ? पहिले हामी संस्कारसँग जुध्ने साहस गर्नुपर्छ भन्ने विचार व्यक्त भएको छ।

*एउटा पत्र बार्बरा निम्री अजीजका नाउँमा* यस निबन्धमा बार्बरा निम्री नामकी अमेरिकन मानवशास्त्री नेपाली सन्यासी जीवन माथि शोधकार्य गर्न नेपाल आएको प्रसङ्गलाई जोड्दै दिङ्लाकी माई योगमाया जो आँशुकवि पनि थिइन्। "सामन्तवादी नीति, राणाशासन, नेपालको प्रसिद्ध शोषण नीति, जाली फट्याइँ, प्रशासनिक दमन, महिलाप्रतिको शोषण, जाली तमसुक, बाहुनवाद तथा भारतीय मुद्राले बिस्तारै निल्दै लगेको नेपाली मुद्राको मूल्य समेतको विरुद्धमा कविताहरू भनेर आत्मदाह गरेकी योगमायालाई नेपाली समालोचकहरूले पोखराले

सेती लुकाए झैँ लुकाएका छन् किन बोल्न सक्दैनन्" (पृ. - २९) ? भनी पत्रात्मक शैलीमा यस निबन्धमा त्यस्तै विविध प्रश्नहरू उठाइएको छ ।

*संसारभरिका महिलाहरू एक होऊँ* निबन्धमा विश्वका जस्तै अमेरिका, केन्या, मलेशिया, भारत र नेपाल लगायतका देशहरूमा महिलाहरू आर्थिक, राजनीतिक तथा श्रम शोषण र यौन शोषणमा उत्तिकै परेको पाइन्छ केन्यामा आफू प्रमोसन हुनको निम्ति हाकिमहरूसँग अनिवार्य शारीरिक सम्पर्क राख्नुपर्ने बाध्यता भएको, भारतमा अछूत महिलाहरू सबैभन्दा बढी श्रमशोषणमा परेको, मलेशियामा लोग्नेमान्छे सरह काम गर्दा पनि तलब थोरै दिने गरेको जस्तो विश्वका घटना र नेपालमा पनि अशिक्षित, शिक्षित सबै महिलाहरू सीमित मूल्यमा भारतमा लगी बेच्ने गरेको घटना दिनहुँ बढिरहेका छन् । "यस्ता सबैखाले शोषणको अन्त्य गर्न संसारभरिका शोषित तथा विवश महिलाहरू काला, सेता, खैरा, पहेँला, सबै महिला शोषणको विरुद्ध संघर्ष गरिरहेका छन् हामीमात्र एक्लो छैनौँ" (पृ. - ३२) त्यसैले संसारभरिका महिलाहरू एक होऊँ भन्ने सन्देश पाइन्छ ।

*अन्तर्राष्ट्रिय महिला दशकलाई बिदाको उपहार* निबन्धमा १९८५ को अन्तर्राष्ट्रिय महिला दिवस फिलिपिन्समा १९८४ मा गठित 'ग्याब्रियला' नामक महिला सङ्गठनले भव्यता र गरिमाका साथ मनाएको कुरा उल्लेख गर्दै उक्त सङ्गठन त्यहाँको सैनिक सरकार मार्कोस शाहीको विरुद्ध संघर्षरत ग्याब्रियला र संघर्षकारी महिलाहरूलाई निबन्धकारको तर्फबाट शुभकामना व्यक्त गरिएको छ । फिलिपिन्समा वैध र अवैध सबैखाले वेश्यावृत्तिलाई सैनिक सरकारले प्रोत्साहन गरिरहेको कुरालाई महिला दशकको अवसरमा चर्को विरोध गर्नुका साथै सदाका लागि अन्त्य गरी महिलाहरूलाई वेश्यावृत्ति होइन अन्य कामका लागि अवसर प्रदान गर्ने वातावरण सिर्जना गर्न आह्वान गरिएको छ ।

*मेरो भागमा परेको अस्मिता-१* निबन्धमा "नयाँ वर्षको शुभकामना दिने सन्दर्भमा सबैले शुभकामना आदान-प्रदान गरिरहेको बेला निबन्धकारले नयाँ वर्षले त्यस्तो कुनै ठूलो परिवर्तन बोकेर आएको हुँदैन, परिवर्तन जहिलेसुकै भइरहन्छ (पृ. ५७) ।" परिवर्तित समयमा औपचारिकता पूरा गर्न पनि शुभकामना बाँड्ने बैशाख १ गते गरिन्छ तर उनले शुभकाममा अस्मिता खण्डित भएकाहरूलाई, खण्डित र भिजेको आँखा लिएका शुभकामना घाइते अस्मिताहरूलाई, दिएकी छन् । शुभकामना निबन्धकारले अपहृत हुनेहरूलाई बेचिइनेहरूलाई, बलात्कृत हुनेहरूलाई रातोदिन काम गर्नेहरूलाई फारोतिरो गर्न पर्नेहरूलाई, लोग्नेको कुटाइ

खानेहरूलाई, अन्य पीडा भोग्नेहरूलाई र सबै दुःखी, पीडित, व्यथित र व्याकुल अस्मिताहरूलाई दिएकी छन् ।

*मेरो भागमा परेको अस्मिता-२* निबन्धमा नारी अस्मिताको प्रश्नलाई चहकिलो पार्ने र नारीहरूलाई सजग पार्ने उद्देश्यको साथै देश, विदेश जुनसुकै परिवारमा प्रायः लोग्नेमान्छेहरूले यी स्वास्नीमान्छेहरू घरमा बसेर दिनभरी के गरी बस्छन् हँ ? के काम छ यिनीहरूको ? भनी गृहिणीहरूलाई असाध्यै निर्दयी र अपमानजनक प्रहार गर्ने गर्दछन्, घरमा बस्ने अर्थात सहरमा अफिसमा काम गर्ने महिला किन नहुन् सबैको व्यथा उही हो । "उनीहरू अत्याधिक काम गर्न सक्छन् यो प्रकृतिको वरदान हो, यही वरदान आज झरिलो शोषण भएर मानव सभ्यताका प्रवर्तकहरूलाई पोलिरहेछ" (पृ. ६०) भन्ने कुरा व्यक्त भएको छ ।

*आठ मार्चको सम्झनामा* निबन्धमा आठ मार्च अर्थात् अन्तर्राष्ट्रिय महिला दिवस सीमित बुद्धिजीवी महिलाहरूको बीच जहाँ किसान मायाको श्रम गर्ने महिलाहरूको सहभागिता हुँदैनका बीचमा मनाउने होइन, केवल रटिरटाई भाषण गरेर औपचारिकता पूरा गरेर होइन, पीडित र दुःखेका घाउहरूमा मलम लगाएर, ती महान् महिला योद्धाहरू क्लारा जेट्कीन, जेनी मार्क्स, रोजालक्जेमवर्ग र मदर टेरेसाजस्ताको सम्झना गर्दै आ-आफ्ना अकर्मण्यतालाई खुर्काएर बलिदान गर्न सक्नुपर्ने कुरा मूल सन्देशको रूपमा व्यक्त भएको छ ।

*पञ्चमी स्नान एउटा निःशुल्क तमाशा* निबन्धमा महिलाहरूले वर्ष भरिमा लिनुपर्ने दुई महत्त्वपूर्ण व्रत हरितालीका तीज र ऋषिपञ्चमी आजसम्म पनि नेपालका आर्यनारीहरूलाई बाध्यताको रूपमा लादिएको छ । "तीजको व्रत लिने शिक्षित महिलाहरू लुकेर तागतवर्द्धक खानेकुराहरू खाने गर्दछन्, शिक्षित पतिहरूले आफ्नो दीर्घायुको कामना गर्दै बसेका श्रीमतीहरूलाई लुकाएर खानेकुराहरू खुवाउने गर्छन्" (पृ. ६५) । यी कुराहरू धार्मिक अन्धताको विरुद्ध भएकाले निबन्धकारले सह्राना गर्दै धर्मको नाउँमा अर्थात् आर्य संस्कृति नक्कल गर्न खोज्दा मंगोलियन नारीहरूले समेत पञ्चमी स्नानको बहानामा विष्णुमती र बाग्मतीको किनारमा अर्धनग्न अवस्थामा जलपरी झैं आवश्यकता भन्दा बढी खेल्नु पारीपट्टि उभिएका लोलुप पुरुषहरूका लागि निःशुल्क तमाशा भएको कुरा उल्लेख गरिएको छ । सुधार गर्दै लानुपर्ने रुढिलाई अनिवार्य नहुनेहरूले यसरी हृदयङ्गम गर्दा साँस्कृतिक सम्प्रेषणले उब्जाएको विसङ्गति मान्न सकिन्छ ।

*यी व्यथा-गाथाहरू* निबन्धमा "ज्यामी महिला जसले दिनभरि काम गरेर रातोदिन रक्सी पिएर दुःख दिने लोग्ने र उस्तै खालको छोरालाई पाल्नुपर्ने बाध्यता, व्यथा, निम्न स्तरका कर्मचारीका श्रीमती जसले दिनभरि ऊन कातेर पेट पाल्न बाध्य गरिब महिलाहरू जो ब्रोङ्काटिसका सिकार बनेका छन्" (पृ. ६८) । त्यस्तै कार्यालयमा काम गर्ने महिलाहरू यी सबैका व्यथाहरू उस्तै प्रकृतिका छन् । आज विश्वभरिका सबै दिदी बहिनीहरू आपसी दिदी बहिनीपनमा बाँधिन अग्रसर भइरहेका बेला हामी पनि एक-अर्कालाई बुझ्न, माया गर्न र सुम्सुम्याउन सिकौं । एक अर्काको आँशु साटासाट गर्न सिकौं, आपसी दुःखहरूलाई आपसमा आत्मसात गर्न सिकौं मुक्तिको निम्ति हातेमालो गर्न आवश्यक छ भन्ने सन्देश पाउन सकिन्छ ।

**निष्कर्ष**

विधातत्त्वका आधारमा **आधी आकाश**भित्र सङ्कलित २९ वटा निबन्धहरूलाई अध्ययन गर्दा सशक्त, सघन र पठनीय रहेका छन् । त्यसमध्ये केही निबन्धहरू विधागत गहनताका दृष्टिले केही कमजोर देखिए तापनि प्रायः निबन्धहरू नेपाली वाङ्मयमा अतुलनीय नै रहेका छन् ।

*पाँचौं - अध्याय*

# प्रवृत्तिगत चिन्तनगत आधारमा आधी आकाश निबन्धको सङ्ग्रहको विश्लेषण/अध्ययन

## ५.१ प्रगतिवादी प्रवृत्तिका निबन्धहरू

*स-साना कुरा, बोलाऊँ भने तिमीलाई बात लाग्ने डर, पर्वतकी छोरी, संघर्षको क्यानभासमा, राष्ट्रिय ट्रफी, मानुषी, आँशुभन्दा महँगो पानी र अपील कुम्भकर्णहरूलाई* निबन्धहरूमा प्रगतिवादी प्रवृत्ति पाइन्छ ।

जसमा *स-साना कुरा* निबन्धमा नेपालमा विशेषतः बुद्धिजीवी वर्ग जसले आफूलाई प्रगतिवादी भनाउन रुचाउँछ उनीहरूमा बढ्दै गएको अनुत्तरदायी प्रवृत्तिलाई प्रस्ट पार्न खोजिएको छ। "सामूहिकताको आधारशीला प्रगतिवाद हो। वैयक्तिक मान्यताको विपरीत हामी आफूहरूलाई प्रगतिबादी भनाउन चाहन्छौ भने प्रगतिशील सामान्य अनुशासनको अक्षरशः नभएपनि केही न केही त पालना गर्नुपर्छ (पृष्ठ ५)।" त्यस्तै *बोलाऊँ भने तिमीलाई बात लाग्ने डर* निबन्धमा राष्ट्रको महत्त्वपूर्ण सञ्चार माध्यमबाट प्रसारित हुने गीतहरूले नेपाली नारीहरूलाई बात लगाएको सन्दर्भ उल्लेख गरिएको छ। यस निबन्धमा पनि प्रगतिवादको प्रस्ट नमुना देख्न सकिन्छ - "अब त आफ्नो मर्यादाको खातिर आवाज नउठाए बात लाग्छ, अब त यो साङ्लो नचुडाए बात लाग्छ, अब त युद्ध नगरे बात लाग्छ।"

*पर्वतकी छोरी* निबन्ध 'पर्वतकी छोरी हुँ म पार्वती हो नाउँ' जुन परिकल्पना गरेर गीत गाइन्छ त्यो गीत पर्वतका छोरीहरूका वास्तविकताको विरुद्ध छ। त्यसै एउटा नमुना यहाँ देख्न सकिन्छ।" "घाँसको भारी नल्याएसम्म खान पाइन्न र कहिलेकाही विद्रोह जाग्छ यी कोमल उत्पादक शक्तिहरूको मनमा जसरी यस्तो विद्रोह उत्पादक शक्तिहरूमा जाग्ने गर्छ एकदिन सासूको आँखा छलेर पोल्टोमा कुम्ल्याउँछन् अलिकति गहुँको पीठो र एक ढेंडी खुर्सानी। खोलाको पानीले मुछ्यो र सालको पातमा लपेटेर पोल्यो र खायो साथी-साथी मिलेर दुःखको मानु, त्यसपछि मनको व्यथा पोख्छन् हावाको सुसेलीलाई जहाँ कागज र कलम हुँदैन (पृष्ठः२५)।" त्यसैगरी *संघर्षको क्यानभासमा* निबन्धमा तराईका छोरीहरूको वास्तविकता छर्लङ्ग देख्न पाइन्छ यो पनि प्रगतिवादी प्रवृत्तिको निबन्ध हो। जस्तै :

"सुन्दरताको विज्ञापन होइनन् स्वास्नीमान्छेहरू, जसरी पूँजीवादी र सामन्तवाद समाजले बनाइरहेको छ। मुक्तिको भावना फैलाउन चाहनेहरूले पहिरो र बाढीका विभीषिकाहरूलाई जुधाइदिनुपर्छ, लेकाली कुहिरो र तातो हावालाई समागम गराइदिनुपर्छ, मुक्ति चाहनेहरूले हातेमालो फैलाउन सक्नुपर्छ, उत्पादक शक्तिहरूसँग साईनो लाउनुपर्छ। सुन्दरता र यौन प्रतीकबाट झिकेर स्वास्नीमान्छेहरूको अस्मितालाई संघर्षको क्यानभासमा टाँगिन दिनुपर्छ" (पृष्ठ : २७)।

*आँशुभन्दा महँगो पानी* निबन्धमा तेस्रो विश्वका प्रायः जसो मुलुकहरूमा नारीजातिको आँशुभन्दा पानी महँगो भएको तथ्यलाई प्रस्तुत गर्नुका साथै नैरोबीको सम्मेलनले पानी समस्याको समाधानार्थ पारित प्रतिवेदनको प्रसङ्गलाई उठाइएको यस निबन्धमा पनि प्रगतिवादी प्रवृत्ति प्रस्ट रूपमा देख्न सकिन्छ जस्तैः "विकासे फाइलमा अथवा देशको मानचित्रमा छाती फुकाएर बग्ने कोशी कर्णालीको खोई के सार्थकता, कोशी र कर्णालीका छोरीहरू एक घल्चा पानीको निम्ति बाह्रौ घण्टा पसीना बगाउँदैछन्, खस्दैछन् , समर्पित छ एक घल्चा आँशु नैरोबीको पारित प्रतिवेदनलाई पनि" (पृष्ठः३४)।

*राष्ट्रिय ट्रफी* निबन्धमा भारतीय उद्योगपति महिलाको विशिष्ट राष्ट्रिय ट्रफी जितेको सन्दर्भ जोड्दै विभिन्न खालका सौन्दर्य प्रतियोगिता, पाकविज्ञान, बागवानी गृहसज्जा जस्ता प्रतियोगितामा एकातिर सामान्य तल्लो वर्गका महिलाको सहभागिता हुन सक्दैन भने अर्कातिर यसबाट फाइदा पुरुषहरूलाई मात्र भएको हुन्छ। यस निबन्धमा पनि प्रगतिवादको नमुना देख्न पाइन्छ। "तेस्रो विश्वका गरीब मुलुकहरूमा स्वास्नीमान्छेहरूमा कुन-कुन स्वास्नीमान्छे आधा पेट खाँदै, आधा दर्जन लालाबालालाई आफ्नै छातीको दूध चुसाउँदै, अर्काको बनीबुत्तो गर्दै, दिनभरि मालिकको हप्कीदप्की सहँदै, राति गरीब र कुण्ठित लोग्नेको लात खाँदै, उनीहरूको इच्छा अनुसार शारीरिक तृप्ति दिँदै असीम शारीरिक तथा मानसिक यातना खप्दै पनि मर्न नसकेका अझै दीर्घजीवी भएर बाँचिरहेका छन्, प्रतियोगिता यसमा हुनुपर्‍यो, यस्ताहरूले पनि राष्ट्रिय ट्रफी जित्न पर्‍यो" (पृः३८)।

*अपील कुम्भकर्णहरूलाई* निबन्धमा टाइट बजेट र फारोतिरोको तनाउमा पिल्सिएर स्वाभाविक जीवन बाँच्न नसकिरहेका पीडित महिलाहरूको वेदना पोखिएको छ र साथै पैसाले बुद्धिमा विर्को लगाएर दिमागी निन्द्रा सुतिरहेकाहरूलाई अपील गर्न खोजिएको छ। यस निबन्धमा प्रगतिवादको नमुना भेट्न सकिन्छ। "आउनुस्, एकपल्ट लस्कर लागौं सडकमा, भीड भएर पसौं जम्माखोरहरूकहाँ छातीमा नारा लेखेर उत्रौं मैदानमा, ती शब्द

नबुझ्ने, मात्र महँगी झेल्ने आधा मासु भएका विवश महिलाहरूलाई साथ दिऊँ, सुख दुःख बाँडौ, ज्यानको माया ? ज्यान त एक्लैमा पनि जान्छ, हुलमुलमा गए त्यो जानुको बरु महत्ता हुन्छ, एक्लै सुटुक्कै बाँच्नु र सुटुक्कै मर्नु पनि के जीवन ?"(पृ.४०)

*मानुषी* निबन्धमा नारीहरू सृष्टिको आदिकालदेखि नै शक्तिशाली थिए, उनीहरूलाई धार्मिक अन्धता र देवी देवताको परिकल्पना गरेर शक्ति बोध गराइरहन पर्दैन वैज्ञानिक धरातलको आधारमा सत्य र तथ्यलाई बुझे मात्र हुन्छ भन्ने कुरा व्यक्त भएको यस निबन्धमा प्रगतिवादी प्रवृत्तिको प्रस्ट उदाहरण देख्न सकिन्छ : "नारी महिषसुर जस्ता शक्तिशाली वन्य जनावरसँग तिमी कुनै समय जुधेकी थियौ, आफ्ना लालाबालालाई बचाएकी थियौ, जसले तिमीलाई अबला कोमलांगी, फेयर सेक्स भन्छन्, तिनीहरू गलत छन् जसले तिमीलाई भगवती, काली थियौ भन्छन् तिनीहरू पनि गलत भन्छन् तिमी मानुषी थियौ, मानुषी हौ र तिमी बघिनी र पोथी चितुवा जस्तै चतुर शक्तिशाली र आत्मनिर्भर थियौ" (पृः६२) ।

*साहित्यः देश, काल, परिस्थिति र वर्ग सापेक्ष हुन्छ* निबन्धमा प्रकृतिमा रहेको अन्तर्विरोधको सर्वाभौमिकता र अरू विशिष्ट अन्तर्विरोधहरूको नियम नै साहित्यमा पनि लागू हुन्छन् । मार्क्सवाद अनुरूप मानव सभ्यताको सम्पूर्ण इतिहास नै वर्ग संघर्षको इतिहास हो भने साहित्यले पनि यसभन्दा बेग्लै परिभाषा बोक्दैन त्यसैले साहित्य, देश, काल, परिस्थिति र वर्ग सापेक्ष पनि हुन्छ भन्ने कुरा व्यक्त भएको हुँदा यस निबन्धलाई पनि प्रगतिवादी प्रवृत्तिकै मान्न सकिन्छ ।

## ५.२ नारीवादी प्रवृत्तिका निबन्धहरू

निबन्धकार पारिजातका केही निबन्धहरू नितान्त नारी केन्द्रित पनि देखिन्छन् त्यसैले ती निबन्धहरूलाई नारीवादी प्रवृत्ति अन्तर्गत राखेर अध्ययन गरिएको छ । 'आत्मबोध' निबन्धमा जर्मनकी बुद्धिजीवी महिला मारियाना कुनै काम विशेषले भारतको बाटो हुँदै नेपाल आउँदा रेलयात्रामा भारतीय जननीले सजिलै बच्चा जन्माएको दृश्यले उनलाई स्त्रीत्वबोध भएको छ । यस निबन्धमा नारीहरू शक्तिशाली छन् तर यो शक्तिबोध हुन आवश्यक भएको कुरा उठाइएको छ जस्तै "स्वास्नीमान्छे कमजोर लिङ्ग होइन भन्ने सत्यमा विश्वस्त हुनुपर्छ, हामीमा रहेको प्राकृतिक तथा मौलिक शक्तिप्रति हामी सचेत हुनु शारीरिक, मानसिक कुनै पनि क्षेत्रमा हामी पुरुषहरूभन्दा एक प्रतिशत पनि कम छैनौ, चाहिएको यति छ कि हामी आफूलाई पुरुषरूपी हाँगामा फुलेको सुनगाभा नसम्झौ, बढी पुरुष मुखापेक्ष नहौ" (पृः४६) ।

*सङ्गठित आवाज नै प्रभावशाली हुन्छ* निबन्धमा नेपाली महिलाहरू आर्थिक, राजनैतिक, सामाजिक तथा घरेलु सबै पक्षमा शोषित पीडित छन् । “सम्पूर्ण महिलाहरूको सर्वाङ्गीण स्वतन्त्रता नभएसम्म विश्वको कुनै पनि देशको स्वतन्त्रता सम्भव छैन, महिलाहरूले आफ्नो मुक्ति युद्ध आफैले लड्नुपर्छ, सबै जात, जाति र धर्म समुदायका महिलाहरू संगठित हुनुपर्छ ।”
(पृ:८) ।

*आधी आकाश चाहनेहरूले* निबन्धमा नेपाली समाज पितृसतात्मक संरचनाको भएकाले यहाँ भाषामा, बोली चालीमा, साहित्यमा सबै क्षेत्रमा हीन विशेषणले सम्बोधन गरिन्छ आधी आकाशका हिमायतीहरूले यस्ता विकृतिलाई निराकरण गर्न यसतर्फ ध्यान दिन जरुरी भएको कुरा व्यक्त भएको छ । “सृष्टिको आदिकालदेखि नै वात्सल्य र ममताको गुणले सुसज्जित नारी जातिमा शारीरिक, मानसिक अजस्र शक्तिको स्रोत लुकेको छ” (पृ.१०) ।

*संसारभरिका महिलाहरू एक होऊँ* निबन्धमा विशेषतः तेस्रो विश्वका महिलाहरू सबै किसिमका शोषणबाट शोषित भएका छन् भन्ने नारीवादी आवाज बुलन्द गर्दै “संसारभरिका शोषित तथा विवश महिलाहरू काला, सेता, खैरा, पहेला, सबै महिला शोषणको विरुद्ध संघर्ष गरिरहेछन्, हामी मात्र एक्लो छैनौ, महिला एकता अमर रहोस्, संसारभरिका महिलाहरू एक होऊँ”(पृ: ३२) ।

*अन्तर्राष्ट्रिय महिला दशकलाई बिदाको उपहार* निबन्धमा १९८५ को अन्तर्राष्ट्रिय महिला दिवस फिलिपिन्समा १९८५ मा गठित ‘ग्याब्रियला’ नामक सङ्गठनले भव्यता र गरिमाका साथ मनाएको कुरा उल्लेख गर्दै त्यहाँ भएका वैध र अवैध सबै खाले वेश्यावृत्तिलाई सदाको लागि अन्त्य गरी अन्य काममा लागि अवसर प्रदान गर्ने वातावरण सिर्जना गर्न उक्त अवसरमा आह्वान गरिएको छ ।

*इज्जत सबैको एउटै हो* निबन्धमा विश्वका जुनसुकै देशका गरीब मुलुकहरूमा महिलाहरू थरी थरीका शोषणमा परेका हुन्छन् तर जुन मुलुकका भएपनि सबै महिलाहरूको इज्जत एउटै हो भन्ने विचार व्यक्त भएको छ जस्तै : “राष्ट्र-राष्ट्रको सम्बन्ध जस्तोसुकै रहेको होस् अथवा युद्ध नै चलिरहेको होस् सधै गरीब महिलाहरू नै पुरुषहरूको सिकार हुने किन ?” (पृ: ५३)

*घरेलु महिला एक प्रसङ्ग* निबन्धमा पितृसतात्मक समाजमा महिलाहरूले घरेलु र सामाजिक गरी दुई खाले शोषण भोलिरहेका छन् । घरमा बसेर श्रम गर्ने महिलाहरूको कुनै

अर्थ र मूल्य नरहेको सन्दर्भ जोड्दै उनीहरूको पनि सही मूल्याङ्कन र कदर हुनुपर्छ भन्ने कुरा उठाइएको छ । "स्त्री-पुरुष एक-अर्काका पूरक हुन्, यस सहचार्य र सह-अस्तित्वमा, निराशा, विसंगति, कुण्ठा, शोषण,दमन, असम्झौता रहुन्जेलसम्म महिला मुक्तिको सम्भावना हुँदैन" ( पृ: ५६) ।

*आठ मार्चको सम्झनामा* निबन्धमा सीमित बृद्धिजीवी महिलाहरूले रटिरटाई भाषण गरेर औपचारिकता पूरा गर्दैमा नारीमुक्ति सम्भव छैन मायाको श्रम गर्ने, शोषित, पीडित र उपेक्षित महिलाहरूलाई साथ लिएर अगाडि बढेमा मात्र मुक्ति सम्भव छ भन्ने कुरा लिएर अगाडि बढेमा मात्र मुक्ति सम्भव छ भन्ने कुरा व्यक्त भएको छ । "सेमिनार र भाषणले मात्र पुग्दैन, केही हुँदैन, सम्प्रेषणका थुप्रै माध्यमहरू छन् मात्र हाम्रा कदम दह्रो हुन परेको छ" (पृ : ६४) ।

*'मेरो भागमा परेको अस्मिता -१* निबन्धमा निबन्धकारले आफ्ना निजी अनुभव र अनुभूतिलाई नयाँ वर्षको शुभकामना दिने सन्दर्भ पारेर व्यक्त गरेकी छन् । "मेरो मन पवित्र छ यसको प्रमाण म आफै मात्र तर मेरो मन खण्डित छ, जसरी असंख्य महिलाहरूको अस्मिता खण्डित छ यस देशमा, मेरा आँखाहरू भिजेका छन्, जसरी असंख्य महिलाहरूको आँखा सधै भिजेका हुन्छन्, खण्डित मन र भिजेका आँखाहरूको अभिव्यक्ति लिएको मेरो शुभकामना सबै घाइते अस्मिताहरूलाई" (पृ : ५७) ।

*मेरो भागमा परेको अस्मिता -२* निबन्धमा निबन्धकारले लेख्ने क्रममा अनुभूति गरेका कुराहरू महिलाहरूलाई विभिन्न किसिमले हेप्ने गरिन्छ । बिहाँन उठेदेखि साँझसम्म निरन्तर मेशीनले झै काम गर्दा पनि यी आइमाईहरू दिनभरि काम छैन घरमा बस्छन् भन्ने खालको अपमानजनक लाञ्छना लगाइएका हुन्छन् पुरुषहरूबाट । "उनीहरू अत्याधिक श्रम गर्न सक्छन् यो प्रकृतिको वरदान हो । त्यही वरदान आज झरिलो शोषण बनेर मानव सभ्यताका प्रवर्तकहरूलाई पोलिरहेछ" (पृ : ६०) ।

*यी व्यथा गाथाहरू* निबन्धमा समाजमा महिलाहरू कति पीडा र व्यथा लिएर बाँचिरहेका छन् ? भन्ने प्रश्नको सेरोफेरोमा लेखिएको छ । लेखकले आफूले देखेका र अनुभव गरेका कुराहरूलाई शृङ्खलाबद्ध गरेकी छन् । ज्यामी, तल्ला र निम्न मध्यम वर्गका महिलाका व्यथालाई समेट्ने यास भएको छ, यी महिलाहरूका कथा-व्यथालाई आफ्नो अनुभूतिसँग गाँसेर निबन्धकारले भावना व्यक्त गरेको हुनाले यस निबन्धमा नारीवाद पाउन सकिन्छ ।

*एउटा पत्र बार्बरा निम्री अजीजका नाउँमा* निबन्धमा नेपाली सन्यासी जीवनमाथि शोधकार्यको निम्ति दिङ्ला पुगेकी निम्री त्यहाँकी दिङ्लामाई योगमायाको बारेमा निबन्धकारलाई बताएको र उनले अनुभूति गरेका कुराहरू निजात्मक ढङ्गले अभिव्यक्त भएका छन् । “दोस्रोपल्ट तिमी आउँदा तिमीले ‘योगवाणी’ को एउटा जेरोक्स कपी ल्याएर मलाई दियौ, त्यो सम्पूर्ण पढेर साह्रै प्रभावित पनि भएँ दिङ्लातिरको दन्त्य कथा सुनेर आइछौ भनी मैले तिमीलाई भनेका कुरा ‘योगवाणी’ पढिसकेपछि सम्झँदा मलाई बडो नमीठो आत्मग्लानि भयो” (पृ : २९) ।

*आँशुमाने स्वास्नीमान्छे* निबन्धमा एक हातमा गाँस र अर्को हातमा आँशु लिएर बाँच्न विवश भएका मध्यम वर्गका शिक्षित महिलाको वास्तविकता निबन्धकारसँगैको भलाकुसारी सँगै आफूले अनुभूति गरेका कुराहरूलाई व्यक्त गरिएको छ । “मलाई उनको पारिवारिक पृष्ठभूमि केही थाहा छ, मैले सोधेँ, के भो ? त्यसपछि उनको ओठ बोलेन आँखा बोल्न थाले, खहरे जस्तै अचानक उनको आँखाबाट आँशुका थोपाहरू बरर ......... झर्न थाले म आँशुले सल्कने मान्छे, मेरो पनि आँखा कतै सल्केला जस्तो लागेर आयो तथापि नियन्त्रण गरेँ र सोचें, स्वास्नीमान्छे भनेको आँशु र आँशु भनेको स्वास्नीमान्छे हो” (पृ : ४७) ।

## ५.३ सामाजिक यथार्थवादी प्रवृत्तिका निबन्धहरू

पारिजातका केही निबन्धहरू समाजमा दिनहुँ घट्ने वास्तविक घटनाहरूलाई आधार बनाएर लेखिएका निबन्धहरू निम्न रहेका छन् :

*यो हीन भावना किन ?* महिलाहरूमा संस्कारगत रूपमा हीनताबोधले कतिसम्म जरा गाडेर बसेको छ ? भन्ने प्रश्नको सेरोफेरोमा रहेर हीनताभासबाट माथि उठ्नुपर्ने कुरालाई उठाइएको छ । “महिलाहरू अधिकारहरू त सबै समान होस् तर श्रीमान् भने ओहोदा र शिक्षाको हकमा आफूभन्दा उच्च हुनुपर्छ, कम त हुनै हुँदैन भन्ने खालको हीनताबोधबाट ग्रसित छन् । यो हीनभावना प्राकृतिक होइन सामाजिक संस्कार हो । त्यसैले पनि यसलाई सामाजिक यथार्थ मान्न सकिन्छ ।

*जटिल विभीषिका बलात्कार* निबन्धमा विश्वका विभिन्न मुलुक र नेपालमा घटेका बलात्कारका यथार्थ घटनाहरूलाई आधार बनाएर लेखिएको छ । “पशु समाजमा बलात्कार हुँदैन, यो जघन्य अपराध उन्नत मस्तिष्कको धनी मान्छे जातले मात्र गर्छ, कहिले आउँछ त्यो समाज जहाँ बलात्कार हुँदैन” (पृ : ३६) ।

*दासत्वको स्वीकारोक्ति* निबन्धमा नेपाली समाजमा महिलाहरूले आफूलाई अभिजात वा नवअभिजात देखाउन अत्याधुनिकताको नाउँमा सौन्दर्य प्रसाधनमा होड चलेको छ। जानी-नजानीकन दासत्वको स्वीकार गरिरहेको सामाजिक यथार्थलाई छर्लङ्ग पार्ने प्रयत्न गरिएको छ।

*पञ्चमी स्नान एउटा निःशुल्क तमाशा* निबन्धमा "समाजमा अवस्थित तथा व्यवस्थित रुढि, अन्ध परम्परा, कुसंस्कार र धर्मान्धता जस्ता प्रवृत्तिहरू प्रशस्त छन्।" (पृ : ६५) यस्तै मध्ये आर्यनारीहरूले तीजको व्रत लिई पञ्चमी स्नान गर्ने प्रचलन संस्कारको रूपमा विकास भएको छ तर सांस्कृतिक सम्प्रेषणका कारण मङ्गोल नारीहरूले समेत जलक्रीडाको लोभमा परेर हो अथवा अङ्ग प्रदर्शनको कारणले हो नदीमा जलपरी झैं अर्धनग्न अवस्थामा आवश्यकता भन्दा बढी खेल्दा पितृसतात्मक समाजका लोलुप पुरुषहरूका निम्ति तमाशा भएर देखिएको यथार्थलाई प्रस्ट पारिएको छ।

*वैचारिक र मानसिक शोषणको विरुद्ध* निबन्धमा आर्थिक, राजनैतिक र सामाजिक शोषण बाहेक महिलाहरू परिवार- परिवारमा शारीरिक र मानसिक शोषणमा पनि परेका छन्। "संसारको कुनै पनि ठाउँमा लोग्नेलाई स्वस्नीले कुट्ने चलन छैन जहाँ पनि लोग्नेले स्वास्नीलाई निर्मम तरीकाले कुटिरहेका हुन्छन् (पृः १२)। वैचारिक रूपमा पनि त्यत्तिकै शोषित हुन्छन्। स्वास्नीमान्छेसँग निर्णयकारी क्षमता हुँदैन भन्छन् त्यसैले विचार पोख्न तर्क गर्न देखि उनीहरूलाई वञ्चित बनाइएको हुन्छ। यस निबन्धमा सामाजिक यथार्थतालाई चिरफार गर्ने प्रयास गरिएको छ।

*केही उपन्यास र यथार्थहरूबाट* निबन्धमा शारीरिक तथा मानसिक रूपमा दोस्रो दर्जा मानिएका महिलाहरू वास्तविक कोलाज हाम्रो समाजबाट कोरिएको छ भने 'टु वूमन' र क्राइम एण्ड पनिशमेन्टकी नायिकाको आत्मस्वीकारोक्ति केही उपन्यासबाट लिइएको छ। हाम्रो समाजका महिला माथि गरिएका शोषणका रूपहरूको यथार्थ चित्र कोर्ने कोसिस गरिएको छ।

**निष्कर्ष**

पारिजातद्वारा लिखित **आधी आकाश** भित्रका २९ वटा निबन्धहरू विभिन्न प्रवृत्तिका देखिएका छन् जस्तै स-साना कुरा पर्वतकी छोरी लगायत केही निबन्धहरू प्रगतिवादी प्रवृत्तिका, आत्मबोध, आधी आकाश चाहनेहरूले लगायत अधिकांश निबन्धहरू नारीवादी

प्रवृत्तिका छन् । त्यस्तै यो हीन भावना किन ? जटिल विभीषिका बलात्कार लगायत ६ वटा निबन्धहरूमा सामाजिक यथार्थवादी प्रवृत्ति देखिन्छ । आधुनिक नेपाली निबन्धमा पारिजात दोस्रो स्थानमा पर्ने निबन्धकार हुन्, तथापि उनका निबन्धहरूले नेपाली निबन्धको विकासमा महत्त्वपूर्ण योगदान दिएका छन् ।

*छैठौँ – अध्याय*

# उपसंहार : निष्कर्ष र मूल्याङ्कन

## निष्कर्ष

प्रस्तुत शोधपत्रको पहिलो अध्यायमा शोधपत्रको परिचय दिइएको छ । दोस्रो अध्यायमा नेपाली निबन्ध : सिद्धान्त र परम्पराको चर्चा गरिएको छ। तेस्रो अध्यायमा पारिजातको साहित्यिक रचनाधर्मिता र उनको निबन्धयात्राको उल्लेख गरिएको छ। त्यस्तै चौथो अध्यायमा विधातात्त्विक आधारमा **आधी आकाश** निबन्ध सङ्ग्रहको अध्ययन गरिएको छ । यस अध्याय शोधकार्यसँग सम्बन्धित र महत्त्वपूर्ण अध्याय पनि हो भने पाँचौं अध्यायमा प्रवृत्तिगत आधारमा **आधी आकाश** निबन्ध सङ्ग्रहका निबन्धहरूको विश्लेषण र आधुनिक नेपाली निबन्धमा पारिजातको योगदानका बारेमा परिचर्चा गरिएको छ । त्यसबाट प्राप्त हुन आउने निष्कर्षलाई तलका बुँदाहरूमा उल्लेख गरिएको छ -

१. पारिजात (जीवनकाल वि.सं. १९९४-२०५०) को ५६ वर्षे जीवनयात्रा पारिवारिक आर्थिक र शारीरिक दृष्टिले कहिले सुखद र अनुकूल अनि कहिले दुःखद र अत्यन्त प्रतिकूल बनी निकै आरोह-अवरोहमय बन्न पुगेको देखिन्छ भने उनको त्यो जीवनयात्रा उनले आधुनिक नेपाली साहित्यका क्षेत्रमा देखाएको बहुमुखी लेखन र चिन्तनका दृष्टिले अत्यन्त उपलब्धिपूर्ण बन्न पुगेको देखिन्छ । संस्मरण साहित्यका क्षेत्रमा निबन्धात्मक लेखनमा 'धूपी सल्ला र लाली गुराँसको फेदमा', एउटा चित्रमय सुरुवात, अध्ययन र सङ्घर्ष जस्ता निबन्धको माध्यमबाट आफूलाई कुशल निबन्ध स्रष्टाको रूपमा उभ्याउने काम पारिजातले गरेकी छन् । उनले कविता, कथा, उपन्यास, नाटक निबन्ध जस्ता विविध विधामा आफ्नो कलम चलाई सबै सिर्जना क्षेत्रमा उत्तिकै उत्कृष्टता देखाएको पाइन्छ। त्यस मध्ये निबन्ध विधा पनि हो र उनका उत्कृष्ट निबन्धहरूको एउटा सङ्ग्रह **आधी आकाश** हो ।

२. **आधी आकाश** निबन्धसङ्ग्रहको प्रथम प्रकाशन वि.सं. २०४८ सालमा भएको र त्यसपछि यसको पुनर्मुद्रण वि.सं. २०५४ सालमा भएको देखिन्छ । **आधी आकाश** मा जम्मा २९ वटा निबन्धहरू सङ्कलित छन् र तिनीहरूलाई विधातात्त्विक र प्रवृत्तिगत आधारमा विश्लेषण गरिएको छ ।

३. **आधी आकाश** निबन्ध सङ्ग्रहका स्रष्टा पारिजातका अनुसार यो निबन्धसङ्ग्रह उनी निस्सारतावाद र शून्यवाद हुँदै मार्क्सवादमा पुगेपछि शारीरिक अशक्तताका बीचमा रचिएको भए पनि उनको सशक्त राजनीतिक चेतना र सिर्जनशीलताको प्रतिनिधित्व गर्ने कृति हो ।

४. यस निबन्ध सङ्ग्रहमा सङ्कलित निबन्धहरूको प्रत्येक शीर्षकले एक किसिमको पाठकीय जिज्ञासा जगाई त्यसलाई विकसित तुल्याउँदै लगेर एउटा निश्चित टुङ्गामा पुऱ्याई विश्रान्त बनाइदिने प्रभावकारी सामर्थ्य राखेको पाइन्छ ।

५. **आधी आकाश** निबन्ध सङ्ग्रहका निबन्धहरूको विषयवस्तुको केन्द्रमा शताब्दीऔँदेखि पितृसत्तात्मक समाजमा शोषणको कोलमुनि पेलिएका महिलाहरूको व्यथा र पीडाहरूले जीवन्तता पाएको छ जसको प्रभावकारी अभिव्यक्ति यस सङ्ग्रहका निबन्धहरूमा भएको छ ।

६. **आधी आकाश**भित्रका निबन्धहरू वैचारिक कोणबाट निकै सबल देखिन्छन् । पितृसत्तात्मक मनोवृत्तिको नेपाली समाज, यहाँका महिलाहरूको वास्तविक भोगाइ, दुःख, पीडा र आँसुलाई स्पष्ट ढङ्गले प्रस्तुत गर्ने काम यस निबन्ध सङग्रहका निबन्धहरूमा भएको छ । सृष्टिको आदिकालदेखि नै सशक्त नारीहरू सामाजिक आर्थिक, राजनीतिक, धार्मिक सबै कोणबाट शोषणमा परेका कारणले हाम्रो मुलुकका नारीहरू आत्मा, अस्तित्व र अस्मिता विस्मरण र मूर्च्छनाको स्थितिमा पुगेका छन् । यिनीहरूलाई व्यूँझाउनु वर्गीय शोषण तथा पुरुष जातिद्वारा गरिएको उत्पीडन र दमनको उद्घाटन गर्नु र नारीलाई सचेत, सक्षम र सङ्गठित बनाउनु आवश्यक भएको कुरालाई **आधी आकाश** का निबन्धहरूले लक्षित गरेका छन् ।

७. यस निबन्धसङ्ग्रहमा निबन्धहरूको आकार प्रकार ज्यादै छोटो वा लामो नभई ठिक्कको वा मझौला किसिमको देखा पर्दछ । यी निबन्धहरूमा निबन्धकारका जीवन भोगाइ र मनमा रहेका अनुभवलाई रोचक शैलीमा प्रस्तुत गरिएको देखिन्छ ।

८. यस निबन्ध सङ्ग्रहमा परेका सबै निबन्धहरूमा निबन्धकार पारिजातले सबै वर्ग र तहका महिलाहरूको मानसिकतालाई नजिकबाट नियालेको पाइन्छ। महिलाहरू के पहाड, के तराई, के हिमाल, के आर्य, के मङ्गोल, के मधेस केही नभनीकन सङ्गठित रूपमा आन्दोलनमा जुट्नुपर्ने कुरालाई सशक्त रूपमा उठाइएको छ तर आन्दोलन पुरुषहरूका विरुद्ध नभई पुरुषलाई मात्र छुट दिने क्रूर सामाजिक व्यवस्थाको विरुद्ध भएको कुरालाई स्पष्ट पारिएको छ। यस निबन्ध सङ्ग्रहको भाषाशैली त्यति कठिन देखिँदैन। विभिन्न उखान र टुक्काहरूको प्रयोगले गर्दा यस सङ्ग्रहका निबन्धहरूमा झर्रो नेपाली भाषाको मिठास भरिन पुगेको देखिन्छ। समष्टिमा भन्दा अभिव्यक्तिको मितव्ययिता, सङ्क्षिप्तता र रोचकता नै यस निबन्ध सङ्ग्रहका भाषाशैलीगत उल्लेख्य विशेषता हुन् ।

९. आधुनिक नेपाली निबन्ध परम्परामा पारिजातलाई दोस्रो स्थानमा राख्न सकिन्छ , जसले आधुनिक नेपाली निबन्धको विकास र प्रबर्द्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याएको प्रस्ट हुन्छ ।

१०. नेपाली साहित्यमा बहुआयामिक प्रतिभाका रूपमा परिचित पारिजात आफ्नो जीवनका शारीरिक र मानसिक जटिलताका बाबजुद पनि साहित्यका विविध विधामा कलम चलाई नेपाली साहित्यको विकास र प्रबर्द्धनमा महत्त्वपूर्ण भूमिका निभाएकी छिन्, जसको अभावमा शून्यता छाएको महसुस भएको छ ।

११. यस सङ्ग्रहभित्र रहेका केही निबन्धहरू विधागत गहनताका दृष्टिले कमजोर देखिएका छन् भने प्रायः निबन्धहरू नेपाली वाङ्मयमा अतुलनीय नै छन् ।

१२. पारिजातका निबन्धहरूलाई प्रवृत्तिगत आधारमा अध्ययन गर्दा अधिकांश निबन्धहरू नारीवादी र प्रगतिवादी प्रवृत्तिका रहेका छन् भने केही सामाजिक यथार्थवादी प्रवृत्तिका रहको छन् ।

## योगदान र मूल्याङ्कन

निबन्धकार पारिजातको साहित्यिक यात्रा २०१३ देखि सुरु भई २०५० सम्म नेपाली साहित्यकै उत्थानमा समर्पित रहेको छ। पारिजातले आफ्नो बहुआयामिक प्रतिभालाई उपन्यास, कथा, कविता र निबन्ध जस्ता साहित्यिक विधामा लगाएको पाइन्छ। यसबाहेक

विभिन्न राजनैतिक सङ्गठन, आन्दोलन, मानवअधिकार जस्ता संघसंस्थामा आवद्ध भएर नेपालको सामाजिक, आर्थिक, राजनैतिक रूपान्तरणका निम्ति महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

पारिजातमा मातृत्वको अभावमा बालसुलभ गुणहरू कुण्ठित हुन पुगेका छन्, जुन क्रमिक रूपमा विद्रोहमा बदलिएको पाइन्छ। यसै क्रममा पारिवारिक झन्झट, आर्थिक अभाव र रोगको चपेटाले उनलाई दिनानुदिन अन्तर्मुखी स्वभावतर्फ घचेट्दै लग्यो । बाबुको डाक्टर बनाउने सपना माथि तुषारापात गर्दै पारिजातका भावना र प्रणयमुलक भावहरू रुमानी कल्पनामा व्यक्त भएका छन्। उनले वि.सं.२०१३ सालमा तीन कविता प्रकाशन गरेपछि पाठकसँग तादात्म्य राख्दै अगाडि बढ्ने क्रममा दश उपन्यास, चार कथासङ्ग्रह, तीन कवितासङ्ग्रह, तीन आत्मसंस्मरणात्मक सङ्ग्रह र दुई प्रबन्ध-निबन्धसङ्ग्रह नेपाली साहित्यलाई प्रदान गरेको देखिन्छ। युगीन परिवेश समय सापेक्ष रूपमा राष्ट्रिय र अन्तर्राष्ट्रिय घटनाक्रम वैचारिक आदर्शलाई सचेत रूपमा आत्मसात् गर्दै पाठक सामु उत्तेजक ढङ्गले सम्प्रेषण गर्नु पारिजातको मूल योगदान देखिन्छ। निबन्धकार पारिजातले आफ्नो आत्मसंस्मरण तत्त्व प्रधान भएका निबन्धात्मक कृतिहरू 'धूपी सल्ला र लालीगुराँसको फेदमा', एउटा चित्रमय सुरुवात र अध्ययन र संघर्ष जस्ता कृतिहरूमा किशोर अवस्था देखिका सतही जीवनबोध, जटिलता कुण्ठा, महत्त्वाकांक्षा, आँशु, निराशा, आशाजस्ता मार्मिक पक्षलाई इमान्दारीपूर्वक चित्रण गरेको जीवनका आफ्ना कुराहरूलाई कतै नमोडी, कतै नलुकाई, नछोपीकन सपाट ढङ्गले चित्रण गरी पाठकको ध्यान खिच्न सक्नु उनको महत्त्वपूर्ण लेखन कलाको प्रभावनै हो ।

पारिजात बहुमुखी प्रतिभाकी धनी भएकाले स्वभावतः उनको सृजना पनि साहित्यका विभिन्न विधामा केन्द्रित रह्यो । उनले जति धेरै विधामा हात हाल्ने र सङ्ख्या तथा गुण दुवै दृष्टिले उन्नत रचना दिने उनका समकालिक साहित्यकारमा अर्को छैन। खास गरी उपन्यास, कथा र कविता विधामा पारिजातको सृजनशील प्रतिभाको उल्लेखनीय चर्चा हुँदै आएको छ र उनको योगदान मुख्यतः यिनै विधालाई लक्षित गरी त्यसै अध्ययनका आधारमा स्थापित गरिँदो छ तर पारिजातको निबन्धकारिताबारे समीक्षकहरूको उत्तिको ध्यानाकर्षण हुन सकेको देखिँदैन । उपन्यास, कथा र कविता तर्फ प्रसिद्धि पाइसकेपछि निबन्ध लेख्न सुरु गरेको पाइन्छ । उनका निबन्धहरूमा *विश्वासले आँखामा पट्टी बाँधेको रात* (रूपरेखा ४८), *के कस्तो र को कता* (रूपरेखा ९६) *हिरो वर्सिय एक ....* (रूपरेखा १२०), *बौलाहा मनस्थिति*

(१३६), *एउटा विगत संस्मरण* (रूपरेखा ११५०) *चेगुबारा र राल्फालीको आँखामा अर्को राल्फा* निबन्धहरू निकै चर्चित र कलात्मक छन् तर सङ्कलनमा आउन सकेका छैनन् । आत्मसंस्मरणतत्त्व प्रधान भएका निबन्धहरूमा *धूपी सल्ला र लाली गुराँसको फेदमा, अध्ययन र संघर्ष, एउटा चित्रमय सुरुवात* हुन् भने **आँधी आकाश** (२०४८) मार्क्सवादी चिन्तन प्रबल भएको निबन्ध सङ्ग्रह हो । पारिजातले केही फुटकर निबन्धहरू रूपरेखा पत्रिकाको प्रकाशन लगत्तै राल्फा आन्दोलनसँग सम्बद्ध भएपछि प्रकाशित भएको पाइन्छ भने निबन्ध लेखनलाई मात्र हेर्दा दुई दशक लगातार साधना गरेको पाइन्छ । *धूपी सल्ला र लालीगुराँसको फेदमा* निबन्धात्मक कृतिले स्रष्टाको वैचारिक सङ्क्रमणशीलता समेत छर्लङ्ग पार्दछ । जीवन र अनुभवहरूको विशिष्ट देउरालीमा उभिएर त्यहीँबाट जीवन र समाजलाई अतीत र वर्तमानको समग्रतामा मूल्याङ्कन र प्रस्तुत सबै निबन्धहरूम गरिएको हुन्छ र यसै दृष्टिले पारिजातका निबन्धहरूलाई हेर्नुपर्ने हुन्छ, यसर्थ यस्ता कृतिहरूमा पात्र, परिवेश र घटना प्रवाह विद्यमान हुन्छन् । मुख्य कुरो, यिनै कुराको तपसिलमा वर्णित सूची वा विवरणको सोझो प्रस्तुतिमा झन्डै-झन्डै सीमाबद्ध हुन पुगेको संस्मरण र आत्मकथालाई निश्चित रूपले पारिजातले नौलो उचाइ प्रदान गरिन् । पारिजातको दृष्टि जहाँपर्छ, त्यो मोटामोटी र बोधो नभई सूक्ष्म र धारिलो रूपमा प्रकट हुन्छ । अनुभूतिहरूको सूक्ष्मता र धारिलोपनाले त्यसबेला जन्म लिन्छ जब आफूले समातेको वस्तुको चलनचल्तीको प्रक्षेपमा स्रष्टा सुन्तुष्ट हुँदैन र त्यसका विशिष्ट र मार्मिक पक्षहरूलाई स्पर्श गर्न थाल्दछ । पारिजातले प्रदान गरेको पहिलो र नौलो उचाइ यही हो । वास्तवमा पारिजातका आत्मकथा र संस्मरणको कथ्य वा केन्द्रीय वस्तु, घटना, परिवेश र पात्रहरूको परिचय होइन, मानिसहरूलाई र स्वयम् आफूलाई पनि बाहिरबाट होइन, भित्रबाट र सुल्टो र उल्टोबाट पनि चियाउँदै मानसिक जटिलता र द्वन्द्वको उद्घाटन गर्नु हो ।

प्रेमचन्दले साहित्यमा पात्रहरूका नाम झुटा र बाँकी कुरा साँचा हुन्छन् भने इतिहासमा पात्रका नाम साँचा र बाँकी यथार्थ चाहिँ झुटो हुन्छ भनी कतिपय असङ्गत अवस्थाहरूलाई व्यङ्ग्य गरेका छन् । आत्मकथा र संस्मरणका सम्बन्धमा भन्ने हो भने पात्र परिवेश र घटना पनि साँचा हुन्छन् र बृहत् सामाजिक जीवनमा उल्लिखित व्यक्तिहरूको उपस्थिति र रोहबरले नै साक्षीको काम गरेको हुन्छ । त्यसमा पनि परिवेश र पात्रहरू अतीतमा विलिन भइसकेकाले वर्तमानमा उभिएर स्वेच्छाचारीपूर्वक केवल त्यस क्षणलाई अभिव्यक्त गर्दा हुने एकतर्फी र सजिलोपना पारिजातलाई उपलब्ध थिएन । समयको प्रवाहमा कतिपय व्यक्तिहरू

हामी माझ नरहनु भएपनि ठूलो सङ्ख्याको उपस्थिति र क्रियाशीलता विद्यमान छ। तसर्थ यिनीहरूकै आँखा अघि उभिएर सफलताका साथ घटना, परिवेशको मूल्याङ्कन व्यक्तिहरूको मानसिकताको अनावरण र आलोचना प्रस्तुत गर्ने काम आफैमा चुनौतिपूर्ण मान्न सकिन्छ। आफ्नो परिवेशमा उभिएका मध्यम वर्गीय पात्रहरूको र स्वयम् आफ्नै पनि आकांक्षा, द्विविधा, द्वन्द्व, विरोधाभास, स्वप्नशीलता, घुर्की, दम्भ, स्वार्थ, निराशा, विवशता तथा चिन्तन र व्यवहारको द्वैधताको पारदर्शी प्रस्तुति पारिजातका निबन्धहरूमा पाउन सकिन्छ। आत्मसंस्मरणमा स्वीकृत औपचारिक मान्यताले गर्दा आत्मकथा प्रस्तोताको केन्द्रीयताको सुविधाका कारण पारिजातलाई पनि आफ्नो अहम्को गरिमा बिस्तार गर्ने अवसर प्राप्त नहुने होइन र त्यो नजानिँदो र मिहिनसँग वर्गीयताका कारण देखा नपर्ने पनि होइन तापनि आफ्नो विशिष्टता बोधमा अन्धो भएर अरूलाई चानचुने बनाउने मोटो दृष्टिबाट टाढिँदै सामूहिकता तर्फको अभिमुखिता पारिजातमा पाइन्छ। उनले आफ्ना थुप्रै अपुगहरू, असङ्गतिहरू, कमजोरीहरू र सबलताको मूल्याङ्कन गरेकी छन्। पारिजात इमान भएकी साहित्यकार हुन्। तसर्थ उनको आफूप्रतिको दृष्टि विश्लेषणात्मक र आलोचनात्मक छ। आफूलाई सुम्सुम्याउनु र निरपेक्ष रूपमा मोटो माया गर्नुभन्दा आफूप्रति आक्रामक र आलोचक बन्नु र आफ्ना खराबी विरुद्ध निर्मम जीवन बाँच्नु औधी कठिन हुन्छ। यही कठिन बाटामा पारिजात अभिमुख छिन्। आत्मस्पृहालाई ठम्याउने र त्यसबाट मुक्त रहने प्रयत्न उनका निबन्धात्मक कृतिहरूमा पाइन्छ। पारिजातको सृजनशीलता र वैचारिक विकासको आरोह-अवरोहमा यो पक्ष कारक तत्त्वका रूपमा रहेको छ।

पारिजात र उनका वरिपरिका व्यक्तिहरू झवाट्ट हेर्दा जस्ता देखिन्छन, त्यो उनीहरूको खाँटी पहिचान साबित हुँदैन। आफ्नो र आफूसँगका मानिसहरूको ग्रन्थिगत जटिलता, कुण्ठा, महत्त्वाकांक्षा, दम्भ र द्विविधा , चोट, आँशु र निराशाहरू, कुटिल स्वार्थ, जिउने इच्छा र आत्मसंघर्ष जस्ता मार्मिक पक्षलाई इमान्दारीपूर्वक चित्रित गर्नाले नेपाली मध्यम वर्गको मानसिकता पहिचान आत्मकथाहरूले सघोट गरेको छ। अझ त्यसै वर्गबाट आएका इमान्दार स्रष्टाहरूको वैचारिक विकासक्रमका बाङ्गाटिङ्गा बाटाहरू र उकाली-ओरालीका भञ्ज्याङ् तथा खुँजहरू चिन्हित गरी उनीहरूको वर्गीय प्रवृत्तिमा रहेका कमजोरी लक्षित गर्ने दृष्टिले समेत प्रस्तुत आत्मसंस्मरणहरूको महत्त्व आफ्ना ठाउँमा छ। वैचारिक विकासक्रमको दोसाँधमा आइपुगेकी पारिजातका द्वन्द्वहरूको किशोरावस्था देखिको विकास र त्यसको पृष्ठभूमि बोकेर *धूपी सल्ला र लालीगुराँसको फेदमा* (२०३०) सालमा आएको छ, भने अरू आत्मकथा, संस्मरण र आधी आकाश चाहिँ तीस र चालीसको दशकमा लेखिएका छन्। पारिजातका

आत्मसंस्मरणहरूको उल्लेखनीय पक्ष आफ्ना द्वन्द्वहरूलाई कुशलताका साथ प्रस्तुत गर्ने सामर्थ्य पनि हो। किशोरावस्थादेखि नै सतही जीवनबोध र यथार्थका बीचमा, सस्ता औपचारिकता, नक्कलीपन, दम्भ र समाज तथा जीवनका वास्तविकता बीचमा हुर्कंदा द्वन्द्वचेत पछिसम्म आफ्नै प्रकारले विभिन्न अवस्थाहरूमा विकसित हुँदै गयो। विप्ल्याँटो परिस्थितिमा आफ्ना इच्छा, आकांक्षा र बैंसका रहरहरू पारिवारिक र वर्गीय रूपमा हुर्काएको काल्पनिक आदर्शको पङ्गुपना एवं निष्क्रिय स्वप्नशीलता र दम्भका मुखेन्जी निरर्थक प्रमाणित हुँदै आए। यस्तै जीवनको यथास्थिति र परिवर्तनका बीचमा भनौं द्वन्द्वको उपस्थिति अन्तर्निहित छ। संयोगवश द्वन्द्व पारिजातको जीवनमा स्वाभाविक हुन गयो। कतिसम्म भने चाहना र इनकारी, परावलम्बिता प्रतिको घृणा र शारीरिक यन्त्रणा र अशक्तताले निम्त्याएको विवशता, उच्च उपलब्धिको आकांक्षा र टिठलाग्दो यथार्थका माझ पारिजातले उभिनुपर्‍यो। पारिजातको जीवनको खाइलाग्दो भाग यिनै द्वन्द्वहरूका गुजुल्टामा जेलिएको छ। आत्मकथाहरूमा आफ्नो असाधारण बोध सामर्थ्यको तीक्ष्णताले त्यस गुजुल्टाको मसिनो भन्दा मसिनो पक्ष समातिएको छ। जटिलताको निदान र समस्याको समाधान पहिल्याउने विलक्षणता पारिजातमा पाइन्छ। परिवेशका थुप्रै मानिसहरूबाट यसै विलक्षणताले पारिजातलाई छुट्याईदिन्छ। जीवनको तिक्तता, रिक्तता र अपर्याप्तता बोधको रनाहा लाग्दा जीवन र जगत्लाई अर्थ्याउने सिलसिलामा निस्सारतावाद, शून्यवाद-अस्तित्ववाद जस्ता दर्शनहरूको प्रभाव पारिजातमा पर्छ। उनको जीवन साँच्चै भन्ने हो भने विचारहरूको प्रयोगशाला जस्तो देखिन्छ र बाङ्गो टिङ्गो बाटो सीमाबद्ध भएर अथवा पारिजातका शब्दमा 'म' भएर प्राप्त हुन सक्तैन, जसको उल्लेख धूपी, सल्ला र लालीगुराँसको फेदमा गरिएको छ। व्यापक जनसमूहसँग आवद्ध भएपछि आपसमा दुःख-सुख साटासाट हुन थालेपछि नै जीवनको अर्थ स्पष्टिन थाल्दछ। २०२२ सालमा **शिरीषको फूल** लेख्दा ताककी 'फूलै फूलको विछ्याउनामा पल्टाइदिए पनि म मान्छे जन्मन चाहन्न' भन्ने पारिजात मार्क्सवादमा आइपुग्नासाथ सगौरव स्वीकार गर्छिन्-"मलाई आजभोलि जीवन दिनदिनै नयाँ लाग्छ।" यस नयाँ जीवनलाई झनै नयाँ बनाइराख्ने हो भने मध्यम वर्गीय संस्कारबाट जन्मेका व्यक्तिबाद र स्वेच्छाचारिताका विरुद्ध जुध्नु अपरिहार्य छ। पारिजातको जनवादी व्यक्तित्वको विकास जे जस्तो भयो, यसै जुधाइको परिणाम हो। यसबारे उनको स्पष्ट स्वीकारोक्ति छः "आजसम्म पनि केही वर्गीय चरित्रहरूसँग जुध्दैछु तर दृष्टिकोण समूहबीच छ, त्यसैले सिक्ने मौका पाउँदैछु।"

कल्पनाकी धनी पारिजातको दृष्टि चित्रकारहरूको जस्तो मसिनो छ। लाग्छ, रङ्गहरूका सट्टा शब्दका माध्यमले जीवित र चित्रमय वर्णन प्रस्तुत गर्ने सृजनात्मक प्रवृत्ति उनका निबन्धको वैशिष्ट्य हो। उनका आत्मकथाहरूमा विशेषतः *धूपी सल्ला र लालीगुराँसको फेदमा* दार्जीलिङ्गले र अध्ययन र सङ्घर्षमा काठमाडौंले स्पन्दन र बोली पाएको छ। अनुभूतिको तीव्रताको क्षणमा पारिजात बिम्बमा बोल्छिन् जुन बिम्बहरू सामान्य परिवेश र जनजीवनबाट टिपिएका र सोही अर्थमा प्रयोग भएकाले पारदर्शी देखिन्छन्। कल्पनाको प्रचुरता, भावनाको तीक्ष्णता र गम्भीरताले मात्र होइन, युग जीवनको अनुसन्धान र त्यसको बिम्वात्मक प्रस्तुतिले गर्दा पारिजातका आत्मकथाहरूलाई काव्य भन्न सुहाउँछ। यसो भनौं काव्यात्मकता आत्मकथाहरूमा पोखिएको छ। आत्मसंस्मरण भन्नाले सामान्य रूपले सोच्दा स्रष्टा वा सम्बन्धित व्यक्तिको आफ्नै कथा हो। यसमा व्यक्तिका रूपमा र स्रष्टाका रूपमा दुवै आयाममा आत्मकथाकार नै मुख्य रूपमा टुप्लुक्किनु अस्वाभाविक छैन। आत्मकथामा स्रष्टा केवल बोधकर्ता, अनुसन्धाता र प्रस्तोताका रूपमा आउने हो र उसैको समग्र बोध र तीक्ष्ण अनुभूति बहुआयामिक सामाजिक जीवनको यथार्थ तानिएर व्यक्तिने हो भने त्यस्तो कृतिमा कसैको कुनै परिवेशको संवेद्यताको ठाउँमा सिङ्गो सामाजिक यथार्थ र विकासक्रमको झलक अभिलेख हुने भएकाले त्यसको आयाम र गम्भीरतामा स्वतः वृद्धि हुन्छ। यस्ता कृतिहरूका माध्यमबाट अतीत र वर्तमानलाई छर्लङ्ग बुझ्न सकिन्छ। आत्मकथा र संस्मरणको गम्भीरता परिवेश र सन्दर्भहरूको अविच्छेद्यता र व्यापकताले नै पुष्टि गर्दछ। पारिजातका आत्मकथाहरू र संस्मरणहरूमा बृहत् समाजको सिङ्गो यथार्थ यसरी तानिएर र सँगेटिएर फिट्टो नभई घटना र सन्दर्भको पारस्परिक सम्बन्धका साथ अपेक्षाकृत रूपमा आउन सकेको छैन। यो अपेक्षा वर्तमान समयमा क्रियाशील लेखकहरूमा सुम्पिनु मनासिब हुनेछ।

'पारिजातको निबन्धकारिताको समग्र चर्चा गर्दा फुटकर निबन्धहरूको सङ्गालो 'आधी आकाशको पनि चर्चा गर्नुपर्ने हुन्छ। नारी जातिको शोषण, उत्पीडन र त्यसले निम्त्याएका जटिल समस्यालाई नै केन्द्रित गरेर जति शृङ्खलित, सुदृढ र सशक्त रूपमा 'आधी आकाश प्रस्तुत भएको छ, यस बाहेक नेपाली वाङ्मयमा अर्को कुनै कृति छैन। मुख्य कुरो, यस कृतिमा अन्तर्निहित मार्क्सवादी दृष्टि उल्लेखनीय पक्ष हो। निस्सारतावाद, शून्यवाद र अस्तित्ववाद हुँदै पारिजात मार्क्सवादमा आइपुगिन्। पारिजातद्वारा उत्तरार्द्ध कालमा आएर लेखिएका निबन्धहरूमा राजनैतिक प्रतिबद्धता सबल हुनुका साथै मार्क्सवादी चिन्तनले ललित र कलात्मक शैली पाएको देखिन्छ। विषयका दृष्टिले हेर्दा उनी प्रारम्भमा चरित्रका केस्रा-

केस्रा केलाउनमा केन्द्रित देखिन्छन् भने पछिल्ला रचनामा चरित्रलाई भन्दा घटना र चरित्रको व्यापकतालाई बढी प्राथमिकता दिएको पाइन्छ ।

'आधी आकाश' निबन्ध सङ्ग्रहमा पारिजातले नारी जातिको शोषण, उत्पीडन एवं यसले निम्त्याएका जटिल समस्याहरूमा आफ्नो लेखनलाई केन्द्रित गरेको देखिन्छ । अन्याय, शोषण एवं थिचोमिचोमा परेका नारीहरूलाई जागरुक, सङ्गठित एवं क्रियाशील बनाई महिलामुक्तिको राष्ट्रिय आन्दोलनमा जुट्न आग्रह गरेको पाइन्छ (सुवेदी, २०५३:७८) पारिजातको निबन्धकारितामाथि टिप्पणी गर्दै सुवेदी लेख्छन् -"पारिजात यथार्थवादी चिन्तक हुन्, मानवअधिकारवादी योद्धा हुन् र मार्क्सवादी स्रष्टा हुन् ।"

यसका साथै आत्मसंस्मरण तत्त्व प्रधान भएका निबन्धहरूमा पारिजातका आरोह-अवरोहहरूले इमानदारीपूर्वक स्थान पाएको देखिन्छ । जीवनका विविध संघर्ष, आत्मकहानी, धारणाजस्ता कुराहरूले पाठकको मनलाई प्रभावित तुल्याउँदै अगाडि बढ्न प्रोत्साहन गरेको पाइन्छ । जीवनभरि विभिन्न अभाव, सङ्घर्ष, व्यथा-कथासँग निडरतापूर्वक लड्दै अघि बढेकी पारिजातको साहित्यक व्यक्तित्व उच्च र प्रेरणादायी दुवै ठहर्छ । नेपाली साहित्यमा नारी साहित्यकारहरूमा सबैभन्दा चर्चित सम्मानित र प्रशंसित कोही छन् भने केवल पारिजात नै एउटा नाम हो (अशेष मल्ल, २०५१ : १६२) ।मल्लको यस टिप्पणीसँग असहमत हुनुपर्ने कुनै कारण देखिँदैन । निबन्धकार पारिजात राल्फाली समूहसँग सम्बद्ध भएदेखि २०५० सम्मको निबन्ध लेखनमा उनी निस्सारतावाद र शून्यवादबाट माथि उठेर मार्क्सवादसम्म पुगेकी छिन् । आधुनिक नेपाली निबन्धको विकासमा पारिजातको 'आधी आकाश' मा सङ्गृहीत निबन्धहरूले दरिलो इँटा थपेको महसुस हुन्छ । निबन्धयात्रालाई हेर्दा समीक्षकहरूले पारिजातको नामलाई त्यति महत्त्व दिएको पाइँदैन तर उनको निबन्ध लेखनलाई सूक्ष्म ढङ्गले नियाल्दा यस क्षेत्रमा योगदान उल्लेखनीय देखिन्छ ।

आधुनिक नेपाली निबन्धयात्रामा पारिजात उल्लेखनीय नाम हो । विविध शैलीका निबन्धहरू दिएर गएकी पारिजातलाई अन्य निबन्धकारको तुलनामा कम आँक्न मिल्दैन । आधुनिक नेपाली निबन्धको क्षेत्रमा दोस्रो श्रेणीको निबन्धकारको रूपमा उनको स्थान रहेको कुरा अध्ययनबाट स्पष्ट हुन्छ, यद्यपि नेपाली निबन्धको विकासमा उनको योगदान र स्थान उल्लेखनीय रहेको कुरामा दुईमत छैन ।

महिला मुक्तिका कुराहरू जतिसुकै उठाएपनि व्यवहार र संस्कारमा परिवर्तन नआएसम्म त्यसले मूर्त रूप लिन नसक्ने कुरा स्पष्ट छ । हाम्रो समाजमा प्रचलित विसङ्गतिपूर्ण व्यवहारहरू नै महिला मुक्तिका लागि बाधक भएका छन् र यसैगरी महिलाहरू स्वयं नै

कुसंस्कारबाट मुक्त हुन नसक्नु र उनीहरूकै व्यवहार नारी समानता र स्वतन्त्रताको निमित्त बाधक बन्न पुग्नु पनि आफैमा बिडम्बनापूर्ण भएको छ ।

नारी कोमलता, सुन्दरता र लज्जाको प्रतीक हो भन्ने धारणाबाट पुरुषहरू मात्र नभई स्वयं महिलाहरू त्यसमा पनि कम भन्दा कम शिक्षित महिलाहरू मुक्त हुनु जरुरी छ। एकातिर नारी समानताको वकालत गर्ने र अर्कोतिर सौन्दर्य प्रतियोगितामाथि गर्व गर्ने शिक्षित महिलाहरूले नारी मुक्तिको सही बाटो देखाउन सक्लान् ? यो संभव छैन । पारिजात भन्छिन् : सुन्दरताको विज्ञापन होइनन् स्वास्नी मान्छेहरू, जसरी पूँजीवादी र सामन्तवादी समाजले बनाइरहेको छ । उनी भन्छिन्: “सुन्दरता र यौन प्रतीकबाट झिकेर स्वास्नीमान्छेको अस्मितालाई संघर्षको क्यानभासमा टाँगिन दिनुपर्छ ।” पारिजात सौन्दर्य प्रतियोगितालाई महिलामाथि हुने पूँजीवादी शोषणको प्रमुख रूप ठान्छिन् । उनी भन्छिन्: “सौन्दर्य प्रतियोगिता महिलाहरूबाटै रुचाइएको प्रतियोगिता हो तर यसबाट फाइदा पुरुषहरूलाई हुन्छ । भारतीय सुन्दरी रीताफारियाले सौन्दर्य प्रतियोगिता विजयी भइसकेपछि भियतनाममा युद्धरत अमेरिकी सिपाहीहरूलाई मनोरञ्जन दिन गएको प्रसङ्गलाई उल्लेख गर्दै उनी भन्छिन् : ‘कुन्नि भारतको यो विजय हो कि पराजय हो ।’

गीतहरूमा गरिएका महिलाहरूको छविको चित्रण प्रति पनि पारिजात सचेत रहेकी छन् र महिलाको छविलाई धमिल्याउने खालका गीतहरूप्रति उनले आपत्ति जनाएकी छन् । “गाउँकी केटी सबैलाई, ‘पातलीले दुई चुल्ठो बाटिछ,’ भुइँमा राख्दा दाग लाग्ला’ भन्ने जस्ता गीतहरूले महिलालाई यौन वा मनोरञ्जनको वस्तुको रूपमा चित्रण गर्ने भएकोले यस्ता गीत गाउने गायकहरूलाई स्पष्ट शब्दमा भन्छिन्:-“यस्ता झूठ र नकच्चरा गानाहरू गाएर नेपाली स्वास्नीमान्छेहरूको मुक्ति गाथालाई चेपारो नपारुन् ।” समाजभित्र व्याप्त कुसंस्कृति र विसङ्गतिपूर्ण व्यवहारका निम्ति सिङ्गो समाज नै दोषी त छँदै छ तर, शिक्षित भनिएकाहरू, अझ सचेत र प्रगतिशील भनिएका महिलाहरू समेत यस्ता व्यवहारबाट अलिकति मात्र पनि मुक्त हुन नसक्नु आफैँमा विडम्बना भएको छ । त्यसैले पारिजात भन्छिन् “जतिसुकै शिक्षित, फेशनेवल भएपनि अन्धविश्वासी, रुढिग्रस्त, कुटिलतामा विश्वास राख्ने, निन्दा खोइरोमा रुचि लिने र कुरा यताउति पार्ने महिलाहरूलाई म आधुनिक ठहऱ्याउँदिन । आधुनिकताले मन र मस्तिष्कको विकासमा भर गर्छ ।”

शताब्दीऔं देखिको दमनले महिलाहरूलाई साह्रै पिछडिएको र सङ्कुचित अवस्थामा राखेको छ भनेर उनी भन्छिन्, लाखौं वर्षको शोषणले यस शक्तिशाली र क्षमताशील स्त्रीलिङ्गलाई मनोवैज्ञानिक रूपले परास्त हुन् बाध्य तुल्यायो कि हामी साँच्चै शक्तिहीन लिङ्ग

हौँ भनी सोच्न बाध्य तुल्यायो तर सत्य ठीक यसको उल्टो छ ।' सत्यको प्राप्ति त्यति सजिलो छैन अर्थात् सत्य प्राप्तिको लागि सचेत मानिसहरूको उद्देश्यमूलक कार्य एवं व्यवहारको आवश्यकता पर्दछ । पारिजात भन्छिन्: 'महिला मुक्तिको निम्ति सचेत अथवा प्रगतिशील धारणामा विश्वास राख्ने महिलाहरूले अरूलाई सिकाउने नाराबाट मात्र होइन, आफनो व्यक्तिगत जीवनबाट पनि आन्दोलन सुरु गर्नुपर्छ ।' किनभने कतिपय शिक्षित भनिएका अझै भनौं सचेत र प्रगतिशील भनिएका कतिपय महिलाहरू नै परम्परागत धारणा एवं सामाजिक विसङ्गतिपूर्ण व्यवहारको भासबाट थोरै मात्र पनि माथि उठ्न सकेको पाइँदैन । यस्तो अवस्थामा हाम्रा अशिक्षित महिलाहरूको हक, हित, अधिकार र सजगताको कुरा व्यवहारिक रूपमा केवल नारा मात्र बन्न जानेछ । सचेत महिलाहरूलाई कर्तव्यबोध गराउँदै पारिजात लेख्छिन्:-" आफ्नै शारीरिक र मानसिक क्षमताहरूसँग हामी अनभिज्ञ छौं ।" दोष हाम्रो होइन तथापि यस अनभिज्ञताको पर्दा च्यात्ने सङ्केत र आग्रह भने सचेत महिलाहरूबाट हुनैपर्छ ।"

महिलाहरूलाई यस प्रकार सचेत पार्दै सामाजिक विसङ्गतिको विरुद्धमा उभिन सिकाउने पारिजात पनि 'लाखौं वर्षको शोषणको यस शक्तिशाली र क्षमताशील स्त्रीलिङ्गलाई मनोवैज्ञानिक रूपले परास्त हुन बाध्य तुल्याए झैं कतै-कतै कहिलेकाहीँ परास्त हुनु परेको भान पर्दछ । उदाहरणको लागि उनले एउटा अन्तर्वार्तामा भनेकी छन्: उनको मनभित्र अभेद्य पर्खालपछि कुनै स्वास्नीमान्छे छे र त्यो स्वास्नीमान्छे उनीसँग रनवन घुम्न नपाएको, डुल्न नपाएको, पकाउन नपाएको, सिउन, बुन्न नपाएको कुरालाई लिएर उनीसँग ठुस्किरहेकी छे । उनीभित्र पलाएको यो भावना भनेको उनीभित्र रहेको स्वास्नी मान्छे हुनुको सुषुप्त भावना हुनसक्छ । आम स्वास्नीमान्छेले जस्तो उनी लोग्नेको 'सुरक्षा कवच' भित्र बसिनन्, आम स्वास्नीमान्छेले जस्तो घुम्ने, खाने, पकाउने, सिउने बुन्नेजस्ता कुराहरूमा उनी अलमलिन पाइनन् । फलस्वरूप, पुरुषप्रधान समाजमा पुरुषलाई हाँक दिएर आम पुरुषहरूको तुलनामा जुन प्रकारको उच्च स्तरको जीवन उनले जिइन् र जुन प्रकारको व्यस्तता र प्रसिद्धि उनी पाइन् त्यसबाट पनि कहिलेकाहीँ कताकता भित्री मनको अन्तरकुन्तरमा लुकेर बसेको उनको स्वास्नीमन्छेलाई सबै स्वास्नीमान्छेको जस्तो जीवन जिउन नपाएको असन्तुष्टि भने बाँकी नै रहेको बुझिन्छ । उनका महिलासँग सम्बन्धित निबन्धहरूले पनि निरपेक्ष रूपमा महिलाका समस्याहरूका मात्र वकालत गर्दैनन् र यसलाई हल नहुने समस्याको रूपमा पनि प्रस्तुत गर्दैनन् उनका निबन्धहरूले महिलाका समस्याहरूलाई पनि समस्त शोषित पीडित जनताको समस्यासँगै गाभेको पाइन्छ र वास्तविक महिला मुक्ति भनेको सम्पूर्ण शोषित पीडित

जनताको मुक्ति संघर्षसँग गाँसिएको प्रश्नको रूपमा लिएको छ। त्यसैले पारिजात 'सम्पूर्ण महिलाहरूको सर्वाङ्गीण स्वतन्त्रता नभएसम्म विश्वको कुनै पनि देशको स्वतन्त्रता संभव छैन' भन्छिन्। विना संघर्ष, हक, हित र अधिकारको प्राप्ति हुन नसक्ने तथ्यलाई दृष्टिगत गर्दै उनी भन्छिन्: हामीहरू सङ्गठित हुनुपर्छ र सारा शोषित, पीडित महिलाहरूको आवाजलाई एकै स्वर पारी आफ्नो हक हितको निम्ति संघर्षको मैदानमा उत्रनुपर्छ। पारिजात निबन्धहरूमा स्पष्ट के भन्छिन् भने महिलाहरूले आफ्नो हक र अधिकारको निम्ति अर्थात् आफ्नो मुक्तिका लागि आफैँले लड्नुपर्छ तर महिलाहरूको युद्ध पुरुष विरुद्धको युद्ध होइन। महिलाहरूको युद्ध भनेको पुरुषलाई मात्र छुट दिने सामाजिक व्यवस्थाको विरुद्धको युद्ध हो। तसर्थ उनको विचारमा यस युद्धमा महिलाहरू एक्लै लड्ने नभएर उनीहरूले आफ्नो मुक्ति युद्धलाई देशका अरू समस्त शोषित पीडित पुरुषहरूको साथ लागेर सम्पूर्ण जनताको मुक्तिसँग गाभिएको वर्ग संघर्षमा आधारित परिवर्तनकारी राजनैतिक समूहसँग आफ्नो कार्यक्रमलाई गाभेर लड्नुपर्छ।

पुरुषको नारी प्रतिको सयौँ वर्षदेखिको हिंस्रक र शोषणमूलक दृष्टि अनावरण गर्न **आधी आकाश** भित्रका निबन्धहरू समर्थ छन्। आधी आकाश अर्थात् सम्पूर्ण नारीहरूलाई जागृत र संगठित बनाई के मधेस, के पहाड, के आर्य, के मङ्गोल, के मुसलमान सबैको ऐक्यबद्धतामा विराट राष्ट्रिय आन्दोलन विकसित गर्ने समग्र दृष्टि सबै निबन्धहरूले प्रस्तुत गरेका छन्। साहित्यमा नारीलाई हेरिँदै आएको खास गरी पुरुष जातिका साहित्यकारको सौन्दर्यवादी दृष्टिको विरोध गर्दै नारीलाई उडन्ते किसिमले होइन, उनीहरूकै यथार्थमा हेरिनुपर्ने माग पनि निबन्धहरूले अघि सारेका छन्।

**आधी आकाश**भित्रका केही रचनाहरू निबन्धको विधागत गहनताका दृष्टिले पनि पछि परेजस्तो महसुस हुन्छ। सामान्य अखबारी लेखनभन्दा केही माथि उठेका ती रचनाहरू निबन्धको स्तरसम्म पुग्न नसके जस्तो देखिन्छ। मुख्य कुरो, यत्तिकै आधारमा ती रचनाहरूको मूल्यहीनता पुष्टि गर्न मिल्दैन। नारी जातिका विभिन्न समस्यालाई लक्षित गरी लेखिएका ती निबन्धहरू वैचारिक उच्चताका दृष्टिले महत्त्वपूर्ण छन्। पारिजातको अभावमा नारी यथार्थ केन्द्री समसामयिक र संवेदनायुक्त निबन्धहरूको लेखनमा झण्डै शून्यता छाएको छ। यस्तो शून्यताबोध नै वस्तुको अर्को महत्त्वपूर्ण पाटो हो।

**आधी आकाश** निबन्ध सङ्ग्रहभित्र २९ वटा निबन्धहरू सङ्कलित छन्, यस भित्र रहेका निबन्धहरूलाई विधागत गहनताका दृष्टिले केही निबन्धहरू अलि पछि परेका पनि छन् । त्यसैले यहाँ उच्च, मध्यम र सामान्य श्रेणीमा विभाजन गरी मूल्याङ्कन गरिएको छ ।

**'आधी आकाश' निबन्धसङ्ग्रहका निबन्धहरूको श्रेणीगत विभाजन**

| **उच्च** | **मध्यम** | **सामान्य** |
|---|---|---|
| १. स-साना कुरा<br>२. बोलाऊँ भने तिमीलाई बात लाग्ने डर<br>३. पर्वतकी छोरी<br>४. संघर्षको क्यानभासमा<br>५. आँसु भन्दा महँगो पानी<br>६. राष्ट्रिय ट्रफी<br>७. अपील कुम्भकर्णहरूलाई<br>८. आत्मबोध<br>९. मानुषी<br>१०. आधी आकाश चाहनेहरूले | १. केही उपन्यास र केही यथार्थहरूबाट<br>२. यो हीन भावना किन ?<br>३. जटिल विभीषिका बलात्कार<br>४. आँशु माने स्वास्नीमान्छे<br>५. दासत्वको स्वीकारोक्ति<br>६. घरेलु महिला एक प्रसङ्ग<br>र इज्जत सबैको एउटै हो । | १. साहित्यः देश, काल, परिस्थिति र वर्ग सापेक्ष हुन्छ ।<br>२. संगठित आवाज नै प्रभावशाली हुन्छ ।<br>३. वैचारिक र मानसिक शोषणको विरुद्ध<br>४. एउटा पत्र बार्बरा निम्री अजीजका नाउँमा<br>५. संसारभरिका महिलाहरू एक होऊँ<br>६. अन्तर्राष्ट्रिय महिला दशकलाई बिदाको उपहार<br>७. मेरो भागमा परेको अस्मिता-१<br>८. मेरो भागमा परेको अस्मिता-२<br>९. आठ मार्चको सम्झनामा<br>१०. पञ्चमी स्नान एउटा निःशुल्क तमाशा<br>११. यी व्यथा-गाथाहरू<br>१२. शुभकामना संघर्षकारी महिलाहरूलाई |

# सन्दर्भ सामग्री सूची


**क) पुस्तक**

अधिकारी, राजेन्द्रप्रसाद (२०५१), *आधी आकाशभित्रकी परिजात,* **पारिजात स्मृति ग्रन्थ**, काठमाडौँ : पारिजात स्मृति केन्द्र ।

कार्की, डिसन (२०६५), **माधव पोखरेलको निबन्धकारिताको अध्ययन**, अप्रकाशित शोधपत्र, रत्नराज्यलक्ष्मी क्याम्पस, प्रदर्शनीमार्ग ।

खरेल, रुद्र (२०५१), *आत्मकथा , संस्मरण र फुटकर निबन्धमा पारिजात,* **पारिजात स्मृति ग्रन्थ,** काठमाडौँ : पारिजात स्मृति केन्द्र ।

घिमिरे, कृष्णप्रसाद (२०६५), **पारिजातका नाटक** (प.सं.), ललितपुर : साझा प्रकाशन ।

घिमिरे, कृष्णप्रसाद र ज्ञवाली रामप्रसाद (२०५८), **आख्यानकार पारिजात**, काठमाडौँ : हजुरको प्रकाशन ।

चापागाईं, निनु र सङ्ग्रौला, खगेन्द्र (२०५१), **पारिजात स्मृति ग्रन्थ,** काठमाडौँ : पारिजात स्मृति केन्द्र ।

त्रिपाठी, वासुदेव (२०५१; १६५), **पारिजात : सङ्घर्ष, आत्मसङ्घर्ष र अनन्त सङ्घर्ष**, काठमाडौँ : पारिजात स्मृति केन्द्र ।

पारिजात, (२०४३), *धूपी सल्ला र लाली गुराँस फेदमा* (आत्मसंस्मरण भाग-१) काठमाडौँ : साहित्य सन्ध्या परिवार ।

————(२०५४), *पारिजातका सङ्कलित रचनाहरू,* ग्रन्थ ४-६ दक्षिण सिक्किम : निर्माण प्रकाशन, नाम्ची ।

पोखरेल, डी.आर.(२०६२), **पारिजातको साहित्यिक मूल्याङ्कन**', काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेशन ।

प्रधान, नयना (२०३८), **पारिजात जीवनी, व्यक्तित्व र कृतित्वको सङ्क्षिप्त अध्ययन**, अप्रकाशित शोधपत्र, काठमाडौँ, त्रि.वि.वि. ।

प्रसाईं, नरेन्द्रराज (२०५७), **पारिजातको जीवनकथा**, काठमाडौँ : एकता प्रकाशन ।

भट्ट, आनन्ददेव (२०४८), **व्यावहारिक समालोचना**, काठमाडौँ : भारद्वाज प्रकाशन, ।

भट्टराई, राजन (२०६१), **पारिजातका उपन्यासहरूमा अभिव्यक्त विसङ्गतिवादी अस्तित्ववादी चिन्तन**, अप्रकाशित शोधपत्र, काठमाडौं : रत्नराज्यलक्ष्मी क्याम्पस ।

रेग्मी, चूडामणि (२०५०), (सम्पा.) **पारिजात, परिचय र मूल्याङ्कन**, झापा : जूही प्रकाशन ।

रोका, रमेशचन्द्र (२०४०), **पारिजातका अन्य विधाको विश्लेषणात्मक अध्ययन**, अप्रकाशित शोधपत्र, त्रि.वि., काठमाडौं ।

वेदव्यास (२००५), **श्रीमद्भगवत्गीता (अध्याय २ : ४७)**, एकसौ एकतालिसवाँ पुनमुर्दण, गोरखपुर : गीताप्रेस ।

शर्मा, मोहनराज र श्रेष्ठ, दयाराम (२०४९), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास** (चौ.सं.) ललितपुर : साझा प्रकाशन ।

सिंह, मोहनविक्रम (२०५१), **पारिजात : केही संस्मरण केही मूल्याङ्कन,** काठमाडौ : पारिजात स्मृति केन्द्र ।

सिवाकोटी, शेषराज (२०५०), *ज्ञानगुनका कुरा,* **पारिजात स्मृति** (अङ्क-१), काठमाडौँ : ज्ञानगुन-प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०५३), **स्नातकोत्तर नेपाली निबन्ध भाग-३**, काठमाडौँ : पाठ्यसामग्री प्रकाशन ।

**ख) पत्रपत्रिका**

एटम, नेत्र (२०५९), *समकालीन नेपाली कथा : परिवेश र प्रकृति,* **समकालीन साहित्य**, वर्ष - २२, अङ्क-३, पूर्णाङ्क-४५, वैशाख-जेठ-असार, पृ. १३०- १४३ ।

के.सी., राजकुमार (२०४९/०५०), *पारिजात ; एउटा सिङ्गो आकाश,* **जनमत**, अङ्क ३-९, पूर्णाङ्क ६८-७१, चैत्र - असार अङ्क, पृ. ७१ - ७२) ।

ज्ञवाली, रामप्रसाद (२०५४), *पारिजातको सृजनकारिताको अध्ययन,* सङ्क्षिप्त विश्लेषण तथा मूल्याङ्कन' **जम्को**, अङ्क-२, मासिक, पृ. ४३ - ४४ ।

भट्ट, आनन्ददेव (डा.) (२०५९), *प्रगतिवादी साहित्यलाई नारावादी भनेर तिरस्कार गर्ने प्रवृत्तिमा पनि दुराग्रह लुकेको हुन्छ,* **मधुपर्क**, वर्ष ३५, अङ्क ११, पूर्णाङ्क - ४०६, पृ. ८० - ८५ ।